# अध्याय : एक

# शोध परिचय

## १.१ पृष्ठभूमि

भाषा विचार विनिमयको लागि प्रयोग गरिने ध्वन्यात्मक माध्यम हो । मानवीय विचार विनिमयका निम्ति प्रयोगमा ल्याइने जीवन्त र प्रभावकारी वस्तु नै भाषा हो । भाषा प्रत्येक समाज तथा संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्ने उपाय पनि हो । भाषाको अध्ययन र विश्लेषण वैज्ञानिक ढङ्गले गर्नुलाई भाषाविज्ञान भनिन्छ । भाषाको अध्ययन सैद्धान्तिक र प्रायोगिक गरी दुई प्रकारले गर्न सकिन्छ । भाषाको सैद्धान्तिक पक्षको अध्ययन विश्लेषण गर्नेलाई सैद्धान्तिक अध्ययन भनिन्छ भने व्यावहारिक प्रयोजनलाई ध्यानमा राखेर भाषाको अध्ययन विश्लेषण गर्ने भाषाविज्ञानको शाखालाई प्रायोगिक भाषाविज्ञान भनिन्छ । सिङ्गो भाषिक अभिव्यक्तिको रूपमा रहने भाषिक एकाइको भाषा वैज्ञानिक तवरले अध्ययन गर्ने प्रायोगिक भाषाविज्ञानको नवीनतम् शाखाको अभ्युदय भएको सिद्धान्त नै सङ्कथन विश्लेषण हो ।

सन् १९६० को दशकमा भाषिक अध्ययनको क्षेत्रमा सङ्कथन विश्लेषण विकसित भएको हो । वाक्यभन्दा माथिल्लो भाषिक एकाइलाई सङ्कथन भनिन्छ । यसलाई पूर्ण एवम् सिङ्गो अभिव्यक्तिका रूपमा लिइन्छ । सङ्कथनलाई मूलतः कथ्य र लेख्य गरी दुई भागमा विभाजन गरेर अध्ययन विश्लेषण गर्न सकिन्छ । कथ्य सङ्कथन अर्न्तगत कुराकानी, संवाद, भाषण, गाली, छलफल, अर्न्तवार्ता, वादविवाद, कथाकथन, प्रवचन आदि पर्दछन् भने लेख्य सङ्कथन अर्न्तगत चिठी पत्र, कथा, कविता नाटक, उपन्यास, निबन्ध, नियात्रा, प्रतिवेदन, विज्ञापन, सूचना, मञ्जुरीनामा आदि पर्दछन् । त्यसैगरी विभिन्न ट्राफिक नियम, निषेध, निर्देशन, मित्रता आदि सम्बन्धी सङ्केत तथा साङ्केतिक सङ्कथन अर्न्तगत पर्दछ । वस्तुतः कथ्य र लेख्य सङ्कथनमा के कस्ता सङ्कथनात्मक युक्तिहरू प्रयोग भएका छन् भनी वस्तुपरक ढङ्गले अध्ययन विश्लेषण गर्ने प्रक्रिया नै सङ्कथन विश्लेषण हो ।

सङ्कथनमा भाषिक ध्वनिहरू वर्णमा, वर्णहरू अक्षरमा, अक्षरहरू रूपमा, रूपहरू पदावलीमा, पदावलीहरू उपवाक्य र वाक्यमा तथा वाक्यहरू सङ्कथनमा उनिएका हुन्छन् ।

सङ्कथन विश्लेषणको प्रारम्भिक अध्ययन कथ्य भाषाबाट भए पनि पछि भाषाको विभिन्न स्वरूपहरूको अध्ययनमा समेत फैलिएको छ । अर्थपूर्ण र सन्दर्भपूर्ण अभिव्यक्ति नै सङ्कथनको मुख्य पहिचान भएकोले नै मानवीय सामाजिक अन्तर्क्रिया, अनुभवको समग्र स्वरूप यसको अध्ययन विश्लेषणको महत्त्व मान्नु स्वाभाविक मानिन्छ । त्यसैले वर्तमान सन्दर्भमा विभिन्न कथा, निबन्ध, नाटक, रूपक आदिलाई सङ्कथन विश्लेषण गर्नुपर्ने महत्त्वपूर्ण र अपरिहार्य विषयको रूपमा स्वीकारिएको पाइन्छ । सङ्कथन विश्लेषण कथ्य र लेख्यबाट गर्न सकिन्छ । लेख्य सङ्कथनको तुलनामा कथ्य सङ्कथनको विश्लेषण गर्न केही सहज हुन्छ । कथ्य सङ्कथनमा संवाद, कुराकानी, छलफल, परिचय, वादविवाद, मौखिक वर्णन, कथाकथन, भाषण, आदेश-निर्देशन, प्रशंसा सान्त्वना आदि अनेकौं र सबै प्रकारका सानाठूला अभिव्यक्तिहरू पर्दछन् । लेख्य सङ्कथनमा कथा, कविता, निबन्ध, नाटक, दैनिकी, निवेदन, सूचना, विज्ञापन, निमन्त्रणा, प्रतिवेदन उजुरी आदि विभिन्न विधाहरू पर्दछन् । कुनै खास सन्दर्भमा व्यक्तिएका कथ्य वा लेख्य आकारको अध्ययन विश्लेषणलाई सङ्कथन भनिन्छ । परम्परागत धारणामा कथ्य अभिव्यक्तिलाई मात्र सङ्कथनको रूपमा लिइन्थो भने वर्तमान समयमा लेख्य अभिव्यक्तिलाई पनि सङ्कथन मानिएको छ ।

भाषामा विचार र भावनाहरूको प्रतिनिधित्व सङ्कथनकै माध्यमबाट हुने गर्दछ । वक्ता र स्रोता वा लेखक र पाठक बिचमा आपसी सम्बन्ध, सञ्जाल तथा वैचारिक समन्वय, परिवेश, भाषिक सङ्केत, माध्यम, शीर्षक वा विषयजस्ता तŒवहरू अन्तर्निहित बनाउन सङ्कथनको महत्त्वपूण भूमिका रहेको हुन्छ । साहित्य, सङ्गीत, छलफल, हाँसो मजाग र मनोरञ्जनदेखि लिएर ज्ञान, दर्शन, उपदेश, समर्थन, जानकारी, सूचना, चेतना, संवाद, वेदना आदि यावत् पक्षका आदान प्रदान र अन्तर्क्रियात्मक समग्रता सङ्कथनमा प्रतिबिम्बित भएर आएका हुन्छन् । भाषिक कथन बोधगम्य, प्रासङ्गिक र अनुक्रमिक भएको खण्डमा मात्र व्यक्त भाव बुझिने र त्यसले सङ्कथनको दर्जा पाउने हुन्छ । भाव वा विचारको पूर्ण वा सिङ्गो कथन मानिने सङ्कथन विश्लेषणमा सङ्कथनको संरचनात्मक तथा अर्थपरक अध्ययन हुन्छ । यसको संरचनापरक अध्ययनमा शब्द, वाक्य, अनुच्छेद, परिच्छेद आदिको चयन हेरिन्छ भने अर्थपरक अध्ययनमा संरचक घटकले दिने अर्थ सिलसिलाबद्ध रूपमा आएनआएको र सन्दर्भपरक भएनभएको विश्लेषण गरिन्छ ।

प्रस्तुत अध्ययन कक्षा नौको अनिवार्य नेपाली पाठ्यपुस्तकमा रहेको रूपक विधाको सङ्कथन विश्लेषणसँग सम्बन्धित छ । एउटा सिङ्गो पाठ वा रचना विशेषको अध्ययनलाई आधार बनाएर गरिने विश्लेषणात्मक वा वैज्ञानिक पद्धति नै सङ्कथन विश्लेषण हो । सङ्कथन विश्लेषण विभिन्न साहित्यिक विधाहरूमा भइसकेको र रूपक विधामा अहिलेसम्म पनि शोधपत्रमा अध्ययन नगरिएकोले  प्रस्तुत विषयमा अध्ययन कार्यको थालनी गर्नु आवश्यक देखिन्छ । प्रस्तुत अध्ययन विशेषत : कक्षा नौको पाठ्यपुस्तकमा रहेको रूपक विधा अन्तर्गत पर्ने 'मानव वेचविखनविरुद्ध हाम्रो दायित्व' वक्तृतामा प्रयुक्त सम्बद्धक र सम्बद्धन पक्षमा कन्द्रित रहेर अध्ययन विश्लेषण गरिएको छ ।

## १.२ समस्या कथन

शोध कार्यको लागि छानिने कुनै पनि अनुसन्धेय विषय वा शीर्षकलाई उक्त शोधको समस्याका रूपमा लिइन्छ । शोधकार्य गर्दा सर्वप्रथम त्यस शोधकार्यको शीर्षक आफैंमा समस्याको रूपमा रहेको हुन्छ भने त्यसपछि त्यही शोध विषयभित्र विशिष्ट प्रकृतिका समस्याहरू रहने गर्दछन् । उपयुक्त समस्याको पहिचान गरेर मात्र शोधकार्यलाई सहज रूपमा अगाडि बढाउन सकिने हुँदा शोध समस्या पहिल्याउन सक्नु शोधकार्यको महत्त्वपूर्ण पक्ष हो ।

प्रस्तुत अध्ययनको मुख्य समस्या प्रायोगिक भाषाविज्ञानको एक नवीन शाखा सङ्कथन विश्लेषणसँग सम्बन्धित रहेको छ । यसले भाषाको प्रयोगलाई विस्तार गर्ने भएकोले यसलाई अनुसन्धानमा सबैभन्दा जटिल र गम्भीर कार्यको रूपमा लिइन्छ । अनुसन्धानको लागि प्रस्तुत गरिएको कुनै पनि खोज, अनुसन्धेय विषयवस्तुलाई नै समस्या कथन भनिन्छ । अनुसन्धान आफैंमा एउटा समस्याको पोको हो । त्यही समस्याको पोकोबाट उपयुक्त समस्याको पहिचान गर्न सकेमा मात्र अनुसन्धान कार्यलाई निश्चित गन्तव्यमा पुऱ्याउन सकिन्छ ।

अनुसन्धानमा छनोट गरिएको अनसन्धेय विषयवस्तुलाई नै समस्याको रूपमा प्रस्तुत गरिन्छ । सङ्कथन विश्लेषणको लागि सैद्धान्तिक आधार प्रस्तुत गर्दै कक्षा नौको अनिवार्य नेपाली पाठ्यपुस्तकमा रहेको रूपक विधाको सङ्कथन विश्लेषण गर्नु यस शोधपत्रको मूल

समस्या रहेको छ । यस मूल समस्यालाई आधार बनाएर अन्य समस्याहरू यस प्रकार उल्लेख गरिएका छन् :-

(क) कक्षा नौको नेपाली पाठ्यपुस्तकको रूपक विधामा के कस्ता सम्बद्धक रहेका छन् ?

(ख) कक्षा नौको नेपाली पाठ्यपुस्तकको रूपक विधामा के कस्ता सम्बद्धन रहेका छन् ?

## १.३ शोधकार्यको उद्देश्य

शोधकार्यको उद्देश्य मुख्य समस्याहरूको सत्य तथ्य पत्ता लगाएर ती समस्यालाई ठोस र प्रमाणिक रूपमा समाधान गर्नु हो । शोध शीर्षक अध्ययनको समस्या र उद्देश्यमा निकट रहेको हुन्छ । शोध समस्या शीर्षकमा केन्द्रित हुन्छ भने उद्देश्य समस्यामा केन्द्रित हुन्छ । त्यसैले शोधकार्यको उद्देश्य समस्यामा आधारित हुने भएकाले त्यसैका आधारमा उद्देश्य निर्धारण गरिन्छ । बिना उद्देश्य कुनै पनि कार्यको समस्या समाधान हुन सक्दैन तसर्थ कुनै पनि कार्यको प्रारम्भ गर्नु पूर्व उद्देश्यहरूको चयन गर्नु सार्न्दभिक हुन्छ । उद्देश्य शोध कार्यको केन्द्रविन्दु हो । उद्देश्यहरू सरल, सहज, स्पष्ट, विशिष्ट, व्यावहारिक, मापनीय र सम्पूर्ण शोधकार्यको प्रतिबिम्ब झल्कने खालको हुनुपर्छ । प्रस्तुत शोधपत्रका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) कक्षा नौको नेपाली पाठ्यपुस्तमा रहेको रूपक विधामा प्रयुक्त सम्बद्धकको पहिचान गरी विश्लेषण गर्नु,

(ख) कक्षा नौको नेपाली पाठ्यपुस्तमा रहेको रूपक विधामा प्रयुक्त सम्बद्धनको पहिचान गरी विश्लेषण गर्नु ।

## १.४ शोधको औचित्य

सङ्कथन विश्लेषण प्रायोगिक भाषाविज्ञानका विविध शाखा मध्ये एक नवीन शाखा हो । यसमा भाषा प्रयोगका क्षेत्रमा देखिने अनियमितता र नियमितताको अध्ययन गहन रूपले गरिन्छ । अभिव्यक्ति सम्प्रेषणको लागि सङ्कथनका युक्तिहरूको उपयुक्त किसिमले प्रयोग गरेको हुनुपर्दछ । सुरूमा संवाद विश्लेषणका रूपमा चिनिने सङ्कथन विश्लेषण हाल

आएर पाठ विश्लेषण व्याख्यान विश्लेषणका रूपमा उपयोग हुन थालेको छ । यस अध्ययन सङ्कथन विश्लेषणको उपर्युक्त सैद्धान्तिक आधार तयार पार्दै उक्त आधारमा कक्षा नौको नेपाली पाठ्यपुस्तकमा रहेको रूपक विधाको सङ्कथन विश्लेषण गरिएको छ ।

कुनै पनि कथन वा घटनालाई बुझ्नका लागि त्यसको सन्दर्भ, प्रसङ्ग र परिवेशलाई बुझ्नु पर्दछ । जुन कुरा सङ्कथनका युक्तिहरूबाट मात्र प्रकटित हुन्छन् । सङ्कथनमा एउटै सम्बद्धक विभिन्न भूमिकामा प्रयोग हुन सक्छन् । अतः एउटै सम्बद्धकले कस्तो कस्तो सन्दर्भमा के कस्तो भूमिकामा आएर विचारको शृङ्खलालाई निरन्तरता दिन र टुङ्गोमा पुऱ्याउनका लागि सम्बद्धकको भूमिका रहन्छ । पाठको प्रकृति अनुसार वक्ता र बोद्धाको परिवेश सापेक्ष सम्बद्धकको चयन गर्न मद्दत पुग्ने हुँदा पनि यस अध्ययनको औचित्य थप स्पष्ट हुन्छ ।

एउटा पूर्ण कथनका लागि के कस्ता सम्बद्धनहरूको चयन गरिएको छ ? आवश्यक पुनरावृत्तिको कारणले कथनलाई प्रभावहीन तुल्याएको छ कि भन्ने छुट्याउनका लागि पनि यस अध्ययन औचित्यपूर्ण देखिन्छ । साथै प्रस्तुत अध्ययनमा प्रयुक्त कथनघटनाको आरम्भ, विकास र अन्त्यमा के कस्ता सम्बद्धनको प्रयोग भएको छ भन्ने कुरा पहिल्याउनु पनि यसको औचित्य रहेको छ ।

प्रस्तुत अनुसन्धानबाट सम्बन्धित रूपक विधा सम्बद्धक र सम्बद्धनका दृष्टिले के कति उपयुक्त छ भन्ने कुराको जानकारी पाउन सकिन्छ । यस अध्ययनले रूपक विधाका लेखहरूमा सम्बद्धक र सम्बद्धनका दृष्टिले के कति मात्रामा औचित्यपूर्ण छन् भन्ने पक्षमा गहन अध्ययन गरी आवश्यक सहयोग मिल्नेछ । यसबाट भाषा शिक्षण लगायत भाषा पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक लेखक, भाषा अनुसन्धानकर्ता, शिक्षक विद्यार्थी, भाषा विज्ञानको क्षेत्रमा चासो राख्ने व्यक्तित्वहरूलाई समेत सहयोग पुऱ्याउने हुँदा अध्ययन औचित्यपूण रहेको छ ।

## १.५ अध्ययनको सीमाङ्कन

कुनै पनि अनुसन्धान कार्यको आरम्भ गर्दा आफूले शोध गर्न चाहेको विषयमा के कति अध्ययन, खोज र अनुसन्धान कार्य गर्ने र के कति नगर्ने हो भन्ने कुराको निर्धारणलाई

अध्ययनको सीमाङ्कन भनिन्छ । अध्ययनको सीमाङ्कनले अनुसन्धानकर्तालाई निश्चित दिशामा अगाडि बढ्न सहयोग पुऱ्याउँदछ । प्रस्तुत शोधलाई लक्षित गन्तव्यसम्म पुऱ्याई उद्देश्य हासिल गर्नका लागि निम्न लिखित बुँदाहरूमा सीमाङ्कन गरिएको छ :-

(क) प्रस्तुत अध्ययन प्रायोगिक भाषाविज्ञानका विभिन्न शाखामध्ये सङ्कथन विश्लेषणमा मात्र केन्द्रित रहेको छ ।

(ख) प्रस्तुत अध्ययन कक्षा नौको नेपाली पाठ्यपुस्तकमा रहेको रूपक विधा अन्तर्गत 'मानव वेचविखन विरुद्ध हाम्रो दायित्व' वक्तृताको सङ्कथन विश्लेषणमा मात्र केन्द्रित रहेको छ ।

(ग) प्रस्तुत अध्ययन उक्त वक्तृतामा प्रयुक्त सम्बद्धक र सम्बद्धनमा आधारित सङ्कथन विश्लेषणमा मात्र केन्द्रित रहेर तयार पारिएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

अध्याय एक : शोधको परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तिन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : व्याख्या र विश्लेषण

अध्याय पाँच : व्याख्या र विश्लेषण

अध्याय छ : सारांश निष्कर्ष र उपयोगिता

सन्दर्भ सामग्री

परिशिष्ट

व्यक्तिवृत्त

## अध्यायः दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

कुनै पनि कार्य गर्नुपूर्व सम्बन्धित क्षेत्रमा भएका कार्यहरूको बारेमा अध्ययन गर्नु नितान्त आवश्यक छ । अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा त्यस अघि सम्पन्न गरिएका कार्यहरू (पुस्तक, पत्रपत्रिका, लेख, शोध, प्रबन्ध, प्रतिवेदन आदि) को व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो ( बन्धु,२०६५: २८) । अध्ययन अनुसन्धान र विश्लेषण गर्नु भन्दा पहिले यस सम्वन्धी पुस्तक, शोधपत्र, पत्रपत्रिका आदिको अध्ययन गर्नु आवश्यक छ । अनुसन्धानका क्रममा सम्वन्धित विषयका बारेमा त्यस अघि सम्पन्न गरिएका कार्यको व्यवस्थित रूपले अध्ययन गरी ती सबै कार्यको समीक्षा गरिनु पर्छ यो नै पूर्वकार्यको समीक्षा हो । तसर्थ पूर्वकार्यको अध्ययन पछि मात्र आफ्नो कार्यको बारेमा पहिचान गर्न सकिन्छ ।

सर्वप्रथम जेलिङ ह्यारिसले सन् १९५२ मा सङ्कथन विश्लेषणको प्रयोग गरेका हुन् । उनले वाक्यभन्दा माथिल्लो भाषिक एकाइमा व्याकरण हुन्छ भन्ने कुरा व्यक्त गरेपछि अन्य विद्वान्हरूमा ब्राउन गिलियन र जर्ज युल (१९८३), च्यापम्यान (१९८७), गाइ कुक ( १९८९), म्याकार्थी, माइकेल (१९९१), डेविड नुनान (१९९३) लगायतले सङ्कथन विश्लेषणका बारेमा अध्ययन अनुसन्धान गरेको देखिन्छ । सङ्कथन विश्लेषणसम्बन्धी अध्ययनहरू अङ्ग्रेजी भाषामा निकै अघिदेखि भएको पाइए पनि नेपाली भाषाको सन्दर्भमा भन्नुपर्दा सामप्रसाद गौतमद्वारा तयार पारिएको ‘चिलाउने चौरमा पलाएको मृगतृष्णा’ निबन्धको सङ्कथनात्मक विश्लेषणलाई पहिलो अध्ययनको रूपमा लिन सकिन्छ । यसपछि क्रमिक रूपमा सङ्कथन विश्लेषणसँग सम्बन्धित थुप्रै अध्ययन अनुसन्धान भैसकेका छन् ।

सङ्कथन विश्लेषणसँग सम्बन्धि यस अघिका सङ्कथन विश्लेषण सम्बन्धी पुस्तक, शोधपत्र र लेखहरूलाई समेत पूर्वकार्यको समीक्षाको रूपमा लिइएको छ । पूर्वकार्यको समीक्षाले शोधार्थीलाई समस्याको विशष्टिकरण गर्न, सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न, अवधारणा स्पष्ट पारी परिभाषीकरण गर्न, प्राक्कल्पना निर्माण गर्न, पुनरावृत्तिका

सम्भावनालाई हटाउन, सम्भावित त्रुटिहरूबाट जोगिन, नयाँ एवम् उपयुक्त प्रविधि अपनाउन, समस्याको चुरो पत्ता लगाउन, समस्याको औचित्य पत्ता लगाई स्थापित गर्न, विश्लेषणको आधार खोज्न, शोधको आवश्यकता बोध गराउन सहयोग पुऱ्याई गहनतम अन्वेषणको मार्ग पहिल्याउन सूचित गराउँदछ ।

वाक्यभन्दा माथिल्लो भाषिक एकाइको रूपमा रहेको सङ्कथन विश्लेषणको विगतदेखि वर्तमानसम्म विभिन्न विद्धान् अनुसन्धातारूले थुप्रै अनुसन्धान गरेको भेटिन्छन् । यस विषयसँग सम्बन्धित भएर गरिएका केही महत्त्वपूर्ण पुस्तक तथा शोधपत्रका अध्ययनहरूलाई निम्न अनुसार प्रस्तुत गरिन्छ :

## २.१.१ पुस्तक समीक्षा

अहिलेसम्म धेरै विद्धान्‌हरूले थुपै पुस्तकहरूमा सङ्कथन विश्लेषण सम्बन्धी चर्चा परिचर्चा गरेका छन् । पाठमा सङ्कथनको भूमिका यसको प्रयोगको सन्दर्भबारे व्याख्या विश्लेषण गरिएको पाइन्छ । केही पुस्तकहरूको समीक्षा यस प्रकार छन् :-

लम्साल र अन्य (२०६०) द्वारा *प्रायोगिक भाषाविज्ञान* पुस्तक प्रकाशन गरिएको छ, जसमा सङ्कथन विश्लेषणको सैद्धान्तिक चर्चा गरिएको छ । यसमा लिखित र मौखिक दुईवटै भाषामा सङ्कथन हुन सक्ने कुराको उठान गरिएको छ । उक्त पुस्तकमा लिखित र मौखिक भाषाका वाक्यहरूले के कसरी अनुच्छेद, संवाद, अर्न्तवार्ता आदिजस्ता बृहत्तर सार्थक भाषिक एकाइ निर्माण गर्दछन् भन्ने सन्दर्भलाई प्रस्तुत गर्न खोजिएको छ । उक्त पुस्तकमा सम्बद्धक र सम्बद्धनका प्रकार (कथ्य र लेख्य), भाषा शिक्षणमा सङ्कथन विश्लेषणको उपयोगिता, सङ्कथन विश्लेषणका पद्धति (अधोगमन र ऊर्ध्वगमन) आदिको चर्चा गरिएको छ । तसर्थ उक्त पूर्वकार्य प्रस्तुत शोधपत्रको सैद्धान्तिक रूपरेखा तयार गर्न सहयोगी भएको छ ।

भट्टराई (२०६२) द्वारा नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरबाट प्रकाशित हुने वार्षिक पत्रिका *सम्प्रेषण अङ्क -२* मा 'सङ्कथन विश्लेषण : एक परिचय' भन्ने लेखमा सङ्कथनबारे प्रकाश पारिएको छ । प्रमुख रूपमा सैद्धातिक अध्ययनमा जोड दिइएको उक्त लेखमा धेरै वाक्यहरूले बनेको विधा नै सङ्कथन हो, जसलाई विचारका आधारमा जोडेर

बुझ्न वा अर्थ लगाउन सकिन्छ भनिएको छ । ह्यालिडेले वर्गीकरण गरेको सम्बद्धकका प्रकार र सिङ्म्लेयरले प्रस्तुत गरेको संवादमा पाँच तहको परिचय दिइएको छ । त्यसै कारण यस लेखलाई प्रस्तुत शोधपत्रको सहयोगी सामग्रीको रूपमा लिइएको छ ।

भट्टराई (२०६५) द्वारा नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरबाट प्रकाशित हुने वार्षिक पत्रिका *सम्प्रेषण अङ्क -५* सङ्कथन विश्लेषणका प्रारम्भिक आधार शीर्षकको लेखमा सङ्कथन विश्लेषणलाई भाषाको प्रकार्यात्मक पक्षको रूपमा चिनाइएको छ र सङ्कथन विश्लेषण व्याकरणिक पक्ष होइन भनिएको छ । त्यसै गरी उक्त लेखमा पाठका प्रकार, वाक्य, व्याकरण र सङ्कथनमा रहेका भिन्नता औंल्याउदै पाठ र सङ्कथनमा सन्दर्भको प्रकृति र महत्त्व आदिका बारेमा चर्चा गरिएको छ । उक्त लेखले प्रस्तुत शोधपत्रको सैद्धान्तिक आधार तयार पार्दै पाठ र सङ्कथनमा सन्दर्भको महत्त्व दर्शाउन मद्दत गरेको छ ।

अधिकारी (२०६७) द्वारा *सामाजिक र प्रायोगिक भाषाविज्ञान* पुस्तकमा सङ्कथन विश्लेषणको परिधिय, विकासक्रम, महत्त्व, प्रकार, युक्तिहरू तथा तत्त्वहरू जस्ता पक्षहरूको उल्लेख गरिएको छ । उक्त पुस्तकमा सङ्कथन विश्लेषणसँग सम्बन्धि प्राप्त सैद्धान्तिक ज्ञानलाई भाषिका पाठका विविध विधा र विषय क्षेत्रमा कसरी उपयोग गर्न सकिन्छ र तिनमा के कस्ता प्रविधि र प्रक्रियाहरू आवश्यक हुन्छन् भन्ने कुराको व्यापक चर्चा गरिएको छ । यो पूर्वकार्य सङ्कथनको सैद्धान्तिक पक्षमा केन्द्रित छ । साथै सङ्कथनका युक्तिहरू सम्बद्धक र सम्बद्धनको परिचय दिई तिनका प्रकारको उल्लेख गर्दै भाषा शिक्षणमा यसको महत्त्व उल्लेख गरिएको छ । प्रस्तुत पूर्वअध्ययनले प्रस्तुत शोधपत्रको सैद्धान्तिक आधार पहिचान गरी त्यसै अनुरूप शोधपत्र अगाडि बढाउन सहयोग पुऱ्याएको छ ।

गौतम (२०६८), द्वारा *'रत्न वृहत नेपाली समालोचना'* पुस्तकमा 'सङ्कथन विश्लेषण' शीर्षकको लेखमा सङ्कथन विश्लेषण त्यस्तो अभिव्यक्ति हो, जुन एक सार वा वाक्यमा रूपमा रहन सक्ने कुरा उल्लेख गरिएको छ । साथै उक्त लेखमा सङ्कथन विश्लेषणमा कथ्य भाषा, साङ्केतिक भाषा तथा लेख्य भाषामा भएका अभिव्यक्तिहरूको अध्ययन हुन्छ र कथ्य, लेख्य र साङ्केतिक रूपमा प्रयोग हुने प्रयुक्तिहरूको समायोजन सङ्कथन विश्लेषणमा कसरी हुन्छ र भएको छ त्यसको बारेमा अध्ययन गरिएको छ । उक्त लेखमा सङ्कथनको क्षेत्र, पाठ, ध्वनि, संसक्ति, शब्दको प्रतिज्ञप्ति र अप्रतिज्ञप्ति, संयोजी

शब्द, वाक्य, असमापक उपवाक्य र अनुच्छेद आदिको अध्ययन गरी उदाहरण समेत प्रस्तुत गर्दै सङ्कथनको  विश्लेषण गरिएको छ। प्रस्तुत शोधकार्यको लागि उक्त लेखले कथ्य, लेख्य र साङ्केतिक आधारमा सङ्कथन विश्लेषण गर्न सहयोग गरेको छ।

भण्डारी र अन्य (२०६८) द्वारा *'प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम'* पुस्तक तयार पारिएको छ। उक्त पुस्तकमा सङ्कथन विश्लेषणको परिचय सहित विभिन्न विद्वान्का परिभाषाहरू समेत उल्लेख गरिएको छ । सैद्धान्तिक अवधारणा दिने क्रममा रिचर्डस र अन्यले सङ्कथनको बारेमा उत्पादन र प्रक्रिया  गरी दुई किसिमका अवधारणा रहेको कुरा उल्लेख गरिएको छ। उक्त पुस्तकमा सङ्कथन विश्लेषणको विकास क्रममा प्रतीक विज्ञान, प्रकरणार्थ विज्ञान, आदिले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको कुरा उल्लेख गरिएको छ। त्यस्तै उक्त पुस्तकमा कथ्य र लेख्य पाठको पनि उल्लेख गरिएको छ । सम्बद्धक र सम्बद्धनको भूमिका चर्चा गर्ने क्रममा सम्बद्धकले उत्तेजना अनुसारको प्रतिक्रिया दिने, स्पष्टीकरण दिने, तुलना गर्न आउने, घटाउने एवम् एक अर्काको अनुक्रम मिलाउने जस्ता कुरामा भूमिका खेल्ने कुरा उल्लेख गरिएको छ । त्यस्तै सम्बद्धनलाई चिनाउने क्रममा अभिव्यक्तिको अर्थगत र वैचारिक सिलसिला जोड्ने अन्तःसूत्र, भाषिक घटनाको कार्यको सम्बन्ध जनाउने, अभिव्यक्तिको आन्तरिक र परिवेशीय पक्षलाई समेत जनाउने, स्थानिक र कालिक अनुक्रम एवम् विशेष सामान्य - सामान्य विशेष सम्बन्धगत जस्ता पक्षहरूलाई समेटेको कुरा बताइएको छ। यसमा अभिव्यक्तिले समानता, भिन्नता, तार्किकता, पुष्टिकरण आदिको सम्बन्ध समेत रहेको कुरा उल्लेख गरिएको छ । उक्त पुस्तकमा वक्ता/प्रस्तोता/लेखक, बोद्धा/स्रोता /पाठक, मार्ग, सूचनाको  स्वरूप, शीर्षक वा विषय, कोड र परिवेश जस्ता पक्षहरू पनि समेटिएको छ। यस पूर्वकार्यले प्रस्तुत शोधको सम्बद्धक र सम्बद्धनको पहिचानमा सहयोग गरेको छ।

घिमिरे (२०६९), द्वारा *'सङ्कथन विश्लेषण : परिचय र प्रयोग'* पुस्तकमा सङ्कथन विश्लेषणलाई व्यापक रुपका चिनाइएको छ। उक्त पुस्तकले वर्तमान सङ्कथन विश्लेषणको प्रयोग भाषिक परिप्रेक्षमा नभई अभाषिक र अन्तरभाषिक शास्त्रीय परिप्रेक्षमा समेत हुने कुरा उल्लेख गरिएको छ। त्यस्तै सङ्कथन विश्लेषणलाई प्रकार्यपरक व्याकरण, वाक्कार्य, समाज भाषा, वैज्ञानिक विश्लेषण, कुराकानी, विश्लेषण, आख्यान विश्लेषण आदि विभिन्न पक्षसँग जोडेर चिनाइएको छ । साथै उक्त पुस्तकमा कथ्य र लेख्य सङ्कथनको चर्चा गर्दै तिनका

युक्तिहरू सम्बद्धक र सम्बद्धनको उदाहरण सहित विस्तृत चर्चा गरिएको कारणले प्रस्तुत शोधको लागि सङ्कथन विश्लेषणका आधार तयार गर्न सहयोग गरेको छ ।

पौडेल (२०६९) द्वारा *'प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू'* नामक पुस्तकमा सङ्कथनको परिचय, त्यसको सैद्धान्तिक अवधारणा, कथ्य र लेख्य सङ्कथन र त्यसका युक्तिहरू आदिको उल्लेख गरिएको छ । उक्त पुस्तकमा डि.बउग्रान्डे ड्रेस्लरका अनुसार सम्बद्धक, सम्बद्धन, अभिधामूलक, ग्राह्या, सूचनामूलकता, परिस्थितिमूलकता, पाठात्मकता, अर्न्तसम्बन्धता वा पाठान्तर गरी सङ्कथनका युक्तिहरू सात प्रकारका हुने कुरा उल्लेख गरिएको छ । उक्त सात युक्तिमध्ये सम्बद्धक र सम्बद्धनको भूमिका महत्त्वपूर्ण हुने कुरा उल्लेख गरिएको छ । त्यस्तै कथ्य सङ्कथन र लेख्य सङ्कथनको चर्चा गर्दै कथ्य र लेख्य सङ्कथनको अन्तर समेत यसमा उल्लेख गरिएको पाइन्छ । यसमा सम्बद्धकको भूमिकाको बारेमा चर्चा गरेता पनि सम्बद्धनका प्रकारहरू भने उल्लेख गरिका छैनन् तर सम्बद्धकको भने सार्वनामिक, स्थानिक, कालिक, संयोजक, पुनरावृत्ति र लोप अर्थ सम्बन्ध गरी छ ओटा प्रकारका उदाहरण सहित चर्चा गरिएको छ । उक्त पुस्तक सङ्कथनको सैद्धान्तिक अध्ययनमा नै केन्द्रित रहेको छ । यस पूर्वकार्यले पस्तुत शोधपत्रको सैद्धान्तिक अध्ययनमा सहयोग गरेको छ ।

भुसाल (२०६९), द्वारा नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरबाट प्रकाशित हुने वार्षिक पत्रिका *'सम्प्रेषण' अङ्क-७* मा सङ्कथन विश्लेषण: सम्बद्धक र सम्बद्धन शीर्षकको लेखमा सङ्कथन विश्लेषणलाई अभिव्यक्तिगत समग्रताको कार्यपरक अध्ययनसँग सम्बन्धित विषयहरूका रूपमा चिनाउँदै यसमा व्याकरणिक पक्षलाई नहेरी भाषिक प्रस्तुति र त्यसको प्रकार्यको विश्लेषण गरिने बताइएको छ । त्यसैगरी उक्त लेखमा सङ्कथन विश्लेषणका युक्तिका रूपमा सम्बद्धक र सम्बद्धनको व्यापक चर्चा गरिएको छ । सङ्कथन विश्लेषणका प्रमुख युक्तिहरू सम्बद्धक र सम्बद्धनका उदाहरण सहित विस्तृत रूपमा चिनाइएको हुनाले उक्त लेखको सहायताले प्रस्तुत शोधमा सम्बद्धक र सम्बद्धन छुट्याउन सहयोग गरेको छ ।

पौडेल र अन्य (२०७१) द्वारा *'सङ्कथन विश्लेषण : सिद्धान्त र प्रयोग'* पुस्तकमा सङ्कथन विश्लेषणको परिचय र यसको सैद्धान्तिक अवधारणालाई प्रयोग गर्ने तरिकाबारे विस्तृत व्याख्या विश्लेषण गरिएको छ । उक्त पुस्तकमा सङ्कथन विश्लेषणसँग सम्बन्धित प्राप्त सैद्धान्तिक ज्ञानलाई भाषिक पाठका विविध विधा र विषय क्षेत्रमा कसरी

उपयोग गर्न सकिन्छ र तिनमा के कस्ता प्रविधि र प्रक्रियाहरू आवश्यक हुन्छन् भन्ने कुराको व्यापक चर्चा गरिएको छ । उक्त पुस्तकले सङ्कथन विश्लेषणको सैद्धान्तिक पक्षको परिचय, महत्त्व, प्रकार, युक्ति र तत्त्वहरु उल्लेख गरी तिनको प्रयोग पक्षको बारेमा समेत थप जानकारी दिएको छ । यसै कारणले यस पुस्तकलाई प्रस्तुत शोधपत्रका लागि सहयोगी सामग्रीको रूपमा लिइएको छ ।

विभिन्न पुस्तकहरूको अध्ययन गर्दा सङ्कथन विश्लेषण सम्बन्धी सैद्धान्तिक आधारको बारेमा जानकारी प्राप्त भएको छ । स्वाभाविक रूपमा प्रस्तुत गरिएको भाषाको कुनै पनि किसिमको अभिव्यक्तिलाई सङ्कथन भनिन्छ । यसमा अभिव्यक्तिको प्रस्तुति क्रमबद्ध हुने गर्दछ । सङ्कथनमा वक्ताले वाक्यलाई कसरी संयोजन गरी सम्प्रेषण गरेको हुन्छ भन्ने कुराको अध्ययन गरिन्छ । सङ्कथन विश्लेषण प्रायोगिक भाषाविज्ञानको शाखामध्ये अपेक्षाकृत नवीन शाखा हो । यसमा भाषा प्रयोगका क्षेत्रमा देखिने नियमितता वा अनियमितताको पहिचान र वर्णन गरिन्छ । सङ्कथन विश्लेषणको आधारमा भाषिक पाठ वा अभिव्यक्तिको साङ्गठनिक प्रक्रिया पहिल्याउने वर्णनात्मक ढाँचा प्राप्त गर्न सकिन्छ । वास्तवमा सङ्कथन विश्लेषणले भाषाको विस्तारित रूपको अध्ययनलाई जनाउँछ । तसर्थ पूर्वकार्यको समीक्षाले प्रस्तुत शोधपत्रलाई वास्तविक बनाउन अतुलनीय सहयोग गरेको छ ।

### २.१.२ शोधपत्रको समीक्षा

जैसी (२०६४), द्वारा *'तीनघुम्ती' उपन्यासको सङ्कथन विश्लेषण* शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधकार्य पुस्तकालय विधिमा आधारित रहेर तीन घुम्ती उपन्यास भित्रको सङ्कथनका युक्तिहरूको पहिचान र वर्गीकरण गरेर शोधपत्र तयार पारिएको छ । उक्त शोधकार्यमा सङ्कथन कथ्य र लेख्य गरी दुई किसिमका हुने कुरा उल्लेख गरिएको छ । सामान्य गफगाफ, छलफल, आग्रह, जोक, ठट्टा, गाली आदि कथ्य सङ्कथनका उदाहरण हुन् भने गीत, गजल, चिठी, निमन्त्रणा, कथा, कविता, नाटक, उपन्यास खण्डकाव्य, महाकाव्य आदि लेख्य सङ्कथनका उदाहण हुन् भनी उल्लेख गरिएका छ । उक्त शोधपत्रमा कथन घटनालाई भाषिक एकाइमा उन्ने विषयवस्तुलाई शृङ्खलित बनाउने, एकीकृत गर्ने, अन्वितिपूर्ण रूपमा अघि बढाउने जस्ता पक्षहरूको अध्ययन गर्ने उद्देश्यहरूको चर्चा परिचर्चा गरिएको हुँदा शोधपत्रलाई अध्ययनको आधार बनाएर सङ्कथन विश्लेषण

गरी अध्ययन गर्न सजिलो हुने निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यले प्रस्तुत शोधमा प्रयुक्त सङ्कथनका युक्ति पहिचान गर्नको लागि सहयोग गरेको छ ।

आचार्य (२०६५), द्वारा *कक्षा दशको नेपाली किताबमा रहेका कथाहरूको सङ्कथन विश्लेषण* शीर्षकको शोधपत्र तयार पारिएको छ । उक्त अध्ययनमा सैद्धान्तिक आधार प्रस्तुत गर्नु, कक्षा दशका कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको विश्लेषण गर्ने जस्ता उद्देश्य राखिएको छ । सैद्धान्तिक आधार प्रस्तुत गर्ने क्रममा पुस्तकालय विधिको प्रयोग गरिएको छ । उक्त शोधपत्रमा कक्षा दशका कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको विश्लेषण गर्दा सार्वनामिक, स्थानिक र कालिक सम्बद्धकको अत्याधिक प्रयोग भएको त्यसै गरी अनुक्रमबोध, रीतिबोधक, तुलनात्मक, आर्थी विपर्याय जस्ता सम्बद्धनको धेरै प्रयोग भएको उल्लेख गरिएको छ । कतिपय अबस्थामा दुई वाक्यका बिचमा एकभन्दा बढी सम्बद्धनको उपस्थिति रहेको निष्कर्ष निकालिएको छ । त्यसैले उक्त शोधकार्यलाई अध्ययनको आधार बनाएर सम्बद्धक र सम्बद्धनको विश्लेषण गर्न सहयोग पुगेको छ ।

बस्नेत (२०६७), द्वारा *कक्षा नौको अनिवार्य पाठ्यपुस्तकमा रहेका कथाको सङ्कथनात्मक अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रमा कक्षा नौको अनिवार्य नेपाली विषयमा रहेका भविष्य निर्माण र खड्गबहादुर कथामा सङ्कथन विश्लेषण गरी त्यस भित्रका सम्बद्धक र सम्बद्धनको विषयमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधारहरूको पुनरावलोकन गर्नु, कक्षा नौको अनिवार्य नेपाली पाठ्यपुस्तकको कथामा प्रयुक्त सम्बद्धकहरूको पहिचान गर्नु, उक्त कथाहरूमा प्रयुक्त सम्बद्धनको स्थिति निरूपण गर्नु जस्ता उद्देश्य राखिएको छ । उक्त शोधपत्रमा वर्णनात्मक विधिलाई आधार बनाइएको छ । सम्बद्धकका दृष्टिले उपयुक्त रहेको भविष्यनिर्माण कथामा १६ प्रकार र खड्गबहादुर कथामा २० प्रकारका सम्बद्धनहरूको प्रयोग गरिएको निष्कर्ष निकालिएको छ । उक्त शोधपत्रको अध्ययनले प्रस्तुत शोधमा प्रयुक्त सम्बद्धक र सम्बद्धनको पहिचान गरी तिनको विश्लेषण गर्न मद्दत गरेको छ ।

ढकाल (२०६७) द्वारा *'मधेसतिर' कथाको सङ्कथन विश्लेषण* शीर्षकमा नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो बर्षको पाठ्यांशलाई पूरा गर्ने प्रयोजनार्थ शोधपत्र तयार गरिएको छ । उक्त शाधपत्रमा सम्बद्धक र सम्बद्धन पहिचान गरी तिनको स्थिति केलाउनु, सम्बद्धक र सम्बद्धनका दृष्टिले 'मधेसतिर' कथाको उपयुक्तता पहिचान गर्नु

जस्ता उद्देश्यको सङ्गठनात्मक स्वरूप शोधपत्र तयार भएको छ । उक्त शोधपत्रमा प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री संकलन गरी पाँच अध्यायमा शोधपत्र तयार गरेको पाइन्छ । सम्बद्धक र सम्बद्धनका दृष्टिले 'मधेसतिर' कथा उपयुक्त रहेको सङ्ख्यात्मक रूपमा सबैभन्दा बढी पुनरावृत्ति सम्बद्धकको प्रयोग भएको निष्कर्ष निकालिएको छ । सम्बद्धक र सम्बद्धनको पहिचान गरी तिनको स्थिति केलाउन उक्त शोधपत्रले प्रस्तुत शोधका लागि सहयोग पुगेको छ ।

भण्डारी (२०६८) द्वारा *'केही राष्ट्रिय रोग : एक अनुसन्धान' निबन्धको सङ्कथनात्मक विश्लेषण* शीर्षकमा शोधकार्य तयार गरिएको पाइन्छ । सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार तय गर्नु, उक्त निबन्धमा प्रयुक्त सुमबद्धक र सम्बद्धनको पहिचान गरी तिनको स्थिति केलाउनु, सम्बद्धक र सम्बद्धनका दृष्टिले प्रस्तुत निबन्धको उपयुक्तता केलाउनु जस्ता उद्देश्यहरू निर्धारण गरी शोधपत्र तयार गरेको पाइन्छ । उक्त शोधपत्रमा सङकथनात्मक दृष्टिले 'केही राष्ट्रिय रोग : एक अनुसन्धान' निबन्ध उपयुक्त रहेको स्पष्टोक्ति, परिचयात्मक, तुलनात्मक, रीतिबोधक, कारणकार्य, सम्बद्धनको प्रयोग अत्याधिक मात्रामा प्रयोग भएको तथा प्रभाव र प्रतिफलको सम्बन्ध, पुनरूक्ति सम्बन्ध, आर्थी विपर्यायको सम्बन्ध लगायतका सम्बन्धको प्रयोग अत्यन्त न्यून रहेको निष्कर्ष निकालिएको छ । सङ्कथन विश्लेषणको सैद्धान्तिक आधारलाई प्रयोग गरी सम्बद्धक र सम्बद्धनका दृष्टिले विश्लेषण गरी शोधपत्र तयार पारिएकोले उक्त शोधपत्रलाई अध्ययनको आधार बनाइएको हो । त्यसैले सङ्कथनका युक्तिहरूको विश्लेषण गर्न सहयोग पुर्‍याएको छ ।

भट्टराई (२०६९) द्वारा *'परालको आगो' कथाको सङ्कथन विश्लेषण* शीर्षकमा शोधकार्य गरिएको छ । सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार तयार पार्नु, 'परालको आगो' कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको पहिचान गरी तिनको अवस्था केलाउनु तथा सम्बद्धक र सम्बद्धनका दृष्टिले उक्त कथाको उपयुक्तता निक्यौंल गर्नु जस्ता उद्देश्य राखी शोधपत्र तयार पारेको पाइन्छ । उक्त शोधपत्रमा सैद्धान्तिक आधार प्रस्तुत गर्दै सम्बद्धक र सम्बद्धनको पहिचान गरी निर्दिष्ट कथाको स्थिति र उपयुक्तताको विश्लेषण गरी निष्कर्ष निकालिएको छ । उक्त पूर्वअध्ययनले प्रस्तुत शोधपत्रका लागि वर्णनात्मक विधिमा आधारित सङ्कथनात्मक अध्ययन गर्न सहयोग पुगेको छ ।

पुन (२०७०) द्वारा *बाह्र मई नाटकको सङ्कथन विश्लेषण* शीर्षकमा शोधकार्य तयार गरिएको छ । सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार पुनरावलोकन गर्नु, नाटकमा प्रयुक्त सम्बद्धकहरूको पहिचान गर्नु र सम्बद्धनका दृष्टिले उक्त नाटकको उपयुक्तता पहिचान गर्नु जस्ता उद्देश्यहरू निर्धारण गरी शोधकार्य तयार गरिएको पाइन्छ । उक्त नाटकमा प्रयुक्त सम्बद्धकहरूको अध्ययनमा सबैभन्दा बढी कोशीय सम्बद्धक अर्न्तगत पुनरावृत्ति सम्बद्धकको प्रयोग भएको पाइन्छ भने कम कोशीय सम्बद्धक अन्तर्गतका समावेशात्मक, सन्निधान, प्रसङ्ग र व्याकरणिक सम्बद्धक अन्तर्गतको पारस्परिक सम्बद्धकको प्रयोग भएको निष्कर्ष निकालिएको हुनाले प्रस्तुत शोधपत्रका लागि सबैभन्दा बढी र सबैभन्दा कम कुन सङ्कथनका युक्तिहरू प्रयोग भएका छन् भनी तुलनात्मक रूपले अध्ययन विश्लेषण गर्न सहयोग पुऱ्याएको छ ।

पराजुली (२०७१) द्वारा *'रातभरि हुरी चल्यो' कथाको सङ्कथन विश्लेषण* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार पत्ता लगाउनु, 'रातभरि हुरी चल्यो' कथामा प्रयुक्त सम्बद्धनको विश्लेषण गर्नु, सम्बद्धक र सम्बद्धनका दृष्टिले निर्दिष्ट कथाको विश्लेषण गर्नु जस्ता उद्देश्यहरू समाविष्ट गरिएका छन् । उक्त शोधकार्यमा पुस्तकालयीय विधिको प्रयोग गरिएको पाइन्छ । शोधपत्रमा सम्बद्धनहरूलाई विश्लेषण गर्ने क्रममा वैचारिक अन्तःसूत्रको निरन्तरतालाई केलाइएको छ । निर्दिष्ट कथाको विश्लेषण गर्दा प्राय : सबै प्रकारका सम्बद्धनहरूको प्रयोग भएको छ । सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार तयार पारी 'रातभरि हुरी चल्यो' कथामा प्रयुक्त संसक्ति र संयुक्तिको पहिचान गरी तिनको स्थिति केलाएको हुनाले उक्त शोधपत्रले प्रस्तुत शोधका लागि सङ्कथन विश्लेषणका युक्तिलाई व्याकरणिक र कोशीय प्रयोगका आधारमा व्याख्या विश्लेषण गर्न सहयोग पुगेको छ ।

धानुक (२०७२) द्वारा *कक्षा आठको अनिवार्य नेपाली पाठ्यपुस्तकमा रहेका कथाहरूको सङ्कथनात्मक विश्लेषण* शीर्षकमा शोधपत्र तयार पारिएको छ । कक्षा आठको नेपाली पाठ्यपुस्तकका कथाहरुमा प्रयुक्त सम्बद्धकको सङ्कथन विश्लेषण गर्नु, कक्षा आठको नेपाली पाठ्यपुस्तकका कथाहरूमा प्रयुक्त सम्बद्धनको सङ्कथन विश्लेषण गर्नु जस्ता उद्देश्य निर्धारण गरिएको छ । उक्त अध्ययनमा सम्बद्धक र सम्बद्धनको सैद्धान्तिक आधार लिई कक्षा आठको अनिवार्य नेपाली पाठ्यपुस्तकमा रहेका कथामा भएका सम्बद्धक र सम्बद्धनको

अध्ययन गरिएको छ । त्यस अन्तर्गत व्याकरणिक सम्बद्धकमा सार्वनामिक, संयोजक, कालिक, स्थानिक, पुनरावृत्ति, लोप प्रतिस्थापन, निपात र कोशीय सम्बद्धक अन्तर्गत पर्यायवाची, विपरीतार्थी, समावेश्य, समावेशक, सन्निधान वा सहप्रयोगलाई विस्तार गरी अध्ययन गरिएको छ । उक्त अध्ययनमा सम्बद्धनहरूमा एक वाक्य र अर्को वाक्यका बिचमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै पनि सम्बन्ध रहेको देखिन्छ । विशेष गरी वाक्यहरूका बिचमा कालिक, स्थानिक, विश्लेषण विशेष्य, आर्थी विपर्याय, र व्याकरणात्मक सम्बन्ध रहेका छन् । उक्त अध्ययनले प्रस्तुत शोधपत्रमा प्रयुक्त सम्बद्धक र सम्बद्धनको पहिचान गर्न मद्दत पुगेको छ ।

ढाँट (२०७२) द्वारा *'भोको घर' एकाङ्कीको सङ्कथन विश्लेषण* शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । भोको घर एकाङ्कीमा प्रयुक्त सम्बद्धकको पहिचान गर्नु, 'भोको घर' एकाङ्कीमा प्रयुक्त सम्बद्धनको पहिचान गर्नु, सम्बद्धक र सम्बद्धनका दृष्टिले भोको घर एकाङ्कीको उपयुक्तता केलाउनु जस्ता उद्देश्यहरू निर्धारण गरी शोधपत्र तयार पारेको पाइन्छ । उक्त शोधपत्रमा पुनरावृत्तिलाई सबैभन्दा बढी पटक प्रयोग गरिएको छ भने लोप, विपर्यायवाची र पर्यायवाची जस्ता सम्बद्धनहरूको सबैभन्दा कम प्रयोग भएको देख्न सकिन्छ । अन्य सम्बद्धनहरूमा अनुक्रमबोधक र स्पष्टोक्ति सम्बन्ध, अनुमानक सम्बन्ध, आर्थीपर्यायको सम्बन्ध, परिवेश र घटनाको सम्बन्ध, प्रश्नार्थगत सम्बन्ध, निहितार्थ सम्बन्ध, कार्यकारण सम्बन्ध, स्मरणको सम्बन्ध, इन्द्रिय स्मरणको सम्बन्ध, व्याख्यात्मक आदि सम्बन्धहरूको प्रयोग गरी स्थिति केलाइएको हुँदा उक्त शोधपत्रलाई अध्ययनको आधार बनाइएको छ ।

विभिन्न शोधपत्रहरूको अध्ययन गर्दा माथि उल्लिखित विविध शीर्षकका शोधकार्यमा सङ्कथन विश्लेषणसँग सम्बन्धित थुप्रै अध्ययनहरू भएको पाइन्छ । वस्तुत : अहिलेसम्म भएका शोधकार्य धेरैजसो कथाको सङ्कथनात्मक विश्लेषणमा केन्द्रित रहेका देखिन्छन् । रूपक विधामा कही कसैले पनि सङ्कथन विश्लेषणमा शोधकार्य गरेको पाइदैन यस स्थितिमा कक्षा नौको अनिवार्य नेपाली पाठ्यपुस्तकमा रहेको रूपक विधाको सङ्कथन विश्लेषण गर्नु आवश्यक ठानिएको छ । पूर्वकार्यको समीक्षाबाट सङ्कथन विश्लेषणका क्षेत्रमा थप जानकारी मिलेको छ । त्यसैले उल्लिखित अध्ययनले प्रस्तुत शोधकार्यलाई सहयोग पुऱ्याउने देखिन्छ ।

## २.२ पूर्वकार्यको अध्ययनको महत्त्व

कुनै पनि कार्यको अनुसन्धान गर्नुपूर्व सम्बन्धित विषयमा लेखिएको अनुसन्धानमूलक लेख, पत्रपत्रिका तथा अन्य श्रव्यदृश्य सामग्री पढेर, सुनेर र अध्ययन मनन गरेर तिनको संक्षिप्त टिप्पणीमूलक समीक्षा नै पूर्वकार्यको समीक्षा हो । जुन विषवस्तु र शीर्षकमा अनुसन्धाता अनुसन्धान गरिरहेको हुन्छ, त्यस विषयसँग आबद्ध भएर के कस्ता अध्ययन विगतमा भएका छन् भनेर सुक्ष्म रूपमा अन्वेषण गर्नु नितान्त आवश्यक हुन्छ । पूर्वकार्यको अध्ययनले अनुसन्धानको अनुसन्धेय विषय क्षेत्रलाई फराकिलो, र मजबुत बनाउनुको साथै वैज्ञानिक बनाउनमा महत्त्वपूर्ण भूमिका खेल्दछ । त्यसैले  पूर्वकार्यको महत्त्वलाई बुंदामा प्रस्तुत गरिएको छ :

* पूर्वकार्यको अध्ययनले प्राक्कल्पना निर्माण गर्न, अनुसन्धानको उद्देश्य निर्धारण गर्न र अनुसन्धान पद्धति निक्यौल गर्न सहयोग गर्दछ ।
* सम्बन्धित विषयको गहिरो ज्ञान हासिल गर्न, अनुसन्धानलाई विश्वसनीय र वैध बनाउन महत्त्वपूर्ण हुन्छ ।
* अनुसन्धानलाई उपलब्धिमूलक बनाउन, नवीन धारणा पहिल्याउन, नयाँ सिद्धान्तको खोजी गर्न महत्त्वपूर्ण हुन्छ ।
* अनुसन्धान ढाँचा निर्माण गर्न उपयुक्त र अनुकूल साधनको छनोटमा सघाउ पुऱ्याउँदछ ।
* पहिले भएका अध्ययनहरूको विश्लेषण गर्न र भविष्यमा गर्न सकिने अनुसन्धानका क्षेत्रहरू पत्ता लगाउन उपयोगी हुन्छ ।

तसर्थ शोधकार्यका निम्ति पूर्वकार्यको समीक्षा अपरिहार्य कुरा हो । यसले शोधकार्यलाई निपूर्ण बनाउनको लागि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

## २.३ अध्ययनको सैद्धान्तिक अवधारणा

स्वभाविक रूपमा प्रस्तुत गरिएको भाषाको कुनै पनि किसिमको अभिव्यक्तिलाई सङ्कथन भनिन्छ । यसमा अभिव्यक्तिको प्रस्तुति क्रमबद्ध हुने गर्दछ । सङ्कथनमा वक्ताले वाक्यलाई कसरी संयोजन गरी सम्प्रेषण गरेको हुन्छ भन्ने कुराको अध्ययन गरिन्छ ।

सङ्कथन विश्लेषण प्रायोगिक भाषाविज्ञानका विविध शाखाहरूमध्ये अपेक्षाकृत नवीन शाखा हो । यसमा भाषा प्रयोगका क्षेत्रमा देखिने अनियमितता वा नियमिततारूको पहिचान र वर्णन गरिन्छ । त्यसैले यो व्याकरणभन्दा माथिको कुरा हो । सङ्कथन विश्लेषणको आधारमा भाषिक पाठ वा अभिव्यक्तिको साङ्गठनिक प्रक्रिया पहिल्याउने वर्णनात्मक ढाँचा प्राप्त गर्न सकिन्छ । सङ्कथन विश्लेषणले भाषाको विस्तारित रूपको अध्ययनलाई जनाउँछ । त्यसैले यसको अध्ययनमा विविध ढाँचा र सिद्धान्तको विकास हुँदै आएको छ ।

सुरुमा संवाद विश्लेषणको रूपमा चिनिने सङ्कथन विश्लेषण हाल आएर पाठ विश्लेषण वा अख्यान विश्लेषणको रूपमा पनि उपयोग हुन थालेको छ । संवाद विश्लेषणमा कथ्य भाषिक अभिव्यक्तिको विश्लेषण गर्ने सैद्धान्तिक आधारणा अँगालिन्छ । कथ्य भाषिक अभिव्यक्तिको विश्लेषणमा लेख्य भाषाका विभिन्न विधाको विश्लेषण गर्ने सैद्धान्तिक अवधारणा विकसित भएका छन् । त्यसै गरी आख्यान विश्लेषणमा आख्यानात्मक विधाहरूमा समय, घटना, चरित्र, कार्य र परिवेश बिचमा आपसी सम्बन्ध र सङ्कथनका स्वरूप सन्दर्भगत भिन्नता अनुरूपका सैद्धान्तिक आधार र पद्धतिगत भिन्नताले पनि यसलाई अझै विविधतामूलक र भिन्न प्रकृतिमा ढालेको देखिन्छ ।

सङ्कथनलाई एउटा प्रक्रियाका रूपमा लिँदा यो पूर्वलेखन, लेखन र पश्चलेखन गरी तिन चरणमा विभाजित हुन सक्छ । पूर्व लेखनले सङ्कथन लेखनको तयारी वा योजनालाई जनाउँदछ भने सङ्कलित सामग्रीको अनुक्रम, सङ्गठन व्यवस्थापनको ढाँचा तयार गर्नुलाई लेखनको चरणले समेट्दछ । यसै गरी पश्च लेखन भनेको सङ्कथन परिमार्जित र संशोधित लेखनको चरण हो जसमा विविध किसिमका प्राविधिक तयारीका कार्यहरू समेटिन्छन्, जस्तै : सम्पादन, प्रुफ संशोधन, अन्तिम टाइपिङ तथा प्रिन्टिङ आदि ।

सङ्कथनको अध्ययनका सिद्धान्तगत अवधारणाहरू भने फरक फरक पाइन्छ । चम्स्कीबाट सन् १९६० को दशकपछि भाषिक अभिव्यक्तिगत (वाक्यात्मक संरचना) संरचनाको अध्ययनको सुरुवात पछि सङ्कथनको अवधारणा प्रारम्भ भएको पाइन्छ । हुनत प्रारम्भमा सङ्कथन विश्लेषण भन्नाले संवाद विश्लेषणका रूपमा चिनिन्थ्यो । भाषिक अभिव्यक्तिको विस्तार र समग्र कथनको अवधारणालाई पछिमात्र पाठ विश्लेषण र आख्यान विश्लेषणका रूपमा समेत लिन थालियो । अतः संवाद विश्लेषणका, पाठ विश्लेषण र आख्यान विश्लेषणका लागि छुट्टा-छुट्टै सैद्धान्तिक आधार तथा पद्धतिको भिन्नताले सङ्कथन

विश्लेषणलाई नै फरक पार्ने भएकाले सम्पूर्ण प्रकृतिका सङ्कथनमा सम्बद्धन पक्षको विश्लेषण महत्त्वपूर्ण हुने गर्दछ ।

'सङ्कथन विश्लेषण' शब्दको प्रथम प्रयोग गर्ने व्यक्ति जेलिङ ह्यारिस हुन्, उनले सन् १९५२ मा एउटा लेखमा पाठका भाषातत्त्व वितरणको चर्चा गर्दा 'डिस्कोर्स एनालाइसिस' शब्दको उल्लेख गरेका थिए । साथै उनले हेयर टोनिकको विज्ञापनको भाषालाई उदाहरणको रूपमा लिएर विश्लेषण गरी सङ्कथनमा पनि वाक्य व्याकरण विस्तारित भएको देखाएका थिए । व्याकरण वाक्यभित्र मात्रै नभएर सोभन्दा माथिसम्म रहने कुरा ह्यारिसले बताए पछिको घटनालाई सङ्कथन विश्लेषणको प्रारम्भिक बिन्दु मानिएको पाइन्छ । त्यसै गरी सङ्कथन विश्लेषणको विकासमा विभिन्न किसिमका अवधारणाले योगदान दिएका छन् । प्रतीक विज्ञानले कुनै पनि साहित्यिक अभिव्यक्तिलाई सङ्कथनको संज्ञा दियो भने समाज भाषाविज्ञानले अभिव्यक्तिको एक घटनालाई सङ्कथन मान्यो । मनोवैज्ञानिक दृष्टिले वक्ताले अभिप्रायको साङ्गोपाङ्गो प्रस्तुतिलाई सङ्कथन मानियो । यी विभिन्न अवधारणाबाट सङ्कथनको सैद्धान्तिक आधार र अध्ययन पद्धति दुबै प्रभावित भएका छन् ।

सङ्कथन विश्लेषणले वाक्यान्तरिक (वाक्यभित्रको) संरचना र वाक्यान्तरीय संरचना दुबैको अधययन गर्नुको साथै वाक्य वाक्य बिचको अनुच्छेद, अनुच्छेद बिचको सर्ग/परिच्छेद-परिच्छेद, वक्ता-स्रोता, लेखक-पाठक बिचको सम्पेषणीयताको अर्न्तसम्बन्धको अध्ययनलाई समेत आफ्नो अध्ययनको केन्द्र मानेको हुन्छ । भाषातत्त्वको वितरणको चर्चा गर्दा प्रयोग गरिएको सङ्कथन विश्लेषणले अन्ततः व्याकरण र वाक्यसम्मको मात्र नभई सिङ्गो कथनकै अध्ययन गर्न थालेको छ ।

### २.३.१ सङ्कथन परिचय

परिवेश अनुसार कुनै निश्चित सन्दर्भलाई बोकेर आउने भाषाको रूपलाई सङ्कथन भनिन्छ । सामान्य अर्थमा सङ्कथन वाक्यभन्दा माथिल्लो स्तरको भाषिक एकाइ हो । यो सङ्कथनको संरचनात्मक र सङ्कुचित अर्थ पनि हो । व्यापक रूपमा सङ्कथन भनेको भाषिक अभिव्यक्ति हो । भाषागत एकाइका दृष्टिले यसको आकार उच्चतम देखा पर्दछ भने अर्थगत दृष्टिले यो सग्लो एवम् पूर्ण अभिव्यक्तिका रूपमा देखापर्दछ (भुसाल सम्प्रेषण अङ्क

७, २०६९) । कथ्य र लेख्य माध्यम अनुसार गफ, कुराकानी, संवाद, छलफल, विवाद, ठट्टा, गाली, अर्न्तवार्ता, विज्ञापन, सूचना, कथा, कविता, लेख, नाटक आदि विधा अनुसार औपचारिक, अनौपचारिक र अन्य विविध शैलीअनुसार तथा विषयगत र वाक्यगत प्रयोजन अनुसार यो भिन्न भिन्न आकार र स्वरूपमा देखा पर्दछन् । यसले भाषाको स्वतन्त्र प्रयोग र सिङ्गो अभिव्यक्तिलाई जनाउँदछ । अतः यो भिन्न भिन्न शैली, स्वरूप, कथन घटना, अभिव्यक्ति प्रकार र समग्र सम्प्रेषणात्मक कार्यका दृष्टिले पनि महत्त्वपूर्ण रहेको छ ।

व्युत्पतिगत दृष्टिले संस्कृत भाषाको कथ् धातुमा सम् उपसर्ग र अन परसर्ग लागेर सङ्कथन शब्दको निर्माण भएको हो । यसको अर्थ अभिव्यक्तिको सिङ्गो रूप, समग्र कथन वा प्रोक्ति भन्ने हुन्छ । सङ्कथन अङ्ग्रेजी डिसकोर्स शब्दको पर्यायवाची रूप हो । यो ल्याटिन भाषाबाट विकसित भएको हो । डिसकोर्सको अर्थ कुनै लामो वा गम्भीर उपचार अथवा कथ्य लेख्य रूपमा कुनै विषयमा भएको कुराकानी वा छलफल भन्ने हुन्छ । व्युत्पत्तिगत अर्थले हेर्ने हो भने यसले कुनै विषयमा विचार प्रकट गर्नु भन्ने बुझिन्छ ।

भाषाले वास्तविक सन्दर्भलाई समेटेको हुन्छ । जहाँ सन्दर्भ समायोजित हुन्छ त्यहीँ सङ्कथनको संरचना निर्माण भएको हुन्छ । वास्तवमा सङ्कथन त्यस्तो भाषिक अभिव्यक्ति हो, जुन एक सार वाक्यका रूपमा वा त्यसभन्दा माथिल्लो जुनसुकै तहको संरचनाका रूपमा रहेको हुन्छ (गौतम, २०६८ : ५७१) । सङ्कथन अर्न्तगत कुनै भाषा वा लेखमा जोडिएको भाषिक अभिव्यक्ति पर्दछ । सङ्कथनमा प्रस्तोता र वक्ताले आफूलाई अभिव्यक्ति कर्ताका रूपमा प्रस्तुत गरेको हुन्छ र कुनै विषय वा व्यक्तिप्रति आफूलाई केन्द्रित गरेको हुन्छ । यसले के कुरा बुझाउँदछ भने सङ्कथनमा वक्ता, श्रोता र विषय पूर्ण रूपमा अपेक्षित हुन्छ । सङ्कथनमा वक्ताको अभिव्यक्ति माथि प्रभाव पार्ने बहुपक्षीय कुराकानी वा बातचितदेखि बृहत्तर भाषिक एकाइका पाठको समेत अध्ययन हुन्छ । त्यसै गरी सन्दर्भ समावेश भएका सम्पूर्ण भाषिक एकाइलाई सङ्कथन भित्र समाबेश गर्न सकिन्छ ।

सङ्कथन कथ्य र लेख्य भाषाको अभिव्यक्ति मात्र नभएर साङ्केतिक भाषा पनि हो । खासगरी सङ्कथन अर्न्तगत कुनै औपचारिक, व्याख्यान, भाषण,घोषणा, विशिष्ट कथन, धार्मिक प्रवचन, अर्न्तवार्ता, वैठक, विषय-विमर्श, संवाद, कुराकानी, भलाकुसारी, छलफल, चिठीपत्र, प्रतिवेदन, समाचारपत्र, विज्ञापन, कथा, उखान-टुक्का, मुक्तक, श्लोक आदिका साथै आख्यानात्मक सङ्कथन र महाकाव्यीय सङ्कथन जस्ता उच्च तहका सङ्कथन

संरचना वा विधा संरचना लगायत जुनसुकै पाठ पर्दछन् । सुरुसुरुमा सङ्कथनको कथ्य अभिव्यक्ति अन्तर्गतका भाषण, अर्न्तवार्ता जस्ता औपचारिक अभिव्यक्तिलाई मात्र बुझाउँथ्यो भने पछि आएर सामान्य बोलिचालिको भाषा लिखित अभिव्यक्तिलाई पनि सङ्कथन विश्लेषण अन्तर्गत चर्चा गर्न थालियो ।

### २.३.२ सङ्कथनको परिभाषा

सङ्कथन भन्नाले वाक्यभन्दा ठूलो तथा नटुक्रिएको भाषाको एकाइलाई बुझिन्छ । स्वाभाविक रूपमा प्रस्तुत भएको भाषाको कुनै पनि अभिव्यक्तिलाई सङ्कथन भनिन्छ । सम्प्रेषणका निम्ति उत्पादित भाषा नै सङ्कथन हो । यसमा वाक्यहरूको संयोजनबाट कुनै खास सन्देशको सम्प्रेषण हुन्छ । यस्ता वाक्यका बिचमा क्रम मिलाउने वाक्यलाई अर्थको एकीकरण गर्ने साधनको भूमिकामा सङ्कथन देखा परेको हुन्छ । सङ्कथनले वाक्यका तत्त्व लगायत अर्थ समेत आपसी सम्बन्ध केलाउने काम गर्दछ । सङ्कथनका सम्बन्धमा विभिन्न विद्वान्हरूले आ -आफ्नो ढङ्गले परिभाषा दिएका छन् । विभिन विद्वान्हरूमध्ये सङ्कथन सम्बन्धी केही महत्त्वपूर्ण परिभाषा यसप्रकार छन् :

१. नुनान, डि. १९९३, १५६ ले सङ्कथनले सान्दर्भिक सम्प्रेषणीय कथनघटनाको व्याख्यालाई जनाउँछ भनेका छन् ।

२. अक्सफोर्ड डिक्सनरीमा कथ्य र लेख्य विषयको एउटा लामो र गम्भिर प्रवन्ध, बहस र वादविवाद हो भनिएको छ ।

३. प्रयोगात्मक शब्दकोशमा वाक्यभन्दा माथिल्लो स्वयंमा पूर्ण अभिव्यक्ति, अभिव्यक्तिको सिङ्गो रूप, समग्र कथन, प्रोक्ति हो ।

४. अधिकारी, २०६२ : २५३ ले सङ्कथन भनेको मानवीय अनुभवलाई भाषाको एकाइमा उन्नु हो । सङ्कथनको संरचना भाषिक संरचनामा मात्रै होइन, यो भाषिकेत्तर तत्त्वहरूबाट आबद्ध र निर्धारित हुन्छ । सङ्कथन भाषाको यस्तो फैलावट हो जुन सन्दर्भबद्ध भएर मात्र प्रकटित हुन्छ । यसलाई वाक्यको स्वीकार्यताले मात्र पहिल्याउन सक्दैन । मुख्यतः अर्थपूर्ण, अन्वितिपूर्ण र सन्दर्भपूर्ण अभिव्यक्ति हुनु यसको पहिचान हो भनेका छन् ।

निष्कर्षमा सङ्कथन सबैभन्दा ठूलो भाषाको एकाइ हो । जस्तैः अनुच्छेद, परिच्छेद, वार्तालाप, प्रत्यक्ष अन्तरवार्ता आदि । यसप्रकार सङ्कथन भन्नाले ध्वनि, शब्द, वाक्यभन्दा माथिको तहमा पुगेर अभिव्यक्त आशयको अर्थपूर्ण एकाइ हो, जुन शृङ्खलित र सुव्यवस्थित रूपमा संरचित हुन्छ । यसमा संरचित भाषिक तत्त्वहरूको अन्तरसम्बन्धबाट पूर्ण कथनको निर्माण हुन्छ जुन कथन सान्दर्भिक र उद्देश्यपूर्ण हुनुपर्छ ।

सङ्कथन परम्परागत व्याकरणले ओगट्न नसकेको क्षेत्र हो किनभने परम्परागत व्याकरणको सबैभन्दा माथिल्लो तह नै वाक्य हो तर सङ्कथन वाक्यभन्दा माथिल्लो तहको एकाइ हो । यो वाक्यवाक्य बिचको अन्तरमिश्रण हो । तसर्थ सङ्कथन भनेको धेरै वाक्यहरूको मिश्रणबाट बनेको भाषाको वितान हो जसलाई विचार, पेसा, सामाजिक, सांस्कृतिक, शैक्षिक, धार्मिक कार्यका आधारमा जोडेर सान्दर्भिक बनाएर बुझ्नुपर्छ, अर्थ लगाउनुपर्छ । त्यसैले यसलाई भाषा प्रयोगविस्तारको रूपमा लिन सकिन्छ ।

### २.३.३ सङ्कथनका प्रकार

सङ्कथन विशेषतः भाषिक अभिव्यक्ति हो । यस्तो अभिव्यक्ति सामान्य र विशिष्ट खालको हुन सक्छ । यस्ता अभिव्यक्तिहरू मुलतः कथ्य र लेख्य रूपमा सम्प्रेषित भएका हुन्छन् । सामान्यतया सङ्कथनलाई सामान्य वा विशिष्ट प्रकारमा विभाजन गरेको पाइन्छ । सामान्य सङ्कथन अर्न्तगत कथ्य र लेख्य सङ्कथन पारस्परिक र अपारस्परिक सङ्कथन, औपचारिक र अनौपचारिक सङ्कथन पर्दछन् भने विशिष्ट सङ्कथन अर्न्तगत विभिन्न विषय क्षेत्र (धार्मिक, साहित्यिक, कानुनी, व्यापारिक, सामाजिक आदि)सँग सम्बन्धित सङ्कथन पर्दछन् । हिजो आज कथ्य र लेख्य रूपमा मात्र नभएर सङ्केतात्मक रूपमा प्रस्तुत हुने अभिव्यक्तिलाई समेत सङ्कथन मान्नुपर्ने दृष्टिकोण भाषावैज्ञानिकहरूले व्यक्त गर्ने गरेका छन् । यसै आधारमा सङ्कथनलाई मोटामोटी रूपमा (१) कथ्य (२) लेख्य (३) साङ्केतिक गरी तिन प्रकारमा विभक्त गरी अध्ययन गर्न सकिन्छ (पौडेल र अन्य, २०७१ : ५) । सङ्कथनका प्रकारका बारेमा विद्वान्हरूमा एकरूपता भने देखिँदैन । लाङ्गेकरले प्रस्ताव गरेका सङ्कथनका प्रकारलाई ड्रेसलर (सन् १९८७ : १०३) ले (१) सङ्ख्यात्मक सङ्कथन (२) प्रक्रियात्मक सङ्कथन (३) कार्यात्मक सङ्कथन र (४) प्रदर्शनात्मक सङ्कथन गरी चार प्रकारमा उल्लेख गरेका छन् । ड्रेसलरले पनि सङ्कथनलाई विभिन्न रूपमा विभक्त गरिएको पाइन्छ ।

विद्वानहरूले यसरी सङ्कथनलाई विभिन्न प्रकारमा विभाजन गरेता पनि मुख्य रूपमा सङ्कथनलाई निम्नानुसार चर्चा गर्नु सान्दर्भिक हुन्छ ।

### २.३.३.१ कथ्य सङ्कथन

भाषाको मौखिक अभिव्यक्तिसँग सम्बन्धित अर्थात् वक्ता र श्रोताको प्रत्यक्ष संलग्नता रहने सङ्कथनलाई कथ्य सङ्कथन भनिन्छ । कथ्य सङ्कथन सहज हुन वक्ता र श्रोता सामाजिक, भाषिक सांस्कृतिक, पृष्ठभूमिका बारेमा परिचत हुनु जरुरी हुन्छ । वक्ता र श्रोतालाई क्रमश : प्रस्तोता र बोद्धा पनि भनिन्छ । कथ्य सङ्कथन मूलतः मौखिक रूपमा अभिव्यक्ति हो । विशेष गरी कुराकानी, छलफल, कथाकथन, भाषण, मौखिक वर्णन, प्रश्नोत्तर, गफ, निन्दा, प्रशंसा, आज्ञा, माफी, निर्देशन आदि जस्ता क्रियाकलापहरू कथ्य सङ्कथन अर्न्तगत पर्न जान्छन् ।

कथ्य सङ्कथन विशिष्ट किसिमको भाषिक अभिव्यक्ति नभएर सामान्य किसिमको अभिव्यक्ति हो (पौडेल र अन्य,२०७१ : ७) । वास्तवमा कथ्य अभिव्यक्ति पठित वा अपठित दुबै किसिमका मानिसहरूका लागि उत्तिकै सम्प्रेष्य हुन्छ । यसमा सरलता, सहजता, स्वाभाविकता र लचिलोपन जस्ता गुणहरू रहेका हुन्छन् । त्यसै गरी कथ्य सङ्कथन मौखिक अभिव्यक्तिसँग सम्बन्धित रहेको हुन्छ । कथ्य पाठ लेख्य पाठ जस्तो कठोर र सीमायुक्त हुँदैन । साथै यो लेख्य पाठ झैँ अति व्याकरणिक वन्धनयुक्त पनि हुँदैन । यसमा क्रियाविहीन वाक्य संरचना र अपूर्ण वाक्य संरचना पनि रहन सक्छन् । कथ्य सङ्कथनमा कसिला र खँदिला वाक्य प्रयोग भने हुँदैन ।

### २.३.३.२ लेख्य सङ्कथन

भाषाको लिखित अभिव्यक्तिसँग सम्बन्धित अथवा लेख्नु र पाठसँग सम्बन्धित सङ्कथनलाई लेख्य सङ्कथन भनिन्छ । विविध विषय क्षेत्रसँग सम्बन्धित लिखित सूचना, रसिद, विज्ञापन लेख तथा विविध साहित्यिक रचनाहरू लेख्य सङ्कथनको क्षेत्रभित्र पर्दछन् । लेख्य सङ्कथनमा लेखकका सामुन्नेमा पाठक उपस्थित हुँदैन बरु कल्पित हुन्छ । जसले गर्दा कथ्य सङ्कथनमा झैं लेख्य सङ्कथनमा कुनै गल्ती भई हालेमा तुरुन्त सुधार गर्ने मौका प्राप्त हुँदैन र लेखकले पाठकलाई स्पष्टीकरण दिने मौका पनि प्राप्त गर्दैन । अधिकारी

(२०६५ : २५४) का अनुसार भाषाको लिखित अभिव्यक्तिसँग सम्बन्धित सङ्कथन लेख्य सङ्कथन हो । लेख्य सङ्कथन लेखक र पाठकसँग सम्बन्धित रहेको हुन्छ र विभिन्न विषयक्षेत्रसँग समेत सम्बन्धित हुन्छ । लेख्य सङ्कथनमा लेखकका सामुन्ने पाठक उपस्थित हुँदैनन् । पाठकको केवल अपेक्षा मात्र गरिएको हुन्छ । यही कारणले गर्दा कथ्य सङ्कथनमा जस्तै लेख्य सङ्कथनमा कुनै गल्ती भैहालेमा तुरुन्त सुधार गर्ने मौका प्राप्त हुँदैन र लेखकले पाठलाई तत्कालै स्पष्टीकरण दिने मौका पनि दिदैनन् ।

लेख्य सङ्कथनहरूमा भाषिकेतर तत्त्व मुखमुद्रा, सङ्केत, अङ्ग सञ्चालनको उपयोग गर्न असम्भव हुन्छ । यही कारणले गर्दा लेख्य सङ्कथन पूर्ण रूपमा भाषातत्त्वमा निर्भर हुने गर्दछ । यस कारणले गर्दा कथ्य सङ्कथनका तुलनामा लेख्य सङ्कथन केही जटिल र औपचारिक किसिमको हुन्छ । यसमा कथ्य सङ्कथन जस्तो थेगो, निपात र अपूर्ण वाक्यको प्रयोग हुँदैन । अर्थात भैहाले पनि कम मात्रामा हुन्छ । अतः कथ्य सङ्कथन भन्दा लेख्य सङ्कथनको भाषा खदिलो हुन्छ । लेख्य सङ्कथनमा प्रयोग हुने भाषा मानक, स्तरीय र व्याकरणका दृष्टिले समेत उपयुक्त हुन्छ । कथ्य सङ्कथनमा जस्तो साक्षर र निरक्षर दुबै किसिमले यसको प्रयोग गर्न सक्दैनन् केवल साक्षर र बौद्धिक मानिसले मात्र बुझ्न सक्दछन् । यो कथ्य सङ्कथन भन्दा बढी जटिल हुने भएकाले बढी कृतिम, अप्राकृतिक, कम गतिशिल, कर्मवाच्य, भाववाच्य आदिको प्रयोग भएको हुन्छ । लेख्य सङ्कथन भित्र प्रतिवेदन, चिठी लेखन, कथा, कविता, जीवनी, रूपक, लिखित सूचना, विज्ञापन आदि पर्दछन् ।

### २.३.४ सङ्कथन विश्लेषण

कुनै सङ्कथनमा प्रयुक्त वाक्यहरूका बिचमा बाह्य र आन्तरिक सम्बन्धहरूको अध्ययन गर्ने कार्यलाई सङ्कथन विश्लेषण भनिन्छ । यसप्रकार यसमा सङ्कथनको संयोजनमा सम्बद्धक र सम्बद्धनको भूमिकाको अध्ययन गरिन्छ । यसभित्र भाषाको कथ्य र लेख्य अवस्थालाई शृङ्खलित, सुव्यवस्थित र अर्थपूर्ण एकाइ बनाउने विषयको अध्ययन गरिन्छ । लङ्गम्यान डिक्सनरी अफ अप्लाइड लिङग्विस्टिक्सका अनुसार निम्न पक्षको अध्ययन गर्न जरुरी छ ।

(क) संकथनको संरचनालाई शृङ्खलित र उद्देश्यपूर्ण बनाउन आउने सम्बद्धकको के कसरी छनोट गर्ने ।

(ख) सङ्कथनको प्रयोगविस्तारमा सम्बद्धनको के कस्तो अन्तरसम्बन्ध हुन्छ ।

(ग) वक्ता र श्रोताबिचको सन्दर्भ र प्रसङ्ग अनुसार विषयको अर्थ परिवर्तन के कसरी हुन्छ ।

सङ्कथन विश्लेषणले भाषाको संरचना पक्षको अध्ययनको साथसाथै त्यसमा समावेश वक्ता र श्रोताबिचको सन्दर्भ प्रसङ्ग अनुसार आउने विचार र भावको अध्ययन समेत गर्दछ ।

सङ्कथन विश्लेषणले भाषा प्रयोगका क्षेत्रमा देखा परेका नियमितता र अनियमितताको अध्ययन र विश्लेषण गर्दछ । भाषाको विस्तार गर्ने क्रममा आउने भाषिक युक्तिहरूले के कसरी शृङ्खलित बनाउँछन् भन्ने कुराको अध्ययन गरिन्छ । त्यसैले यसमा पाठको संगठन गर्ने प्रक्रियालाई पहिल्याइन्छ । यति मात्र होइन निश्चित नियमितता के कसरी खण्डित वा विशृङ्खलित हुन्छ भन्ने विषयको समेत अध्ययन गरिन्छ ।

सङ्कथन सम्प्रेषणीय हुनुपर्छ । वक्ता र स्रोता वा लेखक र पाठकका बिचमा सामाजिक साँस्कृतिक परिवेश मिलेन भने विचार विनिमय नहुन सक्छ । त्यसैले यसमा आउने भाषिक एकाइहरूको अर्थ के हो ? उद्देश्य के हो ? संयोजन कसरी गरिन्छ ? जस्ता प्रश्नहरूको उत्तर खोज्न जरुरी पर्दछ । भाषिक एकाइहरूले निश्चित सामाजिक र सांस्कृतिक परिवेशअनुसार अर्थ दिने गर्दछन् । तिनीहरूको उद्देश्य पनि फरक तरिकाले संरचित हुन सक्छन् यस्ता कुराको पहिचान गरेर मात्रै सङ्कथन विश्लेषण गर्न सकिन्छ ।

सङ्कथन विश्लेषणमा वाक्यभन्दा माथिल्लो भाषिक एकाइका नियम र सीमाहरूको खोजी गरिन्छ यसले भाषाको विस्तारित स्वरूपको अध्ययन गर्दछ जसको विभिन्न रूपमा विकास हुँदै गएको भेटिन्छ । पहिला यो संवाद विश्लेषणका रूपमा चिनिन्थ्यो भने अहिले पाठ विश्लेषण र आख्यान विश्लेषणका रूपमा लिन थालिएको छ । संवाद विश्लेषणमा कथ्य भाषाका अभिव्यक्तिहरूको विश्लेषण गर्ने सैद्धान्तिक अवधारणाका आधारमा त्यसै किसिमको विश्लेषण पद्धतिलाई अँगालिन्छ । पाठ विश्लेषणमा लेख्य भाषाका विविध विधाहरूको विश्लेषणमा जोड दिइन्छ भने आख्यान विश्लेषणमा आख्यानात्मक विधाका पाठहरूमा

समय, घटना, चरित्र र परिवेशका बिचको आपसी सम्बन्ध र संगठनका पक्षहरूलाई केलाउने काम हुन्छ (अधिकारी, २०६२ : २५१) ।

सङ्कथन विश्लेषणका सामग्री दुईवटा स्रोतबाट प्राप्त हुन्छन् । लिखित पाठबाट र मौखिक पाठबाट कुनै लिखित पाठलाई रोजेर सङ्कथन विश्लेषणको एकाइ बनाइन्छ भने त्यसलाई पाठयात्मक विश्लेषण भनिन्छ । यस्तोमा कुनै कृतिबाट संवाद, वार्ता, मनोवाद, कुनै पनि छोटो वा लामो अंश अनेकौं परिच्छेद वा सिङ्गो कृति लिएर त्यसको विश्लेषण गरिन्छ । अर्कातिर मौखिक घटनालाई रेकर्ड गरेर, टिपेर, सुनेर, निरीक्षण गरेर त्यसको विश्लेषण गरिन्छ भने त्यसलाई सङ्कथन विश्लेषण भनिन्छ (भट्टराई, २०६१) ।

सङ्कथन विश्लेषण गर्दा सामाजिक मात्र होइन मनोवैज्ञानिक परिवेश र परिप्रेक्षलाई पनि ध्यानमा राख्न आवश्यक हुन्छ । जसले सङ्कथनलाई (साञ्चारिक घटनालाई) अर्थपूर्ण, अन्वितिपूर्ण, खँदिलो र उद्देश्यपूर्ण बनाउन मद्दत गर्दछ । साञ्चारिक घटना सन्दर्भसँग अन्तरसम्बन्धित हुनुपर्छ । सङ्कथनमा प्रयोग भएका वाक्यलाई सन्दर्भ र प्रसङ्गमा नजोडेमा त्यसले उद्देश्यपूर्ण अर्थ नदिन सक्छ । त्यसैले सङ्कथन विश्लेषण गर्दा त्यसमा प्रयोग हुने सम्बद्धक, सम्बद्धन र परिवेशलाई एकीकृत गरेर अध्ययन गर्नुपर्दछ । यसले विचार, भाव, आख्यान, वादविवाद, ठट्टा, भाषण आदिको आन्तरिक र बाह्य पक्षको सुगठित संरचनाको खोजी गर्दछ ।

यसरी हेर्दा कुनै पनि सङ्कथन निश्चित आरम्भ, विकास र अन्त्यको संरचनामा संरचित हुन्छ, हुनुपर्छ । सङ्कथनमा प्रयोग भएको प्रत्येक विषय एउटा अर्थपूर्ण एकाइका रूपमा रहेको हुन्छ । तर एउटा र अर्को घटनाको बिचमा पालो आउँछ, घटनाको विकास हुन्छ र अर्थपूर्ण अन्त्य हुन्छ । फेरि नयाँ घटनाको सोही प्रकारको पालो आउँछ, विकास हुन्छ र उद्देश्यपूर्ण अन्त्य । कथनघटनालाई अगाडि बढाउँदा भाषिक र अभाषिक दुवै प्रकारका चिह्नहरूको प्रयोग पाइन्छ । ती चिह्नले कथनघटनालाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका खेल्दछन् । तिनीहरूको अन्तरसम्बन्धबाट कथनघटनालाई नियमबद्ध, सिलसिलाबद्ध, शृङ्खलित, अन्वितिपूर्ण रूपमा निरन्तर उद्देश्यपूर्ण अन्त्यसम्म पुऱ्याउन सघाउँछन् । यस्तो सङ्कथनलाई अगाडि बढाउन सामाजिक, मनोवैज्ञानिक र भाषिक सबै प्रकारका सिद्धान्तलाई जोडेर अध्ययन विश्लेषण गर्न जरुरी हुन्छ ।

### २.३.५ सङ्कथन विश्लेषणका परिभाषाहरू

सङ्कथन विश्लेषणले भाषाको विस्तारित रूपको अध्ययनलाई जनाउँदछ । यो अभिव्यक्तिगत समग्रताको प्रकार्यपरक अध्ययनसँग सम्बन्धित विषय हो । यसमा व्याकरणिक पक्षलाई नहेरी भाषिक प्रस्तुति र त्यसको प्रकार्यलाई विश्लेषण गरिन्छ । सङ्कथनमा हुनुपर्ने गुणहरू भएनभएको खोजी गर्ने काम समेत यसले गर्दछ । सङ्कथनको प्रकृति अनुसार सङ्कथन विश्लेषण गर्ने गरिन्छ । त्यसैले सङ्कथन निर्माणको आधारलाई नै सङ्कथन विश्लेषण भनिन्छ ।

सङ्कथन विश्लेषणलाई विभिन्न विद्वान्हरूले विभिन्न किसिमले परिभाषा दिएर स्पष्ट पार्ने काम गरेका छन्, जसमध्ये केही प्रमुख परिभाषालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- डेविड क्रिस्टलले वाक्य भन्दा माथिल्लो अविच्छिन्न भाषिक विस्तारको अध्ययन सङ्कथन विश्लेषण हो भनेका छन् ।
- ब्राउन र युलले भाषिक प्रयोगको विश्लेषण सङ्कथन विश्लेषण हो भनेका छन् ।
- इन्साइक्लेपेडिक डिक्सनरी अफ एप्लाइड लिङ्ग्विस्टिक्समा सङ्कथन विश्लेषण भनेको वाक्यको सम्प्रेषणात्मक प्रयोगमा भएका अर्थ, उद्देश्य र एकत्वसम्बन्धी ग्रहण प्रक्रियाहरू कसरी फैलिएका छन् भन्ने कुराको अध्ययन हो भनिएको छ ।
- देवीप्रसाद गौतमले सङ्कथन विश्लेषण पाठको भाषिक विश्लेषणमात्र नभएर भाषामा आएको सामाजिक संरचना र सन्दर्भको पनि विश्लेषण हो भनेका छन् ।
- हेमाङ्गराज अधिकारीले सङ्कथन विश्लेषण भाषाको विस्तारित स्वरुपको अध्ययन हो । यसमा वाक्य भन्दा माथिल्लो एकाइहरूको नियम र सीमाहरूको खोजी गरिन्छ भनेका छन् ।

उपर्युक्त विभिन विद्वान्हरूको आलोकमा के भन्न सकिन्छ भने सङ्कथन विश्लेषण शैक्षणिक दृष्टिकोणले मात्र नभई व्यापक दृष्टिकोणले उपयोगी हुन्छ । पाठमा प्रयुक्त भाषिक घटकहरूको संरचनागत र अर्थगत सम्बन्धको विश्लेषण हो ।

### २.३.६ सङ्कथन विश्लेषणका पद्धतिहरू

सन् १९५२ मा जेलिङ ह्यारीसले सङ्कथन विश्लेषण पदावलीको प्रयोग गरी हेयर टनिकको विज्ञापनको भाषालाई सङ्कथनपरक विश्लेषण गरेपछि सङ्कथन विश्लेषणको सुरुवात भएको मानिन्छ । समयक्रम अनुसार कथ्य भाषाको विश्लेषणसँगै लेख्य पाठको पनि विश्लेषण गर्ने क्रम अगाडि बढेको पाइन्छ । यही सन् १९५२ को विज्ञापनको भाषाको विश्लेषणलाई प्रारम्भ बिन्दु मानेर सङ्कथन विश्लेषणको कालक्रमिक अध्ययन गर्न सकिन्छ । कुनै पनि पाठलाई अध्ययन विश्लेषण गर्दा कहाँबाट कसरी प्रारम्भ गरी अगाडि बढाउने भन्ने जस्ता पद्धतिलाई सङ्कथन विश्लेषण पद्धति भनिन्छ । सङ्कथन विश्लेषणका क्रममा सङ्कथनमा प्रयुक्त घटकहरूको बाह्य संरचना र तिनको आन्तरिक अर्थ सम्बन्धको खोजी र विश्लेषण गरिन्छ तर सामान्य घटकको पहिचान र विश्लेषण गरी विशिष्ट तिर जाने हो कि विशिष्टबाट सामान्य तिर जाने हो यी दुबैको चर्चा सङ्कथन विश्लेषणमा अपनाउने विधि तरिका र पद्धतिमा भर पर्दछ । सङ्कथन विश्लेषणका क्रममा निम्न लिखित अध्ययन पद्धतिको उपयोग गर्न सकिन्छ :

(क) ऊर्ध्वगमन पद्धति

(ख) अधोगमन पद्धति

(ग) अन्तर्क्रियात्मक पद्धति

#### २.३.६.१ ऊर्ध्वगमन पद्धति

कुनै पनि पाठलाई विशिष्ट बाट सामान्य हुँदै अध्ययन गर्ने पद्धतिलाई ऊर्ध्वगमन पद्धति भनिन्छ । यस पद्धतिका आधारमा पाठ विश्लेषण गर्दा सर्वप्रथम सबैभन्दा साना विशिष्ट एकाइहरूको अध्ययन गरिन्छ । त्यसपछि क्रमशः भाषाका विस्तारित ठूला एकाइहरूको अध्ययन गरिन्छ । यो तलबाट माथितिरको क्रममा अगाडि बढ्ने भएकाले यसलाई ऊर्ध्वगमन पद्धति भनिएको हो । यसले पाठका वाक्य, अनुच्छेद, परिच्छेद हुँदै सिङ्गो पाठको अध्ययन गर्दछ । यसलाई आरेखद्वारा यसरी देखाउन सकिन्छ :

पाठ

परिच्छेद

अनुच्छेद

वाक्य

उपवाक्य

पद

### २.३.६.२ अधोगमन पद्धति

कुनै पनि पाठको विश्लेषणका क्रममा सामान्यबाट विशिष्टतिर जाने पद्धतिलाई अधोगमन पद्धति भनिन्छ । यसलाई पहिले भाषिक एकाइ र त्यसपछि क्रमश साना भाषिक एकाहरूको विश्लेषण गरिन्छ । यो माथिबाट तलतिर जाने पद्धति भएकोले अधोगमन पद्धति भनिएको हो ।, यसलाई आरेखबाट अझ स्पष्ट पार्न सकिन्छ :

पाठ

परिच्छेद

अनुच्छेद

वाक्य

उपवाक्य

पद

### २.३.६.३ अन्तर्क्रियात्मक पद्धति

सन् १९८० मा स्टानेभिचले ऊर्ध्वगमन र अधोगमन पद्धतिका समस्याहरूलाई निराकरण गर्ने क्रममा यो पद्धतिको विकास गरेका हुन् । एक पटकमा एकभन्दा बढी सूचनाहरू पाठबाट प्राप्त गर्ने उद्देश्यले यस पद्धतिको विकास भएको पाइन्छ । यस पद्धतिलाई मिश्रित पद्धति पनि भनिन्छ । सङ्कथन विश्लेषण प्रक्रिया माथिबाट तलतिर वा तलबाट माथितिरको सजिलो क्रममा नभई दुवैको अन्तर्क्रियात्मक वा अन्तर्मिश्रण पद्धतिको माध्यमबाट हुन्छ भन्ने मान्यता यसले राख्दछ ।

### २.३.७ सङ्कथनका तत्त्वहरू

सङ्कथन अभिव्यक्तिको पूर्ण कथन तथा एउटा भाषिक घटना वा सम्प्रेषणात्मक घटना भएकोले यसलाई सम्प्रेषणीय बनाउन विभिन्न तत्त्वले काम गरिरहेका हुन्छन् । सङ्कथनका त्यस्ता तत्त्वहरू यसप्रकार छन् :

#### २.३.७.१ वक्ता

यस तत्त्वलाई सम्प्रेषणात्मक गतिविधिको उठान बिन्दुका रूपमा लिइन्छ । यसलाई प्रस्तोता वा लेखक पनि भन्ने गरिन्छ । श्रोता वा पाठकको ध्यानाकर्षण गर्नु तथा उनीहरूको स्तर अनुरूप सङ्कथन वा भाषिक घटना सञ्चालन गर्नु यसको प्रमुख जिम्मेवारी हो । वास्तवमा सङ्कथनको अभिव्यक्ति नै वक्ता हो ।

#### २.३.७.२ बोद्धा

बोद्धालाई अर्को शब्दमा श्रोता वा पाठक पनि भन्ने गरिन्छ । यो सम्प्रेषणको दोस्रो महत्त्वपूर्ण तत्त्व हो । यसलाई वक्ताले प्रस्तुत गरेको कुराको गन्तव्यका रूपमा चिनिएको हुन्छ । संवादात्मक अभिव्यक्तिका क्रममा देखिने यस्तो वक्ता र बोद्धाको स्थितिमा आलोपालोको अन्तर्क्रिया रहने गर्दछ ।

#### २.३.७.३ मार्ग

वक्ता र बोद्धाका बिचमा भाषिक घटना सम्पन्न गर्न प्रयुक्त हुने माध्यमलाई मार्गका रूपमा लिने गरिन्छ । मौखिक र लिखित प्रक्रियाका विभिन्न माध्यमहरूबाट यस्तो गतिविधि सञ्चालित भएको हुन्छ । जस्तै : टेलिफोन, पत्राचार, रेडियो, टिभी, इमेल, इन्टरनेट आदिका साथै अन्य सङ्केत र सूचनाका चिह्नहरू पनि माध्यमका रूपमा प्रस्तुत भएका हुन्छन् ।

#### २.३.७.४ विषय

सङ्कथन वा कुनै पनि पाठको प्रमुख विचार, अभिव्यक्ति वा शीर्षक नै त्यसको विषय हो । पाठमा प्रयुक्त विषय वस्तुप्रधान, व्यक्तिप्रधान, घटनाप्रधान, चरित्रप्रधान, वर्णनीय आदि विविध प्रकारक हुन सक्छन् । अतः तिनै विविधताका कारणले सङ्कथनहरू पनि

स्वभावतः निर्देशित र नियन्त्रित भएका हुन्छन् । यसरी वर्ण, विषय, शीर्षक, वस्तु, घटना तथा प्रस्तोता र बोद्धाको सहभागिता जस्ता कुराले सङ्कथनको स्वरूपलाई प्रशस्त मात्रामा प्रभावित पारेका हुन्छन् ।

### २.३.७.५ सूचनाको स्वरूप

सङ्कथनको अभिव्यक्तिगत विविधतामा सूचनाको स्वरूपले प्रभाव पारेको हुन्छ । सूचनाको प्रकृति अनुसार सङ्कथन पनि निर्देशित भएको हुन्छ । त्यसैले सूचनाको विविधताले सङ्कथनमा पनि विविधत ल्याइदिछ । चिठी, विवाद, अन्तर्क्रिया, गफगाफ, विज्ञापन, समाचार आदिमा एकै किसिमका सूचना भए तापनि विषयलाई आ-आफ्नै ढङ्गले प्रस्तुत गरिएको हुन्छ । सूचना क्षेत्रमा प्रकृतिको ढाँचा अनुसार एकै किसिमका सूचना पनि सरल र जटिल प्रकृतिमा व्यक्त भएको हुन्छ ।

### २.३.७.६ कोड

कोड भनेको भाषा वा भाषिक रूपहरूको छनोट हो । त्यसैले सङ्कथनमा कस्तो प्रकारको कोड प्रयाग गरिएको छ, त्यसले पनि सङ्कथनको स्वरूप र सम्प्रेक्ष्यतामा प्रशस्त प्रभाव पार्ने तात्विक भूमिका खेलेको हुन्छ । कुनै सङ्कथनमा मानक भाषा प्रयोग भएको हुन्छ भने कुनैमा अमानक भाषा, भाषिक र काम चलाउ भाषा पनि प्रयोग भएको हुन्छ ।

### २.३.७.७ परिवेश

सङ्कथनमा व्यक्त भएको विषयलाई परिवेशले पनि प्रभाव पारेको हुन्छ । घरपरिवार विद्यालय, बजार, पसल, कम्प्युटर च्याट, वैठक सभा, औपचारिक तथा अनौपचारिक स्थान र भिन्नताले परिवेश जनाउँदै सङ्कथनमा प्रभाव पारेको हुन्छ ।

## २.३.८ सङ्कथनका युक्तिहरू

सङ्कथनलाई सम्प्रेषणीय बनाउनका निम्ति यसका युक्तिहरूले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । युक्ति भनेको पाठभित्रको सम्बन्ध हो । कुनै पनि पाठलाई पूर्णता प्रदान गर्नका लागि त्यसमा आन्तरिक र बाह्य सम्बन्ध स्थापित गर्नु जरुरी हुन्छ । पाठमा प्रयुक्त भएको बाह्य सम्बन्धलाई सम्बद्धक र आन्तरिक सम्बन्धलाई सम्बद्धन भनिन्छ (पौडेल र अन्य,

२०७१: १९) । सङ्कथनमा रहेको भाषिक अभिव्यक्तिलाई एक आपसमा एकाइगत, सन्दर्भगत एवम् क्रमबद्ध रूपले सम्बन्धित बनाउन निश्चित एकाइ तथा युक्तिहरूले भूमिका निभाएका हुन्छन् (अधिकारी र अन्य, २०६८: १७) । खासगरी सङ्कथनका युक्तिहरू दुईवटा रहेका छन् : सम्बद्धक र सम्बद्धन । यी दुई युक्तिहरूको अभावमा सङ्कथनको स्वरूप तयार नहुने भएकोले यिनीहरूलाई कथ्य र लेख्य सङ्कथनमा महत्त्वपूण जोर्नीका रूपमा लिइन्छ । जसलाई यसरी चर्चा गर्न सकिन्छ :

### २.३.८.१ सम्बद्धक

वाक्यभन्दा माथिल्ला भाषिक एकाइलाई अन्तः सूत्रात्मक रूपमा जोड्ने युक्ति नै सम्बद्धक हो । सार्वनामिक, कालिक र स्थानिक सन्दर्भ तथा संयोजक, पुनरावृत्ति, प्रतिस्थापन, लोप, कोशीय अर्थसम्बन्ध आदि वाक्य वा वाक्यभन्दा माथिल्ला भाषिक एकाइलाई अर्न्तसम्बन्धात्मक बनाउने सङ्कथनात्मक युक्ति नै सम्बद्धक हो (पौडेल, २०६९ : २४) । सम्बद्धकले सङ्कथनभित्र रहेका पद, पदावली, उपवाक्य र वाक्यलाई जोड्दै भाषिक एकाइका बिचमा अन्तर बाह्य समन्वय कायम राख्दछ । यसले पाठभित्रका भाषिक एकाइलाई सम्प्रेषित, बोधगम्य, अर्थपूण र सुनिश्चित सूत्रमा बाँधेर भाषाका रखाइक्रमलाई सुसंगठित बनाउनमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

रचनाको स्वरूप स्तर भन्दा माथिल्लो एकाइलाई एकजुट पार्न सहयोग गर्ने युक्ति भएकाले सम्बद्धक स्थुल प्रकृतिको हुन्छ । सङ्कथनमा बुनोटको सिर्जना गर्न, मितव्ययी ढङ्गले कुराहरू व्यक्त गर्न तथा पाठको प्रभावकारीता बढाउन सम्बद्धकले उल्लेख्य भूमिका खेलेको हुन्छ (भण्डारी र अन्य, २०६८ : १९) । सम्बद्धक सङ्कथनमा प्रयुक्त भाषिक एकाइहरूको जोर्नी हो । उपयुक्त जोर्नीहरूले अभिव्यक्तिगत मितव्ययितामा सहयोग पुऱ्याउँछन् । यसरी भाषिक एकाइमा अन्वित बनाउने र पाठलाई अन्तर सम्बद्धता प्रदान गराउने युक्तिका रूपमा सम्बद्धकले संयोजनकारी भूमिका निभाएको हुन्छ ।

भाषाविद् ह्यालिडे र हड्सनले सन् १०७६ मा सङ्कथनलाई निम्न ५ आधारमा वर्गीकरण गरेको पाइन्छ : प्रसङ्ग/सन्दर्भ, लोप, संयोजन, प्रतिस्थापन र शाब्दिक सम्बद्धक । ह्यालिडे र हड्सनले सम्बद्धकलाई पाँच भागमा विभाजन गरे पनि हेमाङ्गराज अधिकारी (२०६७ : २५३) का अनुसार सम्बद्धकका प्रकारहरू सार्वनामिक, कालिक र स्थानिक,

संयोजक, पुनरावृत्ति, प्रतिस्थापन लोप र कोशीय अर्थ सम्बद्ध रहेका छन् । देवीप्रसाद गौतम (२०६८ : ५७६) का अनुसार सम्बद्धक व्याकरणिक र शाब्दिक वा कोशीय गरी दुई प्रकारका छन् । यी विभाजनलाई आधार मानेर तिनको बारेमा विस्तृत चर्चा यसरी गरिएको छ :

**(१) व्याकरणिक सम्बद्धक**

सङ्कथनको संरचनामा आएका भाषिक बाक्यहरूलाई व्याकरणिक आधारमा जोड्ने सम्बद्धकलाई व्याकरणिक सम्बद्धक भनिन्छ । व्याकरणिक सम्बद्धकले कुनै पनि पाठमा प्रयुक्त भएको भाषाको व्यवस्थालाई जनाउँछ । यसभित्र कुनै पनि भाषा विशेषका व्यकरणिक एकाइहरू पर्दछन् । अतः मूल रूपमा सार्वनामिक शब्द, कालिक र स्थानिक शब्द, संयोजन शब्द, प्रतिस्थापित शब्द, लोपात्मक शब्द वा पदावली र निपातलाई व्याकरणिक सम्बद्धक अन्तर्गत राख्न सकिन्छ जसको चर्चा निम्नानुसार गर्न सकिन्छ :

**(क) सार्वनामिक सम्बद्धक**

सम्बद्धकहरू मध्ये सबैभन्दा महत्त्वपूर्ण भूमिका सार्वनामिक सम्बद्धकहरूले खेलेको हुन्छ । नाम, नामिक शब्द वा विविध सन्दर्भहरूको विकल्पका रूपमा प्रयोग हुने सर्वनामसँग सार्वनामिक सम्बद्धक सम्बन्धित हुन्छ  सङ्कथनमा अभिव्यक्त विचारलाई सङ्गठित बनाउँदै उपयुक्त कार्य कारण शृङ्खलामा बाँधेर विचारलाई अर्थपूण बनाउन सार्वनामिक सम्बद्धकहरूको उपयोग गरिन्छ (पौडेल र अन्य, २०७१ : २१) । सार्वनामिक सम्बद्धकहरूले वाक्यभित्र र वाक्य वाक्य बिचमा कथन घटनालाई सिलसिलेवार, सघन र सुसङ्गठित बनाउन उल्लेख्य भूमिका खेलेका हुन्छन् । यसरी सङ्कथन घटना र वैचारिक शृङ्खलाहरूलाई क्रमिक रूपमा उन्न वा बुन्न भूमिका खेल्ने भाषिक तत्त्वहरूमध्ये सर्वनाम र तिनबाट निर्मित यो, त्यो, जो, जुन, को, के कुन अदि सार्वनामिक विशेषण तथा यहाँ, जहाँ, कहाँ, जसरी, त्यसरी आदि सार्वनामिक क्रियायोगीहरू हुन् ।

**(ख) स्थानिक वा कालिक सम्बद्धक**

ठाउँ र समय श्रृङ्खला देखाउने वा स्थान र कालसँग सिलसिला जोड्ने सन्दर्भपूर्ण शब्द वा पदावलीलाई स्थानिक वा कालिक सम्बद्धक भनिन्छ (पौडेल, २०६९ :२५) । यस्ता सम्बद्धकहरू सार्वनामिक, नामिक र क्रियायोगक आदि विभिन्न प्रकारका हुन्छन् । यहाँ,

त्यहाँ, उहाँ, कता, जता, त्यता, उता, तल, माथि, भित्र, बाहिर, अगाडि, पछाडि, घरबाट, वनमा गाउँबाट, काठमाडौंदेखि, बजारतिर, वासस्थानतर्फ आदिले स्थानिक सन्दर्भलाई जनाउँदछन् भने अहिले, उहिले, पहिले, कहिले, जहिले, त्यसपछि, कहिलेकाहीँ, जहिले पनि, जुनबेला पनि, पोहोर, परार, प्रागुँ, बारम्बार, सधैँ, जतिबेला, खाउनञ्जेल, हाँस्ने बेला, रुने बेला, गत वर्ष, दश वर्ष अघि आदि कालिक सम्बद्धक हुन् ।

### (ग) संयोजक सम्बद्धक

परम्परागत रूपमा संयोजक भनेर चिनिने तथा वाक्य र शब्दको अन्विति गाँस्न आउने रूप वा शब्दको भूमिकालाई संयोजक भन्न सकिन्छ (पौडेल,२०६९ :२५) । यस्ता संयोजकहरूलाई भाषिक रूप वा शब्दहरूको सङ्कथनात्मक घटना वा वैचारिक शृङ्खलालाई अर्थपूर्ण ढङ्गले जोड्न अहम् भूमिका खेल्दछन् । संयोजकको आफैमा स्वतन्त्र अर्थ हुँदैन । यिनले वाक्य विस्तार गर्न, सम्बन्ध जनाउन, समानता देखाउन, अधीनस्थता कायम गर्न, तुलना गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । ह्यालिडे र हड्सनले संयोजकलाई एडिटिभ, एसोसिएटिभ, बजल र टेम्पोरल गरी चार भागमा वर्गीकरण गरेका छन् । संयोजकले पाठमा प्रयुक्त भएका भाषिक संरचनालाई परस्पर अन्वय गरी विचारलाई विशृङ्खलित हुनबाट जोगाउँछ । र, अनि, पनि, तापनि, नत्र, तर, किन्तु, तथापि, भन्ने, भनेर, जब, तब, जहाँ, जसरी, परन्तु, किन्तु आदि संयोजक शब्दहरूले पाठमा भाषिक जोर्नीको भूमिका निर्वाह गरेका हुन्छन् ।

### (घ) प्रतिस्थापन सम्बद्धक

सङ्कथनमा पहिले प्रस्तुत भइसकेको भाषिक सन्दर्भका सट्टा त्यसैसँग मिल्दो अर्को कुनै विशिष्ट भाषिक एकाइको प्रयोग हुनुलाई नै प्रतिस्थापन भनिन्छ (पौडेल र अन्य, २०७१ : २३) । प्रतिस्थापनले अभिव्यक्तिलाई विविधता प्रदान गर्न, भाषिक एकाइहरूको पटक - पटक हुने आववृत्तिलाई रोक्न, लामा - लामा पदावली तथा उपवाक्यका सट्टा एउटै पदले काम चलाउने अभिव्यक्तिलाई छोटो छरितो बनाउन सहयोग पुग्छ । प्रतिस्थापन सम्बद्धकले अर्थगत सम्बन्ध भन्दा भाषिक एकाइगत सम्बन्धलाई सङ्केत गर्दछ । खास गरी कुनै पनि एउटा पद, पदावली, उपवाक्य, वाक्य वा अनुच्छेदको ठाउँमा समानान्तर अर्थ दिने अर्को

शब्द, पदावली, वा अन्य विविध वाक्यात्मक सन्दर्भ राखेर प्रतिस्थापन गर्न सकिन्छ । विशेष गरी प्रतिस्थापन सम्बद्धक निम्नलिखित दुई प्रकारका हुन्छन् :

**(अ) सरल प्रतिस्थापन सम्बद्धक**

भाषाको विभिन्न तहगत (नाम, क्रिया, पदावली, वाक्य) का रूपमा हुने प्रतिस्थापनलाई सरल प्रतिस्थापन भनिन्छ । यसलाई पनि निम्नानुसार वर्गीकरण गर्न सकिन्छ : -

*** नामिक सरल प्रतिस्थापन सम्बद्धक**

नामिक पदको सट्टामा अर्को कुनै शब्दको प्रयोग भई प्रतिस्थापन हुने शब्दलाई नामिक सरल प्रतिस्थापन सम्बद्धक भनिन्छ । जस्तै :

कमल व्यापारी हुन् । उनी ज्यादै चलाख छन् ।

यहाँ 'कमल' र 'उनी' बिचको सम्बन्ध नामिक प्रस्थिापनको सम्बन्ध हो ।

**G क्रियाको प्रतिस्थापन सम्बद्धक**

अघिल्लो वाक्यको क्रियापदको सट्टामा पछिल्लो वाक्यमा अर्को कुनै क्रिया वा पदको प्रतिस्थापन हुन्छ भने त्यो क्रियाको प्रतिस्थापन सम्बद्धक हो । जस्तै :

तिमी गृहकार्य गरिरहेका  छौ । तिमी पनि त त्यसै गरिरहेका छौ ।

माथि 'गृहकार्य' शब्दको सट्टामा 'त्यसै' सर्वनाम आएर प्रतिस्थापन गरेको छ ।

**G उपवाक्य प्रतिस्थापन सम्बद्धक**

अघिल्लो वाक्यमा प्रयुक्त उपवाक्यको स्थानमा पछिल्लो वाक्यमा अर्को कुनै पदावली आउनु उपवाक्य प्रतिस्थापन सम्बद्धक हो । जस्तै :

आमाले आज पानी पर्छ जस्तो छ भन्नुभयो, मलाई पनि त्यस्तै लाग्यो ।

माथिको वाक्यमा आज पानी पर्छ जस्तो छ उपवाक्यको सट्टामा त्यस्तै लाग्यो उपवाक्य प्रतिस्थापन भएको छ ।

**G वाक्य प्रतिस्थापन**

कुनै पनि घटनाको अघिल्लो वाक्यमा प्रयुक्त वाक्यको सट्टामा सोही अर्थ बोध गराउन अर्को वाक्य प्रतिस्थापन हुनुलाई वाक्य प्रतिस्थापन भनिन्छ । जस्तै :

सूर्य पूर्व दिशाबाट उदाउँछ । यो ध्रुवसत्य कुरा हो ।

माथिको सूर्य पूर्व दिशाबाट उदाउँछ भन्ने पूर्ण वाक्यको सट्टामा सोही अर्थ प्रकट गर्न यो ध्रुवसत्य कुरा हो भन्ने वाक्य आएको छ । त्यसैले यसलाई वाक्य प्रतिस्थापन भनिएको हो ।

(आ) **जटिल प्रतिस्थापन सम्बद्धक**

सामान्य भाषिक अभिव्यक्तिलाई उपमा, सङ्केत, विम्ब, प्रतीकद्वारा प्रतिस्थापन गर्ने सम्बद्धकलाई जटिल प्रतिस्थापन सम्बद्धक भनिन्छ ।

(ङ) **लोप सम्बद्धक**

सङ्कथनयुक्त घटना र वैचारिक अभिव्यक्तिमा कतिपय कुराहरू सान्दर्भिक ढङ्गले सजिलै पूर्वानुमान हुन सक्ने भएमा तिनको लोप गरेर पनि सम्बद्धता जनाउन सकिन्छ ( पौडेल, २०६९ : २६) । सङ्कथनमा व्यक्त भएका कुनै पनि अवस्थामा लेखक र पाठक निकट स्थितिले गर्दा अथवा सम्बन्ध र सन्दर्भगत समानताले गर्दा पनि लोपको स्थिति देखा पर्न जान्छ । कुनै एक वाक्य भित्रका उपवाक्यमा भएको एकै नाम, क्रिया, सहायक क्रिया आदिको पटक पटक प्रयोग नगरी जनाउबाट तिनको अर्थ सङ्गति कायम हुन सक्ने स्थिति भएमा दोहोरिएका संरचनालाई नदेखिने गरी हटाउनु नै लोप हो । पाठमा लोप भएका तत्त्वलाई पाठकले पूर्वप्रसङ्ग र परप्रसङ्ग आदिका माध्यमबाट अध्ययन गरेर बुझ्न सजिलो हुन्छ ।

### (च) निपात सम्बद्धक

निपातलाई पनि व्याकरणिक सम्बद्धक अन्तर्गत राख्न सकिन्छ । सङ्कथन विश्लेषणका सम्बन्धमा चर्चा गर्ने विद्वान्हरूले व्याकरणिक सम्बद्धकअर्न्तगत राखेको यसलाई पाइँदैन (पौडेल र अन्य,२०७१ :२४) । सङ्कथनमा सम्बद्धकको रूपमा काम गर्ने केही निपातरूपी सम्बद्धकहरूमा त, नि, पो, र, ल, ए, कि, के, चाहिँ, क्यारे, है, न, या, रे, कि, हगि, खै, लौ, है आदि रहेका छन् । निपात सम्बद्धकको प्रयोग वाक्यको आदि, मध्य वा अन्तमा जहाँ पनि हुन सक्छ ।

### (२) कोशीय सम्बद्धक

पाठमा प्रयुक्त भएको खुला किसिमको भाषिक व्यवस्था र सम्बन्धलाई कोशीय कोहेजनअर्न्तगत राख्न सकिन्छ । कुनै व्यक्ति, घटना, विषयसँग सम्बन्धित भएर यस्ता सम्बद्धकहरूले सूचना सम्प्रेषित गरेका हुन्छन् । कोशीय सम्बद्धकको सङ्ख्या निश्चित हुन्छ । यस्ता कोशीय शब्दहरू मुक्त वर्गअर्न्तगत पर्दछन् । कुनै पनि पाठमा कोशीय सम्बद्धकहरूलाई व्यवस्थित ढङ्गले संरचना प्रदान गरिएको हुन्छ । विभिन्न अर्थ सम्बन्ध भएका पर्यायवाची, विपरीतार्थी, श्रृतिसमभिन्नार्थी, लघुवाची, समावेशी, सन्निधानयुक्त आदि विविध शब्दहरूको विशेष भूमिका कोशीय सम्बद्धकमा निहित रहेको हुन्छ । कोशीय सम्बद्धकहरूको सङ्क्षिप्त चर्चा निम्नानुसार गर्न सकिन्छ :

### (क) पर्यायवाची सम्बद्धक

कुनै एउटा शब्दले व्यक्त गर्ने अर्थलाई अर्को शब्दबाट बोध गराइन्छ भने त्यस्तो अवस्थालाई पर्यायवाची कोशीय सम्बद्धक भनिन्छ । यिनले सङ्कथनमा विचारको शृङ्खला निर्माण गर्न सघाउँदछन् । यो सम्बद्धक पूर्ण र आंशिक गरी दुई प्रकारको हुन्छ । कुनै पनि भाषामा पर्यायवाची शब्दहरू खुला व्यवस्था अन्तर्गत आउन सक्छन् । जस्तै : आमालाई बुझाउने शब्द माता, जननी, माँ, ममी, मामु, आदि । पाठमा यस्ता पर्यायवाची शब्दहरूले विचारको पुष्टिका क्रममा भाषालाई विशृङ्खलित नभई सङ्केतिक सन्दर्भतर्फ प्रवेश गराउँछन् ।

### (ख) विपरीतार्थी सम्बद्धक

कुनै पनि शब्दले दिने अर्थ भन्दा उल्टो अर्थ बुझाउने शब्दलाई विपरीतार्थी सम्बद्धक भनिन्छ । कतिपय शब्दको अर्थ स्पष्ट पार्न विपरीतार्थी शब्दको आवश्यकता पर्दछ । कुनै शब्द पूर्ण विपरीत तथा कुनै शब्द आशिंक रूपमा विपरीतार्थक हुन्छन् । विपरीतार्थी सम्बद्धक कोशीय शब्द श्रेणीबद्ध, परिपूरक र विरुद्धार्थक गरी तिन प्रकारका हुन्छन ।

### (ग) समावेशात्मक सम्बद्धक

कुनै एउटा शब्द आउँदा धेरै शब्दको अर्थ समावेश हुन्छ भने त्यस्ता शब्दलाई समावेशात्मक सम्बद्धक भनिन्छ । समाबेशक र समावेशित दुई प्रकारका शब्द समावेशात्मकमा हुन्छन् । जसले शब्दमा अन्य अर्थ स्वतः समाविष्ट गराउँछ त्यो समावेशक हो भने समावेश हुन आउने शब्दहरू समावेशित हुन जान्छन् । जस्तै : मखमली, सयपत्री, गोदावरी, लालुपाते, सुनाखरी आदि समावेशित शब्द हुन् भने फूल ती शब्दहरूको समावेशक शब्द हो ।

### (घ) सन्निधान वा सहप्रयोग

कुनै पनि पद, पदावली र वाक्य खास सन्दर्भ वा पद, पदावली वा वाक्यसँग मात्र आउन सक्छन् भने तिनलाई सन्निधान भनिन्छ । सन्निधान भनेको सहप्रयोग गर्नु हो । कुनै एउटा शब्द खास अर्को शब्दको साथमा मात्र आउने तर त्यही शब्द जुन पायो त्यही शब्दसँग आउन नसक्ने स्थितिलाई बुझाउँछ । सन्निधान सहप्रयोग सम्बद्धक शब्दले सङ्कथनका सन्दर्भमा शब्द र वाक्यबिच शृङ्खला मिलाउन तथा भाव विचारलाई प्रभावकारी बनाउन महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

### (ङ) अनेकार्थी

पाठमा प्रयुक्त भएका भाषिक एकाइहरूले एक भन्दा बढी अर्थ बुझाएमा त्यो अनेकार्थी सम्बद्धक हो । सङ्कथनमा अनेकार्थी शब्दहरूले महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । एउटै शब्दद्वारा अनेक अर्थ बुझाउन आउने यस्ता शब्दहरूले एकातिर पाठलाई भाषिक दृष्टिकोणबाट संशक्त बनाउन टेवा पुर्‍याउँछन् भने अर्कातिर पाठमा अर्थ सम्बद्धकको खोजी

गरी वैचारिक अन्तः सूत्रको निरन्तरतालाई कायम राख्दछ । उस्तै शब्दहरूको अर्थगत पहिचान भने प्रयोक्ताले कुन आशयमा प्रयोग गरेको छ, त्यसैका आधारमा अर्थ निहित हुन्छ । धारो विशेष, झगडा गर्नु, मेसिन चलाउनु मध्ये स्वभावतः केलाई सङ्केत गर्न खोजेको हो भन्ने कुरा सन्दर्भद्वारा पहिचान गर्नु पर्दछ । त्यसकारण उसलाई पाठ विश्लेषण अन्तर्गत सम्बद्धक व्यवस्थामा राख्न सकिन्छ र त्यसै अनुसार व्याख्या गर्न सकिन्छ ।

### २.३.८.२ सम्बद्धन

सङ्कथनको दोस्रो महत्त्वपूर्ण युक्ति सम्बद्धन हो । वक्ताले भनेका वा लेखकले व्यक्त गरेका अभिव्यक्तिलाई श्रोता वा पाठकले बुझ्न वा ग्रहण गर्न वक्ता-श्रोता वा लेखक-पाठक बिचमा आपसी अन्तः सूत्र स्थापित हुनु जरुरी हुन्छ (पौडेल, २०६९ :२७) । पाठमा रहेका भाव वा अभिव्यक्तिलाई एउटा निश्चित क्रममा उन्नु, बुन्नु र सिलसिलेवार बनाउने सङ्कथनको युक्ति सम्बद्धन हो । कुनै पनि पाठका विविध अर्थ सन्दर्भ र पाठको विषयबोध गर्नका लागि भाषिक जोर्नी अथवा सम्बद्धन भएर मात्र पुग्दैन । त्यसका लागि प्रस्तोता र बोद्धाको अनुभव परिवेश पनि मिल्नु जरुरी हुन्छ । त्यसकारण सङ्कथन वा पाठ विश्लेषणमा समबद्धनको केन्द्रिय भूमिका रहन्छ ।

वास्तवमा सम्बद्धन भनेको पाठ भित्र प्रस्तुत भएको भाषिक संरचनामा टेकेर प्राप्त हुने अर्थ नै सन्दर्भ हो (पौडेल र अन्य, २०७१ : २७) । सम्बद्धक भाषातात्विक पक्षसँग सम्वन्धित हुन्छ भने सम्बद्धन भाषेतर वा परिवेशात्मक पक्षसँग सम्बन्धित हन्छ । वस्तुतः सम्बद्धक भनेको सङ्कथनको बाह्य सतहमा रहने युक्ति हो भने सम्बद्धन भनेको सङ्कथनको आन्तरिक तहमा घुलिएर बोध गराउने अभिव्यक्ति हो । कुनै पनि पाठबाट खास किसिमको विवरणगत र वर्णगत अनुक्रम आवश्यकता पर्दछ । विषय प्रसङ्ग र घटनाक्रम स्वभाविक रूपमा सिलसिलाबद्ध भएर प्रस्तुत भएमा त्यसले बोद्धालाई विषयको बोध गर्न सजिलो हुन्छ । त्यसपछि मात्र पाठमा सम्बद्धनको सही पालना भएको ठहरिन्छ ।

सम्बद्धन भाषाका लेख्य र कथ्य पाठका अंशहरूका बिचमा सम्बन्ध देखाउने अभिव्यक्तिको सङ्गठन पक्षसँग सम्बन्धित हुने भएकाले यसले विषयवस्तुको भित्रि सतहमा संयोजन गर्ने कार्य गर्दछ (भण्डारी र अन्य, २०६८ : १८) । भाषामा अभिव्यक्तिको भाव बुझ्नका लागि अभिव्यक्तिको शृङ्खला मिलेको नै हुनुपर्दछ । अघिल्लो वाक्यले व्यक्त गर्न

खोजेको विचार पछिल्लो वाक्यबाट प्रकटित भाव आएकै हनुपर्दछ । त्यही क्रमलाई नै वैचारिक निरन्तरताको क्रम भनिएको हो । सङ्कथन र पाठको आन्तरिक अन्विति स्थापित गर्न सम्बद्धनले प्रभावकारी भूमिका निभाएको हुन्छ । सङ्कथनमा सम्बद्धनको रूपमा देखापर्ने अभिव्यक्तिगत क्रमिकता तथा आर्थी सम्बद्धनलाई निम्नलिखित रूपमा देखाउन सकिन्छ :

(क) **सामान्य विशिष्ट सम्बन्ध**

सङ्कथनमा अभिव्यक्त भएको पहिलो वाक्य सामान्य र दोस्रो विशिष्ट रूपमा प्रस्तुत हुने स्थितिलाई सामान्य विशिष्ट सम्बन्ध भनिन्छ । यस प्रकारको सम्बन्धमा अघिल्लो वाक्यले पूर्ण भाव र पछिल्लो वाक्यले अंश भाव वहन गर्दछ ।

(ख) **विशिष्ट सामान्य सम्बन्ध**

सङ्कथनमा प्रयुक्त पहिलो वाक्य विशिष्ट र दोस्रो वाक्य सामान्य रूपमा प्रस्तुत हुने स्थितिलाई विशिष्ट सामान्य सम्बन्ध भनिन्छ । यस प्रकारको सम्बन्धमा अघिल्लो वाक्यले अंश भाव र पछिल्लो वाक्यले पूर्णभाव बोकेको हुन्छ ।

(ग) **कार्य कारणको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त अघिल्लो वाक्यम कार्य प्रस्तुत भएको र पछिल्लो वाक्य अघिल्लो वाक्यको कार्यको कारणको रूपमा प्रस्तुत हुनुलाई कार्य कारणको सम्बन्ध भनिन्छ । यसमा किनकी, किनभने, की जस्ता संयोजकहरूको प्रयोग भएको हुन्छ ।

(घ) **कारण कार्यको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त अघिल्लो वाक्यम कारण प्रस्तुत भई पछिल्लो वबक्यमा कार्यको प्रस्तुत हुनुलाई कारण कार्यको सम्बन्ध भनिन्छ । यस्तो सम्बन्धमा यस कारण, त्यसकारण कि जस्ता संयोजकहरूको प्रयोग भएको पाइन्छ ।

**(ङ) प्रभाव परिणामको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त अघिल्लो वाक्यको प्रभावमा रहेर त्यसको प्रभाव स्वरूप पछिल्लो वाक्यमा प्रयोग हुने स्थिति प्रभाव परिणामको सम्बन्ध हो । यसमा फलतः तसर्थ, फलस्वरूप, परिणाम स्वरूप, त्यसैले जस्ता संयोजकहरूको प्रयोग गरिएको हुन्छ ।

**(च) परिणाम प्रभाव सम्बन्ध**

सङ्कथनमा प्रयुक्त पछिल्लो वाक्यको परिणाम स्वरूप अघिल्लो वाक्यको प्रभाव रहने स्थिति परिणाम प्रभाव सम्बन्ध हो ।

**(छ) परिवेश घटनाको सम्बन्ध**

पहिले कुनै परिवेशको चर्चा गरेपछि उक्त परिवेशमा घटेको कुनै घटनाबारे बताउनुलाई परिवेश घटनाको सम्बन्ध भनिन्छ ।

**(ज) घटना परिवेशको सम्बन्ध**

पहिलो वाक्यमा कुनै घटनाको चर्चा गरी दोस्रो वाक्यमा परिवेशको वर्णन गर्नुलाई घटना परिवेशको सम्बन्ध भनिन्छ ।

**(झ) अप्रत्यक्ष सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यहरूका बिचमा प्रत्यक्ष रूपमा सम्बन्ध नरहेको जस्तो लाग्ने वा झट्ट हेर्दा नदेखिने खालको अदृश्य हुने तर कुनै न कुनै किसिमले परोक्ष रूपमा ती वाक्यहरूको बिचमा आपसी सम्बन् राख्दछ भने त्यस्तो सम्बन्धलाई अप्रत्यक्ष सम्बन्ध भनिन्छ । यस किसिमको सम्बन्धलाई शीर्ष अप्रत्यक्ष पूरक, अप्रत्यक्ष सम्बन्ध पनि भन्ने गरेको पाइन्छ ।

**(ञ) आर्थी पर्यायको सम्बन्ध**

कुनै दुई वाक्यहरूमा रूपगत समानता नभए पनि अर्थगत वा भावगत दृष्टिले समान छन् भने ती वाक्यहरूको सम्बन्धलाई आर्थी पर्यायको सम्बन्ध भनिन्छ । यस्तो

सम्बन्ध भएको वाक्यहरूमा संरचनागत समानता नभए पनि आशयगत एकरूपता भने पक्कै पाइन्छ ।

### (ट) आर्थी विपर्यायको सम्बन्ध

आर्थी विपर्यायलाई विपरीतार्थी वा विपरीतबोधक सम्बन्ध मानिन्छ । अघिल्लो वाक्यले व्यक्त गरेको आशयले ठिक विपरीत अर्थ प्रकट गर्दै पछिल्लो वाक्य आउनुलाई आर्थी विपर्याय सम्बन्ध भनिन्छ ।

### (ठ) स्पष्टोक्ति सम्बन्ध

सङ्कथन वा पाठमा कुनै विचार वा अभिव्यक्तिलाई स्पष्ट पार्न आवश्यक हुन्छ । कुनै धारणा वा विचारसँग केन्द्रित रहेर दिइने स्पष्टोक्तिबाट पनि पाठको अर्थ सम्बन्धलाई केलाउन सकिन्छ । अझ स्पष्ट रूपमा भन्नुपर्दा पाठमा अभिव्यक्त भएका दुई वाक्यहरूमध्ये पहिलो वाक्यले व्यक्त गरेको आशयलाई स्पष्ट पार्न  वा प्रस्टीकरण दिनका लागि दोस्रो वाक्य आएमा ती दुई वाक्य बिचको सम्बन्धलाई स्पष्टोक्ति सम्बन्ध भन्न सकिन्छ ।

### (ड) प्रयोजनको सम्बन्ध

यसलाई उद्देश्यको सम्बन्ध पनि भन्ने गरिन्छ । पाठमा प्रयुक्त हुन सक्ने विभिन्न अर्थ सम्बन्धहरू मध्ये प्रयोजनको सम्बन्ध पनि महत्त्वपूर्ण मानिन्छ । पाठमा प्रयुक्त वाक्यहरूमध्ये एउटा वाक्य अर्को वाक्यमा निहित भावको प्रयोजन देखाउन आएमा त्यहाँ प्रयोजनको सम्बन्ध रहेको मानिन्छ । यसमा एउटा वाक्यले अर्को वाक्यको प्रयोजन देखाउँदछ । यस अन्तर्गत भनेर भन्नका लागि, भन्नका निम्ति, भन्ने उद्देश्यले ठानी आदि जस्ता सम्बद्धकको प्रयोग भएको हुन्छ ।

### (ढ) अनुमानको सम्बन्ध

विचार, घटना, प्रसङ्ग आदिसँग सम्बन्धित भएर श्रोताले प्रस्तुत गरेको अनुमानका आधारमा पनि पाठमा प्रयुक्त अर्थ सम्बन्धलाई पत्ता लगाउन सकिन्छ । पाठमा भएको अघिल्लो वाक्यसँग सम्बन्धित भएर पछिल्लो वाक्यमा अनुमान प्रकट गरियो भने ती वाक्यका बिचको सम्बन्धलाई अनुमानको सम्बन्ध भनिन्छ ।

(ण) **परिचयात्मक सम्बन्ध**

पाठमा रहेको परिचयात्मक सम्बन्धका आधारमा पनि वैचारिक अन्तः सूत्रको निरन्तरता कायम भएको हुन्छ । पाठको वाक्यमा प्रयोग भएकामध्ये अघिल्लो वाक्यमा कुनै कुराको परिचय र पछिल्लो वाक्यमा त्यसका विशेषता वर्णन गरिएमा ती वाक्यका बिचको सम्बन्धलाई परिचयात्मक सम्बन्ध भनिन्छ ।

(त) **समुच्चयबोधक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त कुनै दुई वाक्यहरू एक अर्कामा अर्न्तभूत नभई समानान्तर सम्बन्धमा रहेको वा रहने अवस्थालाई समुच्चयबोधक सम्बन्ध भनिन्छ । यस किसिमको सम्बन्धमा एउटा वाक्यले अर्को वाक्यको अर्थ स्पष्तट पार्न मद्दत गर्दछ ।

(थ) **व्याख्यात्मक सम्बन्ध**

व्यक्ति, वस्तु, स्थान, परिवेश, घटना, सन्दर्भ आदिको व्यवस्थित व्याख्या गर्ने क्रममा पनि पाठमा वैचारिक निरन्तरता कायमै रहन्छ । पाठमा प्रयुक्त दुई वाक्यमध्ये पहिलो परिचयका क्रममा र दोस्रो त्यसको पृष्टिको लागि आएका ती वाक्यहरू बिचको अर्न्तसम्बन्धलाई व्याख्यात्मक सम्बन्ध भनिन्छ । व्याख्यात्मक सम्बन्ध अन्तर्गत के, किनभने आदि संयोजकहरूको प्रयोग हुन्छ ।

(द) **निहितार्थ सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यहरूमध्ये अघिल्लो अर्थ पछिल्लो वाक्यमा र पछिल्लो वाक्यको अर्थ अघिल्लोमा समावेश भएमा ती वाक्य बिचको सम्बन्धलाई निहितार्थ सम्बन्ध भनिन्छ । निहितार्थ सम्बन्धले पनि पाठमा प्रयुक्त भएको वैचारिक निरन्तरतालाई नै सङ्केत गरेको हुन्छ ।

(ध) **रीतिबोधक सम्बन्ध**

रीतिले प्रस्तुतिको शैलीलाई जनाउँदछ । सङ्कथनमा प्रयुक्त कार्य वा घटनाको शैली बुझाउन प्रयोग हुने भाषिक घटक बिचको सम्बन्धलाई रीतिबोधक भनिन्छ । पाठमा प्रयुक्त

भएका वाक्यहरूमध्ये कुनै विचार पक्षसँग र कुनै त्यस विचारको प्रस्तुति ढाँचासँग सम्बन्धित भई एक आपसमा अनुवन्धित भएमा तिनमा रीतिबोधक सम्बन्ध रहेको कुरा स्पष्ट हुन्छ ।

**(न) अनुक्रमबोधक सम्बन्ध**

पाठमा प्रयुक्त सम्बद्धनको पहिचान गर्न, विचार, विषय, सन्दर्भ, आदिको आनुक्रमिक सम्बन्ध रहे नरहेको आधारमा पनि महत्त्वपूर्ण हुन्छ । यस्तो सम्बन्ध जनाउन र, अनि, त्यसपछि जस्ता संयोजकहरूको बढी प्रयोग हुन्छ ।

**(प) प्रश्नोत्तर सम्बन्ध**

विषय, परिवेश, प्रसङ्ग आदिसँग सम्बन्धित भएर पाठमा प्रस्तुत भएको प्रश्नोत्तरले पनि सम्बद्धनको भूमिका निर्वाह गरेको हुन्छ । सङ्कथनमा प्रयुक्त भएका वाक्यमध्ये अघिल्लो र पछिल्लो दुवै वाक्य प्रश्नका रूपमा आएका छन् भने ती वाक्यका बिचको सम्बन्धलाई प्रश्नार्थक सम्बन्ध भनिन्छ ।

**(फ) आज्ञार्थ सम्बन्ध**

सङ्कथनमा प्रस्तुत गरिएका वाक्यहरूमध्ये अघिल्लो वा पछिल्लो वाक्यसँगै सम्बन्धित रहेर त्यसपछि प्रस्तुत वाक्यमा आज्ञार्थ भाव प्रकट गरिनुलाई आज्ञार्थ र ती दुई वाक्य बिचको सम्बन्धलाई आज्ञार्थ सम्बन्ध भनिन्छ । यस्तो यस्तो सम्बन्धमा अघिल्लो वाक्य वा पछिल्लो वाक्यार्थलाई आधार बनाएर कुनै कार्यका लागि व्यक्तिलाई आज्ञा वा आदेश दिएको हुन्छ ।

**(ब) पुनरुक्ति सम्बन्ध**

सङ्कथनमा प्रयुक्त एउटै वाक्यभित्र वा दुई वाक्यका बिचमा एउटै घटक दोहोरिएर समान अर्थ बुझाएमा ती दुई वाक्यका बिचमा पुनरुक्ति सम्बन्ध रहेको हुन्छ । यसले अर्थ स्पष्ट पार्नमा मद्दत गर्दछ ।

**(भ) प्रश्नार्थक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यहरूमध्ये पहिलो वाक्य प्रश्नात्मक छ र त्यसै वाक्यसँग सम्बन्धित भएर दोस्रो वाक्य पनि प्रश्नात्मक रूपमा नै आएमा त्याहाँ प्रश्नात्मक सम्बन्ध रहेको हुन्छ ।

**(म) शीघ्रताबोधक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त कुनै दुई वाक्यमा घटित घटना वा कार्यसँग सँगै वा छिट्टै भएको देखिनुलाई शीघ्रताबोधक सम्बन्ध भनिन्छ । यस्तो सम्बन्धमा अघिल्लो कार्य वा घटनापछि पछिल्लो कार्य वा घटना तुरुन्तै भएको वा घटेको देखाइनछ ।

**(य) इन्द्रिय मस्तिष्कको सम्बन्ध**

सङ्कथनमा आएका वाक्यहरूमध्ये पहिलो वाक्यमा इन्द्रियगोचर कार्य घटना वा यथार्थ  प्रस्तुत भई पछिल्लो वाक्यमा त्यसले पारेको मनोवैज्ञानिक प्रभाव देखिनुलाई इन्द्रिय मस्तिष्कको सम्बन्ध भनिन्छ । यस्तो सम्बन्धमा अघिल्लो कार्य वा घटनाको परिणामस्वरूप उत्पन्न हुने भय, डर, आश्चर्य, शङ्का, घृणा दोस्रो वाक्यमा प्रस्तुत हुन्छ ।

सङ्कथनको संरचनामा उपर्युक्त विभिन्न प्रकारका विशिष्ट भूमिका रहेको हुन्छ । सम्बद्धक भाषिक एकाइहरूलाई जोड्ने जोर्नीका रूपमा र सम्बद्धन वैचारिक शृङ्खलालाई जोड्ने जोडकका रूपमा क्रियाशिल हुँदामात्र सङ्कथनले खास आकार ग्रहण गर्दछ, त्यस्तो सङ्कथन बोधगम्य र सम्प्रेष्य एवम् प्रभावकारी हुन्छ  । सङ्कथन विश्लेषणमा वाक्यान्तरिक र वाक्येतर संरचनालाई सुगठित बनाउने सम्बद्धक तथा वाक्येतर अभिव्यक्तिलाई सिलसिलेवर बनाउने सम्बद्धन दुवैको भूमिका महत्त्वपूर्ण रहेको छ ।

### २.३.९ सङ्कथन विश्लेषण्को महत्त्व

सङ्कथनमा कुनै पनि व्यक्तिले आफूलाई वक्ताका रूपमा प्रस्तुत गरेको र कुनै व्यक्ति वा विषयप्रति आफ्नो भनाइलाई सङ्गठित गरेको हुन्छ । यसर्थ सङ्कथन भनेको त्यस्तो उच्चारण हो जसमा वक्ता, श्रोता र विषय अपेक्षित हुन्छ र समाहित भएको हुन्छ । सङ्कथनमा वक्ताको अभिव्यक्तिमाथि प्रभाव पार्ने बहुपक्षीय कुराकानी वा बातचितदेखि

लिएर विस्तारसहितका विभिन्न प्रकार वा प्रकृतिको मौलिक कथन वा यसलाई अभिव्यक्त गर्ने खास प्रकारको प्रस्तुतिको ढाँचा, विधि वा पद्धति अपेक्षित हुने लेखन (सिफारिस, स्मृतिपत्र, प्रहसनजस्ता वाङ्मयका सबै विधा) पर्दछन् । यस अन्तर्गत डाक्टर र विरामीका कुराकानी, कुनै औपचारिक व्याख्यान, भाषण वा संभाषण, धार्मिक प्रवचन, कुनै खास विशिष्ट कथन, बैठक, अन्तर्वार्ता, विमर्श, परामर्श, संवाद, भलाकुसारी, चिठीपत्र, समाचारपत्र, लेख, विज्ञापन, गीति सङ्कथन, कथन आदिका साथै आख्यात्मक सङ्कथन र महाकाव्य सङ्कथन जस्ता उच्च तहका कथन तथ संरचना वा विधा निर्धारित संरचना लगायत जुनसुकै पाठ पर्दछन् ।

भाषाको माध्यमबाट अभिव्यक्त मानवीय विचार अनुभूति तथा भावनाहरूलाई खास किसिमको एकाइभित्र उनेर एकीकृत गर्न तथा अन्वितिपूर्ण बनाउन प्रयोग गरिने तत्त्वलाई सङ्कथनका युक्तिहरू (सम्बद्धक र सम्बद्धन) भनिन्छ । सङ्कथनको स्वरूपमा कुनै एक वाक्यलाई अर्को वाक्यसँग जोड्ने, तुलना गर्ने, विस्तार गर्ने जस्ता भूमिका सम्बद्धकले गर्दछ । व्याकरणिक सम्बद्धकमा सार्वनामिक, स्थानिक, कालिक, संयोजक, लोप र निपात रहेका छन् भने कोशीय सम्बद्धक अन्तर्गत पर्यायवाची, विपरीतार्थी, समावेशक, समावेश्य र सन्निधान रहेका छन् । सङ्कथन र परिवेश बिचको आपसी सम्बद्धतालाई सम्बद्धन भनिन्छ । यो सङ्कथनको आन्तरिक जोर्नीको रूपमा रहेको हुन्छ । सङ्कथनमा सम्बद्धनलाई सामान्य विशिष्ट, विशिष्ट सामान्य, कार्य कारण, कारण कार्य, प्रभाव परिणाम, परिणाम प्रभाव, परिवेश घटना, घटना परिवेश, आर्थी पर्याय, आर्थी विपर्याय, समुच्चयबोधक, रीतिबोधक, शीघ्रताबोधक, आज्ञार्थ, निहितार्थ र इन्द्रिय मस्तिष्कको सम्बन्ध गरी विश्लेषण गर्ने गरिन्छ । सम्बद्धक र सम्बद्धनको उचित प्रयोगले सङ्कथन प्रभावकारी र पूर्ण बन्दछ । त्यसैले सङ्कथन विश्लेषणलाई महत्त्वपूर्ण मानिन्छ ।

मानव अनुभवहरूलाई खास एकीकृत गर्नु सङ्कथनको कार्य हो । सङ्कथन संरचना मात्र होइन यो भाषेतर तत्त्वहरूबाट आबद्ध र निर्धारित हुन्छ । सङ्कथन भाषाको यस्तो फैलावट हो जुन सन्दर्भबद्ध भएर मात्र प्रकटित हुन्छ । मुख्यतः अर्थपूर्ण, अन्वितिपूर्ण र सन्दर्भपूर्ण अभिव्यक्ति हुनु नै यसको पहिचान हो । तसर्थ सङ्कथन मानवीय सामाजिक अनुभवका विविध स्वरूप भएकोले यिनको अध्ययन तथा विश्लेषणको प्रशस्त महत्त्व रहन्छ ।

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

यस अनुसन्धानात्मक कार्यलाई प्रभावकारी रूपमा सम्पन्न गर्नका लागि विभिन्न किसिमका अध्ययन विधि र प्रक्रिया अपनाइएको छ । जसलाई तल विस्तारमा चर्चा गरिएको छ ।

## ३.१ अध्ययनको क्षेत्र

अध्ययन कार्यमा कक्षा नौको अनिवार्य नेपाली पाठ्यपुस्तकमा रहेको रूपक विधालाई लिइएको छ । रूपक विधा अन्तर्गत 'मानव वेचविखन विरूद्ध हाम्रो दायित्व' वक्तृतालाई अध्ययन क्षेत्रको रूपमा छनोट गरिएको छ । उक्त वक्तृतामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको मात्र अध्ययन विश्लेषण गरिएको छ ।

## ३.२ नमुना छनोट पद्धति

अध्ययन क्षेत्रको सम्पूर्ण एकाइलाई नमुनाका रूपमा छान्न सम्भव नभएकाले यस अध्ययनमा कक्षा नौको अनिवार्य नेपाली पाठ्यपुस्तकमा रहेका सबै रूपक विधालाई छनोट नगरी 'मानव वेचविखन विरूद्ध हाम्रो दायित्व' वक्तृतालाई अध्ययनको लागि छनोट गरिएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलन पद्धति

यस शोधकार्यलाई व्यवस्थित र वैज्ञानिक ढङ्गबाट अगाडि बढाइ निर्दिष्ट उद्देश्य हासिल गर्नका लागि वर्णनात्मक ढाँचामा आधारित रहेर पुस्तकालयीय अध्ययनको उपयोग गरिएको छ । विभिन्न सङ्कथनसम्बन्धी लेख र सन्दर्भलाई तथ्याङ्कको रूपमा लिइएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका स्रोत

यस शोधकार्यका लागि देहाय बमोजिमका दुई वटा स्रोतबाट तथ्याङ्क सङ्कलन गरी अध्ययन विश्लेषण गरिएको छ :

### ३.४.१ प्राथमिक स्रोत

प्रस्तुत अध्ययनमा सामग्री सङ्कलनको प्राथमिक स्रोतको रूपमा कक्षा नौको रूपक विधा अन्तर्गत 'मानव वेचविखन विरूद्ध हाम्रो दायित्व' वक्तृतालाई लिइएको छ ।

### ३.४.२ द्धितीयक स्रोत

सङ्कथन विश्लेषणसँग सम्बन्धित लेखहरू, प्रकाशित र अप्रकाशित पुस्तकहरू, अध्ययन प्रतिवेदनहरू तथा विज्ञहरूको सल्लाह, सुझाव र परामर्शलाई द्धितीयक स्रोतको रूपमा लिइएको छ ।

## ३.५ सङ्कलित सामग्रीको व्याख्या तथा विश्लेषण

प्रस्तुत अध्ययनमा 'मानव वेचविखन विरूद्ध हाम्रो दायित्व' वक्तृतामा प्रयुक्त सम्बद्धक र सम्बद्धनलाई प्रकार सहित विभाजन गरिएको छ । सङ्कलित सामग्रीलाई अध्ययनको उद्देश्य अनुरूप व्याख्या गरिएको छ । सङ्कथन विश्लेषणको सैद्धान्तिक धरातलमा टेकेर तालिकीकरण गर्दै अध्याय चार र पाँचमा भाषा वैज्ञानिक रूपमा गुणात्मक विश्लेषणको प्रस्तुतिकरण गरिएको छ । अध्याय छमा प्रस्तुत अध्ययनलाई निचोडसम्म पुर्‍याइएको छ ।

प्रस्तुत अध्ययनमा प्रयुक्त व्याकरणिक सम्बद्धकमा सार्वनामिक, स्थानिक, कालिक, संयोजक, लोप र निपात रहेका छन् भने कोशीय सम्बद्धकमा पर्यायवाची, विपरीतार्थी, समावेशक, समावेश्य र सन्निधान रहेका छन् जसलाई विस्तृत विश्लेषण गरिएको छ । त्यसै गरी सम्बद्धनलाई सामान्य विशिष्ट, विशिष्ट सामान्य, कार्य कारण, कारण कार्य, प्रभाव परिणाम, परिणाम प्रभाव, परिवेश घटना, घटना परिवेश, आर्थी पर्याय, आर्थी विपर्याय, समुच्चयबोधक, रीतिबोधक, शीघ्रताबोधक, आज्ञार्थ, निहितार्थ र इन्द्रिय मस्तिष्कको सम्बन्ध गरी विश्लेषण गरिएको छ ।

## अध्याय : चार

# व्याख्या र विश्लेषण

## ४.१ रूपक विधामा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

कक्षा नौको अनिवार्य नेपाली पाठ्यपुस्तकमा रहेका रूपक विधा अन्तर्गत प्रस्तुत अध्ययनमा 'मानब बेचबिखन विरूद्ध हाम्रो दायित्व' वक्तृताको वाक्यहरूका बिचमा रहेका सम्बद्धक पहिचान र विश्लेषण गरिएको छ । जसका लागि प्रत्येक वाक्यलाई छुट्टा छुट्टै रूपमा प्रस्तुत गरी तिनमा रहेका वाक्यहरूका बिच बाह्य सम्बन्ध देखाउन आउने सम्वद्धकको पहिचान गरी तालिकामा प्रस्तुत गरिएको छ साथै ती सम्बद्धकहरूको विश्लेषण पनि गरिएको छ । प्रत्येक वाक्य वाक्य बिचमा प्रयुक्त सम्बद्धकलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### ४.१.१ सार्वनामिक सम्बद्धक

नाम, नामिक शब्द वा विविध सन्दर्भहरूको विकल्पका रूपमा प्रयोग हुने सर्वनामसँग सार्वनामिक सम्बद्धक सम्बन्धित हुन्छ । सङ्कथनमा अभिव्यक्त विचारलाई सङ्गठित बनाउँदै उपयुक्त कार्य कारण शृङ्खलामा बाँधेर विचारलाई अर्थपूण बनाउन सार्वनामिक सम्बद्धकहरूको उपयोग गरिन्छ त्यसैले निर्धारित पाठमा के कस्ता सार्वनामिक सम्बद्धक प्रयोग भएका छन् । तिनलाई निम्नानुसार शीर्षकमा विश्लेषण गरिएको छ :

**(क) पुरुषवाचक सार्वनामिक सम्बद्धक**

निर्धारित वक्तृतामा प्रयुक्त पुरुषवाचक सार्वनामिक सम्बद्धकहरू

**तालिका नं.१**

| प्रथम पुरुष | द्वितीय पुरुष | तृतीय पुरुष |
|---|---|---|
| म, मेरो, मैले, हामी, हाम्रो | तपाई | यो, उनीहरू, तिनीहरू |

- यसपछि अध्यक्षज्यूको अनुमतिले **म** आजको कार्यक्रमलाई अगाडि बढाउँछु ।(१)

- आजको वक्तृत्वको विषय छ, 'मानव बेचबिखन विरुद्ध **हाम्रो** दायित्व' । (३)
- अब **म मेरा** मित्र मोहम्मद आलमलाई आफ्नो मन्तव्य राख्नका लागि आमन्त्रण गर्दछु । (१०)
- सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, निर्णायक मण्डल, गुरुवर्ग तथा **मेरा** साथीहरू । (११)
- आजको वक्तृत्व प्रतियोगिताको विषय 'मानव बेचबिखन विरूद्ध **हाम्रो** दायित्व' हो । (१२)
- यस विषयमा आफ्ना विचारहरू राख्न पाउँदा **मैले** आफूलाई धन्य ठानेको छु । (१३)
- घर फर्केपछि पनि **उनीहरू**ले परिवार तथा समाजबाट तिरस्कृत हुनुपर्छ । (२७)
- अन्त्यमा, **म** यति मात्र भन्छु, बेचबिखनबाट पीडित भएकाहरूको उपर्युक्त पुर्नस्थापना कार्यक्रम सञ्चालन गर्नुपर्दछ । (३४)
- मानव बेचबिखनका बिरुद्ध सबै एकजुट हुन सकेमा मात्र यसलाई पूर्ण रूपमा नियन्त्रण गर्न सकिन्छ भन्ने **मेरो** निष्कर्ष छ । (३५)
- **मेरा** विचारहरू सुनिदिनु भएकोमा हार्दिक कृतज्ञता जाहेर गर्दै आफ्नो भनाइलाई यहीँ बिट मार्छु । (३६)
- मानव बेचबिखन विरूद्ध **हाम्रो** दायित्व शीर्षकमा धारणाहरू राख्न पाउँदा **मलाई** अत्यन्त खुशी लागेको छ । (४०)
- यस विषयमा **म** धेरै चर्चा गर्न चाहान्नँ । (४२)
- **म** अन्य केही महत्त्वपूर्ण पक्षमा प्रकाश पार्ने प्रयास गर्छु । (४३)
- आज **हामी** एक्काइसौं शताब्दीमा छौं । (४७)
- **हामी** भने लाचार भएर मानिसलाई मानिसले नै पशुलाई झैँ बिक्री वितरण गर्ने अमानवीय क्रियाकलाप टुलुटुलु हेर्न विवश छौं । (५०)
- **यो** मानव जातिकै लागि अत्यन्त दुखद् कुरा हो । (५३)
- **यो तपाई हामी** सबैको चुनौती हो । (५७)

- **मेरा** विचारमा मानिसहरू बेचिनु, ठगिनु र बिचल्लीमा पर्नु त आजको समस्या हुँदै हो । (५८)
- **तिनीहरू**बाट अनेक प्राणघातक रोगहरू फैलनु र समाजमा अनेक विकृति र विसङ्गति बढ्दै जानु अर्को समस्या हो । (६०)
- **तिनीहरू** विभिन्न मानसिक र शारीरिक रोग ग्रस्त भएका उदाहरण छन् । (६१)
- **उनीहरू**को पुर्नस्थापनाको व्यवस्था पनि अत्यन्त कमजोर देखिन्छ । (६४)
- सभाध्यक्ष महोदय, **मेरा** विचारमा यस समस्याको मुख्य कारक चेतनाको कमी, गरिबी र बेरोजगारी **नै** हो । (६५)
- यति हुँदाहुँदै पनि **यो** समस्या बढ्दै गएको छ । (७३)
- **हाम्रा** शैक्षिक पाठ्क्रमहरूलाई व्यावसायिक **र** रोजगारमूलक बनाउनु पर्छ । (७५)
- **हामी** विद्यार्थीहरूबाट पनि सचेतनाका कार्यक्रमलाई अगाडि बढाउनुपर्छ । (७७)
- यति भन्दै **म** आफ्नो भनाइलाई पूर्ण विराम दिन्छु । (८१)
- सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, निर्णायक मण्डल, आदरणीय गुरुवर्ग, प्रतियोगी तथा अन्य **मेरा** साथीहरू । (८३)
- **म** मानव बेचबिखन र  निराकरणका सम्बन्धमा आफ्ना विचार व्यक्त गर्छु ।(८५)
- यस्तो स्थितिको सिर्जनाले **हाम्रो** समाज बढी भोक्तावादी हुँदै गएको छ । (८८)
- **हाम्रो** देश नेपालमा विशेष गरी गाउँबाट सहरतिर मानिसहरूको परोक्ष व्यापार हुने गरेको पाइन्छ । (९२)
- बेचबिखनमा परेका कतिपय मानिसहरूको मृगौला लगायतका अङ्गहरू बेच्ने गरेका तथ्यहरू पनि **हाम्रा** सामुन्ने नै छन् । (९५)
- त्यसैले यसको समाधान पनि **हामी** सबै तह र तप्काका मानिसले नै मिलेर गर्नुपर्छ । (९९)
- शिक्षा र चेतनाका लहरहरू **हाम्रा** हरेक बस्तीमा पुग्नुपर्छ । (१०१)
- सर्वप्रथम **मैले** यस वक्तृता प्रतियोगितामा भाग लिने अवसर पाएकोमा आयोजकप्रति हार्दिक आभार व्यक्त गर्दछु । (१०६)

- **म** भने मानव बेचबिखन र ओसारपसारको व्यापारले नेपाल र विश्व परिवेशमा पारेको प्रभावतर्फ सबैको ध्यान केन्द्रित गराउन चाहान्छु । (१०८)

उपर्युक्त वाक्यहरूमा म, मेरा, मेरो, मैले, हामी, हाम्रो प्रथम पुरुषवाचक सर्वनामिक सम्बद्धकको प्रयोग भएको छ । द्वितीयक पुरुषवाचक सार्वनामिक सम्बद्धकमा तपाई एउटा मात्र शब्द प्रयोग भएको छ । त्यसै गरी यो, उनीहरू, तिनीहरू जस्ता तृतीय पररुषवाचक सार्वनामिक सम्बद्धक प्रयोग भएका छन् ।

### (ख) दर्शकवाचक सार्वनामिक सम्बद्धक

निर्धारित वक्तृतामा प्रयुक्त दर्शकवाचक सार्वनामिक सम्बद्धकहरू

**तालिका नं. २**

| निकटवर्ती | दूरवर्ती |
|---|---|
| यस, यस्तो, यहाँहरू, यही, यो | त्यो, त्यसो |

- उद्घोषक : सर्वप्रथम **यस** वक्तृत्व प्रतियोगितामा उपस्थित सबैलाई हार्दिक स्वागत गर्छु । (१)
- **त्यसो** भए मानव बेचबिखन भनेको के हो त ? (१५)
- मानव अधिकार उल्लङ्घनका **यस** किसिमका निकृष्ट कार्यहरू विश्वमै जटिल तथा संवेदनशील रूपमा बढदै आएका छन् । (१८)
- **यस** विषयमा म धेरै चर्चा गर्न चाहान्नँ । (४२)
- **यस** किसिमका अपराधहरू विशेष गरी अविकसित तथा अल्प विकसित देशहरूमा बढी हुने गरेका छन् । (४६)
- समाजमा एचआइभी एड्सको सङ्क्रमणको मूल कारण पनि **यही** मानव बेचबिखन र ओसारपसार नै हो । (६२)
- सभाध्यक्ष महोदय, मेरा विचारमा **यस** समस्याको मुख्य कारक चेतनाको कमी, गरिबी **र** बेरोजगारी नै हो । (६५)
- **यस** वक्तृता प्रतियोगितामा भाग लिन पाउँदा खुशी लागेको छ । (८४)

- **यो** नितान्त मानव समाजबाट सिर्जित समस्या हो । (९८)
- त्यसैले **यस** किसिमको निकृष्ट मानवताहीन कार्यका विरूद्ध सक्रिय हुन सम्पूर्ण विद्यार्थीलाई आह्वान गर्छु । (१०३)
- **यस** गरिमामय सभाका सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, निर्णायक मण्डल आदरणीय गुरुवर्ग तथा साथीहरू ! (१०५)
- सर्वप्रथम मैले **यस** वक्तृता प्रतियोगितामा भाग लिने अवसर पाएकोमा आयोजकप्रति हार्दिक आभार व्यक्त गर्दछु । (१०६)
- **यस** तर्फ पनि सबैको ध्यान जान आबश्यक छ । (१११)
- आफ्नै चिनजान र नातागोताकै मान्छेबाट पनि विश्वासघात गरी **यस** किसिमको अपराध गर्दै आएको पनि पाइन्छ । (११४)
- **यस्तो** अपराधको सुइँको पाएर सूचना दिने हरेक नागरिकलाई सम्मान गर्न पछि पर्नु हुँदैन । (१२०)
- त्यसै गरी **यस** समस्याबाट मुक्ति पाउने अर्को पक्ष सचेतना अभियान नै हो । (१२३)
- **यस** अर्थमा म पनि एक सचेत विद्यार्थीका नाताले मानव बेचबिखन विरूद्धको अभियानमा आजैदेखि सक्रिय रहने प्रण गर्दछु । (१३५)
- **यही** वचनबद्धतसहित आफ्नो मन्तव्य यहीँ टुङ्ग्याउँछु । (१३८)

निर्धारित पाठमा निकटवर्ती दर्शकवाचक सार्वनामिक सम्बद्धकमा यस, यहाँ, यही, यस्तो, यो, यही र दूरवर्ती दर्शकवाचक सार्वनामिक सम्बद्धकमा त्यो, त्यसो जस्ता शब्द प्रयोग गरिएका छन् ।

**(ग) आत्मावाचक सार्वनामिक सम्बद्धक**

निर्धारित वक्तृतामा प्रयुक्त आत्मवाचक सार्वनामिक सम्बद्धक

**तालिका नं. ३**

| |
|---|
| आफ्ना, आफ्नो, आफ्नै, आफू |

- अन्तिम घन्टीपछि वक्ताले **आफ्नो** भनाइ रोक्नुपर्ने छ । (६)
- अब म मेरा मित्र मोहम्मद आलमलाई **आफ्नो** मन्तव्य राख्नका लागि आमन्त्रण गर्दछु ।
- यस विषयमा **आफ्ना** विचारहरू राख्न पाउँदा मैले **आफू**लाई धन्य ठानेको छु । (१३)
- **मेरा** विचारहरू सुनिदिनु भएकोमा हार्दिक कृतज्ञता जाहेर गर्दै आफ्नो भनाइलाई यहीँ बिट मार्छु । (३६)
- उद्घोषक : **आफ्ना** महत्त्वपूर्ण विचार राखिदिनुभएकोमा साथी मोहम्मद आलमलाई हार्दिक धन्यवाद दिन्छु । (३७)
- अर्का वक्ता अयोध्या पौडेललाई **आफ्ना** अभिमतहरू राख्नुहुन आमन्त्रण गर्दछु । (३८)
- यति भन्दै म **आफ्नो** भनाइलाई पूर्ण विराम दिन्छु । (८१)
- उद्घोषक : अब साथी मनोज तामाङलाई यसै विषयमा **आफ्ना** विचारहरू राखिदिनका लागि हार्दिक अनुरोध गर्दछु । (८२)
- मानव बेचबिखन र निराकरणका सम्बन्धमा **आफ्ना** विचार व्यक्त गर्छु । (८५)
- उद्घोषक : अब आजको प्रतियोगिताका अन्तिम वक्ताका रूपमा **आफ्ना** विचारहरू राखिदिनका लागि साथी रमा सापकोटालाई अनुरोध गर्दछु । (१०४)

माथि गाढा अक्षरमा दिइएका आफ्ना, आफ्नो, आफ्नै, आफू जस्ता शब्दले आत्मवाचक सार्वनामिक सम्बद्धकको प्रतिनिधित्व गरेका छन् ।

**(घ) प्रश्नवाचक सार्वनामिक सम्बद्धक**

निर्धारित वक्तृतामा प्रयुक्त प्रश्नवाचक सार्वनामिक सम्बद्धकहरू

**तालिका नं.४**

| |
|---|
| कस्तो, कसरी, के |

- त्यसो भए मानव बेचबिखन भनेको **के** हो त ? (१५)

- सभाध्यक्ष महोदय, मानव बेचविखनका समस्याबाट **कसरी** मुक्ति पाउन सकिन्छ भन्ने विषयमा सबैले ध्यान दिन आवश्यक छ। (२८)
- मानव बेचबिखन कस्तो अपराध हो र यो **कसरी** बढ्दै गइरहेको छ भन्ने विषयमा पूर्ववक्ता मित्रले प्रकाश पारिसक्नुभएको छ। (४१)
- मानव बेचबिखन जस्तो विवेकहीन कार्य **किन** हुन्छ **र कसरी** गरिन्छ त ?

माथिका वाक्यहरूमा प्रयुक्त कस्तो, कसरी र के जस्ता शब्दले प्रश्चवाचक सार्वनामिक सम्बद्धकलाई जनाएको छ।

(ङ) **पारस्परिक सार्वनामिक सम्बद्धक**

निर्धारित वक्तृतामा प्रयुक्त पारस्परिक सार्वनामिक सम्बद्धकहरू

**तालिका नं. ५**

| |
|---|
| एकजुट, ओसारपसार, टुलुटुलु, बस्ती बस्ती, बेचबिखन, मलजल, सिधासादा |

- आजको वक्तृत्वको विषय छ, 'मानव **बेचबिखन** विरुद्ध हाम्रो दायित्व'। (३)
- वक्तृत्व प्रतियोगिताको विषय 'मानव **बेचबिखन** विरूद्ध हाम्रो दायित्व' हो। (१२)
- मानव **बेचबिखन** आजको समाजको जीवन्त समस्या हो। (१४)
- त्यसो भए मानव **बेचबिखन** भनेको के हो त ? (१५)
- मानव **बेचबिखन** कुनै पनि उद्देश्यले मानिसलाई बेच्ने वा किन्ने काम हो। (१६)
- मानव तस्करहरूले **सिधासादा** मानिसहरूलाई अनेकौँ प्रलोभन र झुटा आश्वासनहरू बाँड्ने गर्छन्। (२४)
- मानव **बेचबिखन** बारेमा सबैलाई सचेत गराउन आवश्यक छ। (३०)
- मानव **बेचबिखन** बिरुद्ध सबै **एकजुट** हुन सकेमा मात्र यसलाई पूर्ण रूपमा नियन्त्रण गर्न सकिन्छ भन्ने मेरो निष्कर्ष छ। (३५)
- मानव **बेचबिखन** विरूद्ध हाम्रो दायित्व शीर्षकमा धारणाहरू राख्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ। (४०)

- यसले विभिन्न दर तथा मूल्यमा मानिसहरूको **बेचबिखन** गर्छ । (४५)
- हामी भने लाचार भएर मानिसलाई मानिसले नै पशुलाई झैँ बिक्री वितरण गर्ने अमानवीय क्रियाकलाप **टुलुटुलु** हेर्न विवश छौँ । (५०)
- मानव **बेचबिखन र ओसारपसार** एक किसिमको आधुनिक दास प्रथा **नै** हो । (५२)
- मानव **बेचबिखन**को समस्या पनि कुनै प्राकृतिक समस्या होइन । (९७)
- यस पेसालाई **मलजल** गर्ने काम विशेष गरी पैसा **र** पदको दुरुपयोग गर्नेहरूले नै बढी मात्रामा गरेको देखिन्छ । (११३)
- मानव **बेचबिखन** जस्तो अमानवीय दुष्कार्यका विरुद्ध लाग्नुपर्छ । (१३३)

एक आपसको अवस्था जनाउन वा पारस्परिक अवस्था जनाउनको लागि माथिका वाक्यमा एकजुट, ओसारपसार, टुलुटुलु, बस्ती बस्ती, बेचबिखन, मलजल, सिधासादा जस्ता सम्बद्धकको प्रयोग गरिएका छन् ।

**(च) अनिश्चियवाचक सार्वनामिक सम्बद्धक**

निर्धारित वक्तृतामा प्रयुक्त अनिश्चियवाचक सार्वनामिक सम्बद्धकहरू

**तालिका नं. ६**

| |
|---|
| अत्यन्त, अनेकौं, कुनै, केही, कसैले |

- **कुनै** पनि प्रकारका लिखित सामग्री प्रयोग गर्न पाइने छैन । (७)
- **कुनै** पनि उद्देश्यले मानिसलाई बेच्ने वा किन्ने काम हो । (१६)
- मानव तस्करहरूले सिधासादा मानिसहरूलाई **अनेकौं** प्रलोभन **र** झुटा आश्वासनहरू बाँड्ने गर्छन् । (२४)
- मानव बेचबिखन विरूद्ध हाम्रो दायित्व शीर्षकमा धारणाहरू राख्न पाउँदा मलाई **अत्यन्त** खुशी लागेको छ । (४०)
- म अन्य **केही** महत्त्वपूर्ण पक्षमा प्रकाश पार्ने प्रयास गर्छु । (४३)
- यो मानव जातिकै लागि **अत्यन्त** दुखद् कुरा हो । (५३)
- **कुनै** पनि समस्याले समाधान आफैं बोकेर आएको हुन्छ भनिन्छ । (९६)

- अब **केही** क्षणपछि निर्णायक मण्डलबाट निर्णय सुनाउनुका साथै सभाध्यक्षज्यूबाट मन्तव्यसहित सभा विसर्जन हुने छ । (१४०)

निर्धारित पाठमा प्रयुक्त  उल्लिखित वाक्यहरूमा प्रयोग भएका केही, कुनै, अत्यन्तै अनिश्चयवाचक सार्वनामिक सम्बद्धक हुन् ।

**(छ) निश्चियवाचक सार्वनामिक सम्बद्धक**

निर्धारित वक्तृतामा प्रयुक्त निश्चियवाचक सार्वनामिक सम्बद्धकहरू

तालिका नं. ७

| |
|---|
| एक, सब, सबै, सबैको, सबैमा, हरेक |

- यस वक्तृत्व प्रतियोगितामा उपस्थित **सबै**लाई हार्दिक स्वागत   गर्छु । (१)
- **हरेक** वक्तालाई पाँच मिनेटको समय दिइने छ । (४)
- **हरेक** वर्ष **लाखौं** मानिसहरू कुनै न कुनै रूपमा किनबेच भएका तथ्याङ्कहरू सार्वजनिक हुने गरेका छन् । (१९)
- युवाहरूलाई **धेरै** कमाउने प्रलोभनमा अन्य देशहरूमा सङ्गठित रूपमा  पठाउने कार्य भइरहेको छ । (२१)
- मानव बेचविखनका समस्याबाट कसरी मुक्ति पाउन सकिन्छ भन्ने विषयमा **सबै**ले ध्यान दिन आवश्यक छ । (२८)
- **सबै** एकजुट हुन सकेमा मात्र यसलाई पूर्ण रूपमा नियन्त्रण गर्न सकिन्छ भन्ने मेरो निष्कर्ष छ । (३४)
- मानव बेचबिखन र **एक** किसिमको आधुनिक दास प्रथा हो । (५२)
- यो तपाई हामी **सबै**को चुनौती हो । (५७)
- समाधान पनि हामी **सबै** तह **र** तप्काका मानिसले नै मिलेर गर्नुपर्छ । (९९)
- **एक** देशबाट अर्को देशमा  गरिने बेचबिखन । (१०९)
- **हरेक** नागरिकलाई सम्मान गर्न पछि पर्नुहुँदैन । (१२०)

प्रस्तुत अध्ययनका लागि निर्धारण गरिएको पाठमा प्रयुक्त एक, सब, सबै, सबैको, सबैमा, हरेक  जस्ता शब्द निश्चियवाचक सार्वनामिक सम्बद्धकहरू हुन् ।

### ४.१.२ स्थानिक सम्बद्धक

सङ्कथनमा कुनै स्थान परिवेश तथा स्थिति बोध गराउन प्रयुक्त भएका शब्दहरू स्थानिक सम्बद्धक हुन् । निर्धारित पाठमा प्रयुक्त स्थानिक शब्दहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

अगाडि, घर, समाज, राज्य, देश, नेपाल, गाउँ, स्थानीय, न्यायलय, शहर, संसार, विश्व, यहीँ

- अध्यक्षज्यूको अनुमतिले म आजको कार्यक्रमलाई **अगाडि** बढाउँछु । (२)
- **समाज** र **राष्ट्र** विरोधी भावना फैलाउने र व्यक्तिगत आक्षेप लाग्ने किसिमका विचारहरू  प्रस्तुत गर्न पाइने छैन । (७)
- मानव बेचबिखन आजको **समाज**को जीवन्त समस्या हो । (१४)
- यस किसिमका निकृष्ट कार्यहरू **विश्वमै** जटिल तथा संवेदनशील रूपमा बढदै आएका छन् । (१८)
- अन्य देशहरूमा सङ्गठित रूपमा पठाउने कार्य भइरहेको छ । (२१)
- **नेपालमा** रोजगारीको न्यून अवसर, अज्ञानता, विपन्नता, भेदभावपूर्ण सामाजिक संरचना आदिका कारण मानिसहरू बेचविखनको चपेटामा परेका छन् । (२३)
- **घर** फर्केपछि पनि उनीहरूले परिवार तथा **समाज**बाट तिरस्कृत हुनुपर्छ । (२७)
- मानव बेचबिखनका बिरूद्ध लाग्ने व्यक्तिहरूलाई **समाज** तथा **राज्य**ले प्रोत्साहन दिनुपर्छ । (३३)
- मेरा विचारहरू सुनिदिनु भएकोमा हार्दिक कृतज्ञता जाहेर गर्दै आफ्नो भनाइलाई **यहीँ** बिट मार्छु । (३६)
- अविकसित तथा अल्प विकसित **देशहरूमा** बढी हुने गरेका छन् । (४५)
- **नेपालमा** एक सय वर्ष अघि नै दास प्रथा उन्मूलन भएको थियो । (४८)

- **नेपालमा** मानव बेचबिखन वेश्यावृत्तिमा लगाउने, श्रम शोषण गर्ने, मजदुर बनाउने र मानव अङ्गको बेचबिखन गर्ने कार्यमा मात्र सीमित छैन । (५४)
- **समाजमा** एचआइभी एड्सको सङ्क्रमणको मूल कारण पनि यही हो । (६२)
- **नेपालमा** यस्ता खालका अपराध मौलाउँदै गएको पाइन्छ । (६७)
- यसका विरुद्ध संयुक्त राष्ट्र सङ्घ लगायत **राष्ट्रिय** तथा **अन्तराष्ट्रिय** सङ्घ संस्थाहरू जागरुक भएका छन् । (७२)
- **स्थानीय** निकायदेखि माथिल्लो तहसम्म संवेदनशील हुनुपर्छ । (७८)
- यस्तो स्थितिको सिर्जनाले हाम्रो **समाज** बढी भोक्तावादी हुँदै गएको छ । (८८)
- हाम्रो **देश नेपालमा** विशेष गरी **गाउँ**बाट **सहर**तिर मानिसहरूको परोक्ष व्यापार हुने गरेको पाइन्छ । (९२)
- यो नितान्त मानव **समाज**बाट सिर्जित समस्या हो । (९८)
- मानव बेचबिखन र ओसारपसारको व्यापारले **नेपाल** र **विश्व** परिवेशमा पारेको प्रभावतर्फ सबैको ध्यान केन्द्रित गराउन चाहान्छु । (१०८)
- यसमा **राज्य**को मुख्य भूमिका हुन्छ । (१२१)
- **समाज**का सबै सचेत वर्गले सहयोग गर्नुपर्छ । (१२५)
- पारिवारिक पुनर्मिलन गराउने र **समाज**मा समायोजन गराउने जस्ता कार्यहरूमा जोड दिनुपर्छ । (१३२)
- म मेरो **घर** परिवारबाटै सचेतना अभिवृद्धि कार्यको शुभारम्भ गर्नेछु । (१३६)
- **आज**को वक्तृत्व प्रतियोगिता **यहीँ** सकिन्छ । (१३९)

प्रस्तुत अध्ययनका लागि निर्धारित पाठमा उल्लेखित वाक्यहरूमा प्रयोग भएका अगाडि, घर, समाज, राज्य, देश, नेपाल, गाउँ, स्थानीय, न्यायलय, शहर, संसार, विश्व, यहीँ स्थानिक सम्बद्धक हुन् ।

### ४.१.३ कालिक समबद्धक

सङ्कथनमा काल अर्थात समय सम्बन्धी सन्दर्भ जनाउने शब्दलाई कालिक सम्बद्धक भनिन्छ । निर्धारित पाठमा प्रयुक्त कालिक शब्दहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

आज, पाँच मिनेट, चार मिनेट, अन्तिम, अब, वर्ष, अहिलेको एक्काइसौं शताब्दीमा, वर्तमान, आजै, क्षण

- अध्यक्षज्यूको अनुमतिले म **आजको** कार्यक्रमलाई अगाडि बढाउँछु । (२)
- **आजको** वक्तृत्वको विषय छ, 'मानव बेचबिखन विरुद्ध हाम्रो दायित्व' । (३)
- हरेक वक्तालाई **पाँच मिनेटको समय** दिइनेछ । (४)
- **चार मिनेटमा** जनाउ घन्टी बज्नेछ । (५)
- **आज**को प्रतियोगिताको विषय 'मानव बेचबिखन विरूद्ध हाम्रो दायित्व' हो । (१२)
- मानव बेचबिखन **आज**को समाजको जीवन्त समस्या हो । (१४)
- हरेक **वर्ष** लाखौँ मानिसहरू कुनै न कुनै रूपमा किनबेच भएका तथ्याङ्कहरू सार्वजनिक हुने गरेका छन् । (१९)
- **अब** अर्को वक्ता अयोध्या पौडेललाई आमन्त्रण गर्दछु । (३८)
- **आज** हामी **एक्काइसौं शताब्दीमा** छौं । (४७)
- नेपालमा **एक सय वर्ष अघि नै** दास प्रथा उन्मूलन भएको थियो । (४८)
- **आज पुरानै** दास प्रथा **नयाँ** ढङ्गले विकसित हुँदो छ । (५१)
- मानिसहरू बेचिनु, ठगिनु र बिचल्लीमा पर्नु त **आज**को समस्या हुँदै हो । (५८)
- **अब** साथी मनोज तामाङलाई यसै विषयमा आफ्ना विचारहरू राखिदिनका लागि हार्दिक अनुरोध गर्दछु । (८२)
- **आज**, विवेकशील मानिएको मानव प्राणी पशुसरह बिक्री वितरण हुँदो छ । (८६)
- **अब आज**को प्रतियोगिताका अन्तिम वक्ताका रूपमा आफ्ना विचारहरू राखिदिनका लागि साथी रमा सापकोटालाई अनुरोध गर्दछु । (१०४)
- **हिजोआज** त राज्यले कामदार पठाउन प्रतिबन्ध लगाएका मुलुकमा पनि कानुनको आँखा छलेर **र** अर्कै देशको बाटो बनाएर पनि मानिसहरूको बेचबिखन भइरकेको छ । (११०)
- **अहिलेको एक्काइसौं शताब्दीको युगमा** मान्छेले मान्छेलाई नै बेच्ने जस्तो विचित्रको अवस्थाबाट जनताले मुक्ति पाउनुपर्छ । (१२८)

- **अब** केही **क्षणपछि** निर्णायक मण्डलबाट निर्णय सुनाउनुका साथै सभाध्यक्षज्यूबाट मन्तव्यसहित सभा विसर्जन हुनेछ । (१४०)

निर्धारित पाठमा प्रयोग भएका आज, पाँच मिनेट, चार मिनेट, अन्तिम, अब, वर्ष, अहिलेको एक्काइसौं शताब्दीमा, वर्तमान, आजै, क्षण जस्ता शब्द कालिक सम्बद्धक हुन् ।

### ४.१.४ संयोजक सम्बद्धक

सङ्कथनमा प्रयोग भएका दुई वा दुईभन्दा बढी पद, पदावली, उपवाक्य एवं वाक्यलाई आपसमा जोड्न आउने अविकारी शब्दलाई संयोजक भनिन्छ । निर्धारित पाठमा प्रयुक्त संयोजक सम्बद्धक निम्नानुसार छन् :

र, पनि, तथा, नै, वा, लागि, देखि

- समाज **र** राष्ट्र विरोधी भावना फैलाउने **र** व्यक्तिगत आक्षेप लाग्ने किसिमका विचारहरू प्रस्तुत गर्न पाइने छैन । (७)
- कुनै **पनि** प्रकारका लिखित सामग्री प्रयोग गर्न पाइने छैन । (८)
- अब म मेरा मित्र मोहम्मद आलमलाई आफ्नो मन्तव्य राख्नका **लागि** आमन्त्रण गर्दछु । (११०)
- सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, निर्णायक मण्डल, गुरुवर्ग **तथा** मेरा प्यारा साथीहरू । (११)
- मानव बेचबिखन कु**नै** **पनि** उद्देश्यले मानिसलाई बेच्ने **वा** किन्ने काम हो । (१६)
- मानव अधिकार उल्लङ्घनका यस किसिमका निकृष्ट कार्यहरू विश्वमै जटिल **तथा** संवेदनशील रूपमा बढदै आएका छन् । (१८)
- बेचिनेहरूमा महिला **तथा** बाल बालिकाहरू बढी मात्रामा छन् । (२०)
- यसरी बेचिन पुगेका मानिसहरू विभिन्न किसिमका शारीरिक **तथा** मानसिक रोगका सिकार हुन्छन् । (२६)
- सभाध्यक्षयज्यू, प्रमुख अतिथिज्यू, निर्णायक मण्डल, गरुवर्ग **एवं** साथीहरू । (३९)
- मानव बेचबिखन कस्तो अपराध हो **र** यो कसरी बढ्दै गइरहेको छ भन्ने विषयमा पूर्ववक्ता मित्रले प्रकाश पारिसक्नु भएको छ । (४१)

- यसले विभिन्न दर **तथा** मूल्यमा मानिसहरूको बेचबिखन गर्छ । (४५)
- यो मानव जातिकै **लागि** अत्यन्त दुःखद् कुरा हो । (५३)
- नेपालमा मानव बेचबिखन वेश्यावृत्तिमा लगाउने, श्रम शोषण गर्ने, मजदुर बनाउने **र** मानव अङ्गको बेचबिखन गर्ने कार्यमा मात्र सीमित छैन । (५४)
- मेरा विचारमा मानिसहरू बेचिनु, ठगिनु **र** बिचल्लीमा पर्नु **त** आजको समस्या हुँदै हो । (५८)
- तिनीहरू विभिन्न खाले मानसिक **र** शारीरिक रोगले ग्रस्त भएका छन् । (६१)
- उनीहरूको पुर्नस्थापनाको व्यवस्था **पनि** अत्यन्त कमजोर देखिन्छ । (६४)
- सभाध्यक्ष महोदय, मेरा विचारमा यस समस्याको मुख्य कारक चेतनाको कमी, गरिबी **र** बेरोजगारी नै हो । (६५)
- यसको नियन्त्रणका थुप्रै प्रयासहरू **पनि** भएका छन् । (६९)
- पीडितका पक्षमा न्यायालयबाट निसाफ **पनि** नभएका होइनन् । (७१)
- यति हुँदाहुँदै **पनि** यो समस्या बढ्दै गएको छ । (७३)
- सरकारले **पनि** रोजगारी दिने कार्यक्रमहरूको तर्जुमा गर्नुपर्छ । (७६)
- मानव बेचबिखन **र** तिनको निराकरणका सम्बन्धमा आफ्ना विचार व्यक्त गर्छु ।(८५)
- अशिक्षा, गरिबी, बेरोजगार **र** युद्धको प्रभावले **पनि** मानव बेचबिखन बढ्दो छ ।(९०)
- कुनै **पनि** समस्याले समाधान आफैँ बोकेर आएको हुन्छ भनिन्छ । (९६)
- शिक्षा **र** चेतनाका लहरहरू हाम्रा हरेक बस्तीमा पुग्नुपर्छ । (१०१)
- यस गरिमामय सभाका सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, निर्णायक मण्डल आदरणीय गुरुवर्ग **तथा** साथीहरू ! (१०५)
- म **भने** मानव बेचबिखन **र** ओसारपसारको व्यापारले नेपाल **र** विश्व परिवेशमा पारेको प्रभावतर्फसबैको ध्यान केन्द्रित गराउन चाहान्छु । (१०८)
- मानव बेचबिखनको दायरा **वा** क्षेत्रका आधारमा हेर्दा यसका दुई वटा प्रकार छन्, देशभित्रै गरिने **र** एक देशबाट अर्को देशमा गरिने बेचबिखन । (१०९)
- यस तर्फ **पनि** सबैको ध्यान जान आबश्यक छ । (१११)
- मानव बेचबिखन जस्तो विवेकहीन कार्य किन हुन्छ **र** कसरी गरिन्छ त ?(११२)

- यस पेसालाई मलजल गर्ने काम विशेष गरी पैसा **र** पदको दुरुपयोग गर्नेहरूले नै बढी मात्रामा गरेको देखिन्छ । (११३)
- यस अपराधलाई नियन्त्रण गर्न सर्वप्रथम कानुनी प्रावधान बलियो बनाउनुपर्छ **र** भएको कानुनको उचित कार्यान्वयन हुनुपर्दछ । (११७)
- आवश्यक परे नयाँ कानुन **पनि** बनाउनुपर्छ । (११९)
- सरकारी **तथा** गैर सरकारी सङ्घ संस्थाहरू सक्रिय हुनुपर्छ । (१२७)
- पीडितहरूलाई पुनर्स्थापनाका **लागि** आवश्यक योजनाहरू ल्याउनुपर्छ । (१३०)
- पारिवारिक पुनर्मिलन गराउने **र** समाजमा समायोजन गराउने जस्ता कार्यहरूमा जोड दिनुपर्छ । (१३२)
- यस अर्थमा म **पनि** एक सचेत विद्यार्थीका नाताले मानव बेचबिखन विरूद्धको अभियानमा आजैदेखि सक्रिय रहने प्रण गर्दछु । (१३५)

प्रस्तुत अध्ययनका लागि निर्धारित पाठको उल्लिखित वाक्यहरूमा प्रयोग भएका र, पनि, तथा, नै, वा, लागि, देखि जस्ता शब्द सबै संयोजक सम्बद्धक हुन् ।

### ४.१.५ प्रतिस्थापन सम्बद्धक

पूर्वयुक्ति भाषिक एकाइको सट्टा त्यसैसँग सम्बन्धित अर्को एकाइको छनोट र प्रयोग गर्नुलाई प्रतिस्थापन सम्बद्धक भनिन्छ । विश्लेषित पाठमा निम्नानुसारका प्रतिस्थापन सम्बद्धक प्रयोग गरिएको पाइन्छ ।

- वैदेशिक रोजगारीप्रतिको मोह, राजनीतिक अस्थिरता **र** अवसरको खोजीमा सहर पस्ने प्रवृत्तिले गर्दा नेपालमा **यस्ता** खालका अपराध मौलाउँदै गएको पाइन्छ । (६७)
- अब साथी मनोज तामाङलाई **यसै** विषयमा आफ्ना विचारहरू राखिदिनका लागि हार्दिक अनुरोध गर्दछु । (८२)
- म **मानव बेचबिखन** र **तिनको** निराकरणका सम्बन्धमा आफ्ना विचार व्यक्त गर्छु । (८५)

### ४.१.६ पुनरावृत्ति सम्बद्धक

सङ्कथनको कुनै भाषिक अंशको पटक पटक प्रयोगलाई पुनरावृत्ति भनिन्छ । निर्धारित वक्तृतामा निम्नानुसारका पुनरावृत्ति सम्बद्धक प्रयोग भएका छन् :

- समाज **र** राष्ट्र विरोधी भावना फैलाउने **र** व्यक्तिगत आक्षेप लाग्ने किसिमका विचारहरू प्रस्तुत गर्न पाइने छैन । (७)
- सभाध्यक्ष महोदय, हरेक वर्ष लाखौं मानिसहरू **कुनै** न **कुनै** रूपमा किनबेच भएका तथ्याङ्कहरू सार्वजनिक हुने गरेका छन् । (१९)
- हामी भने लाचार भएर **मानिस**लाई **मानिस**ले नै पशुलाई झैँ बिक्री वितरण गर्ने अमानवीय क्रियाकलाप टुलुटुलु हेर्न विवश छौँ । (५०)
- नेपालमा **मानव** बेचबिखन वेश्यावृत्तिमा लगाउने, श्रम शोषण गर्ने, मजदुर बनाउने **र मानव** अङ्गको बेचबिखन गर्ने कार्यमा मात्र सीमित छैन । (५४)
- मानव बेचबिखनको दायरा वा क्षेत्रका आधारमा हेर्दा यसका दुई वटा प्रकार छन्, **देश**भित्रै गरिने र एक **देश**बाट अर्को **देश**मा गरिने बेचबिखन । (१०९)

माथि प्रस्तुत गरिएका वाक्यमा गाढा बनाइएका शब्दहरू र, कुनै, मानिस, मानव र देश पुनरावृत्ति भएका छन् ।

### ४.१.७ निपात सम्बद्धक

आफ्नो छुट्टै स्वतन्त्र अर्थ नभएको तर निकटका शब्दलाई प्रभावित गरी वाक्यलाई अर्थमा मधुरता उत्पन्न गराउने शब्दलाई निपात भनिन्छ । अनुसन्धेय वक्तृतामा प्रयुक्त निपातहरू निम्नानुसार छन् :

- त्यसो भए मानव बेचबिखन भनेको के हो **त** ? (१५)
- मानव बेचबिखन र ओसारपसार एक किसिमको आधुनिक दास प्रथा **नै** हो । (५२)
- कतिपय पीडितहरू **त** समाजबाट बहिष्कृत समेत छन् । (६३)
- मानव बेचबिखन जस्तो विवेकहीन कार्य किन हुन्छ र कसरी गरिन्छ **त** ?(११२)

माथि प्रस्तुत गरिएका  वाक्य १५, ५२, ६३ र ११२ मा क्रमशः त, न, नै जस्ता सम्बद्ध पयोग भएका छन् ।

### ४.१.८ पर्यायवाची सम्बद्धक

वर्णविन्यासगत भिन्नता भए पनि अर्थगत समानता भएका शब्दलाई पर्यायवाची सम्बद्धक भनिन्छ । अनुसन्धेय पाठमा प्रयुक्त सम्बद्धक निम्नानुसार रहेका छन् :

- **मानव** बेचबिखनको बजारले **मानिस**हरूलाई माल सामानको रूपमा हेर्छ । (४४)
- मेरा विचारमा मानिसहरू **बेचिनु, ठगिनु र** बिचल्लीमा पर्नु त आजको समस्या हुँदै हो । (५८)
- **मानव** बेचबिखनबाट पीडित **मानिस**हरूलाई उपयुक्त क्षतिपूर्ति दिलाउने काम सुरु गर्नुपर्छ । (१२९)

माथिका वाक्यमा प्रयोग भएका मानव मानिस र बेचिनु ठगिनु जस्ता शब्द पर्यायवाची सम्बद्धक हुन् ।

### ४.१.९ विपरीतार्थी सम्बद्धक

कुनै दुईवटा शब्दका बिचमा विपरीत सम्बन्ध रहेको छ भने तिनलाई विपरीतार्थी सम्बद्धक भनिन्छ । प्रस्तुत वक्तृतामा प्रयुक्त सम्बद्धक निम्नानुसार छन् :

- आज **पुरानै** दास प्रथा **नयाँ** ढङ्गले विकसित हुँदो छ । (५१)
- **सम्पन्न र विपन्न** राष्ट्रका बिचमा मानिसहरूको जीवन स्तरमा भएको भिन्नता पनि यस किसिमको समस्याको कारक हो । (९१)
- हाम्रो देश नेपालमा विशेष गरी **गाउँ**बाट **सहर**तिर मानिसहरूको परोक्ष व्यापार हुने गरेको पाइन्छ । (९२)

माथि प्रस्तुत गरिएका वाक्यमा प्रयोग भएका शब्द परानै-नयाँ, सम्पन्न-विपन्न, गाउँ-सहर विपरीतार्थी सम्बद्धक हुन् ।

### ४.१.१० समावेशात्मक सम्बद्धक

कुनै एउटा शब्द आउँदा धेरै शब्दको अर्थ समाबेश हुन्छ भने त्यस्ता शब्दलाई समावेशात्मक सम्बद्धक भनिन्छ । प्रस्तुत अनुसन्धेय पाठमा प्रयुक्त सम्बद्धकहरू निम्नानुसार छन् :

- आजको वक्तृत्वको विषय छ, '**मानव बेचबिखन** विरुद्ध हाम्रो दायित्व' । (३)
- सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, निर्णायक मण्डल, **गुरु**वर्ग तथा मेरा प्यारा साथीहरू । (११)
- **मानव** बेचबिखन आजको समाजको जीवन्त समस्या हो । (१४)
- त्यसो भए **मानव** बेचबिखन भनेको के हो त ? (१५)
- सभाध्यक्ष महोदय, हरेक वर्ष लाखौं **मानिस**हरू कुनै न कुनै रूपमा किनबेच भएका तथ्याङ्कहरू सार्वजनिक हुने गरेका छन् । (१९)
- **मानव** समाजका लागि यसभन्दा बढी कलङ्क **के** हुन्छ **र** ? (२२)
- **मानव** तस्करहरूले सिधासादा **मानिस**हरूलाई अनेकौं प्रलोभन **र** झुटा आश्वासनहरू बाँड्ने गर्छन् । (२४)
- यस किसिमको जघन्य **अपराध**लाई नियन्त्रण गर्न परिवारदेखि सामाजिक सङ्घ संस्था, स्थानीय निकाय **र** सरकारसम्मको साथ **र** सहयोग आवश्यक छ । (२९)
- **मानव** बेचबिखनका बारेमा सबैलाई सचेत गराउन आवश्यक छ । (३०)
- **मानव** तस्करहरूलाई सामाजिक बहिष्कार गरी सजायको व्यवस्था गरिनुपर्छ ।(३३)
- अन्त्यमा, म यति मात्र भन्छु, बेचबिखनबाट **पीडित** भएकाहरूको उपर्युक्त पुर्नस्थापना कार्यक्रम सञ्चालन गर्नुपर्दछ । (३४)
- **मानव** बेचबिखनको बजारले **मानिस**हरूलाई माल सामानको रूपमा हेर्छ । (४४)
- यो **मानव** जातिकै लागि अत्यन्त दुःखद् कुरा हो । (५३)
- सभाध्यक्ष महोदय, **मानव** बेचबिखन र ओसारपसार जघन्य अपराध हो । (६८)
- कैयौं **अपराधी** प्रहरीको कारवाहीमा परेका छन् । (७०)
- **पीडित**का पक्षमा न्यायालयबाट निसाफ पनि नभएका होइनन् । (७१)

- म **मानव** बेचबिखन निराकरणका सम्बन्धमा आफ्ना विचार व्यक्त गर्छु । (८५)
- आज, विवेकशील मानिएको **मानव** प्राणी **पशु**सरह बिक्री वितरण हुँदो छ । (८६)
- बेचबिखनमा परेका कतिपय **मानिस**हरूको मिर्गौला लगायतका **अङ्ग**हरू बेच्ने गरेका तथ्यहरू पनि हाम्रा सामुन्ने नै छन् । (९५)
- **मानव** बेचबिखनको समस्या पनि कुनै प्राकृतिक समस्या होइन । (९७)
- यो नितान्त **मानव** समाजबाट सिर्जित समस्या हो । (९८)
- **शिक्षा** र चेतनाका लहरहरू हाम्रा हरेक बस्तीमा पुग्नुपर्छ । (१०१)
- **विद्यार्थी** पनि चेतना विस्तारका संवाहकहरू हुन् । (१०२)
- पूर्ववक्ता साथीहरूले **मानव** बेचबिखन र ओसारपसार कार्यका सम्बन्धमा आफ्ना विचारहरू राखिसक्नु भएको छ । (१०७)
- म भने **मानव** बेचबिखन र ओसारपसारको व्यापारले नेपाल र विश्व परिवेशमा पारेको प्रभावतर्फ स बैको ध्यान केन्द्रित गराउन चाहान्छु । (१०८)
- **मानव** बेचबिखन जस्तो विवेकहीन कार्य किन हुन्छ र कसरी गरिन्छ त ? (११२)
- यस **पेसा**लाई मलजल गर्ने काम विशेष गरी पैसा **र** पदको दुरुपयोग गर्नेहरूले नै बढी मात्रामा गरेको देखिन्छ । (११३)
- सभाध्यक्षज्यू, **मानव** बेचबिखन र ओसारपसार समस्याको समाधानका लागि केही सुझाव राख्न चाहन्छु । (११६)
- **विद्यालय** तहका पाठ्यपुस्तकबाटै सचेतना अभियान सुरु गर्नुपर्छ । (१२४)
- **मानव** बेचबिखनबाट **पीडित मानिस**हरूलाई उपयुक्त क्षतिपूर्ति दिलाउने काम सुरु गर्नुपर्छ । (१२९)

माथि प्रस्तुत गरिएका वाक्यहरूमा गाढा अक्षर भएका शब्दहरू समावेशात्मक सम्बद्धक हुन् ।

प्रस्तुत वक्तृतामा प्रयुक्त व्याकरणिक सम्बद्धक मध्ये सबैभन्दा बढी संयोजक ३६ पटक र सबैभन्दा कम द्वितीय पुरुष एक पटक मात्र प्रयोग भएको छ । त्यसै गरी कोशीय सम्बद्धकमा सबैभन्दा धेरै समावेशात्मक २९ पटक र सबैभन्दा थोरै पर्यायवाची र विपरीतार्थी ३ पटक प्रयोग भएका छन् ।

# अध्याय पाँच

# व्याख्या र विश्लेषण

## ५.१ निर्धारित वक्तृतामा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

'मानव बेचबिखन विरुद्ध हाम्रो दयित्व' वक्तृताका वाक्यहरू बिचमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषणका लागि प्रत्येक अनुच्छेदलाई छुट्टाछुट्टै रूपमा प्रस्तुत गरी ती वाक्यहरू बिचमा रहेको आन्तरिक सम्बन्धलाई दर्शाउने कार्य यस अध्यायमा गरिएको छ ।

### ५.१.१ पहिलो अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित वक्तृताको पहिलो अनुच्छेदमा वाक्य सङ्ख्या १ देखि १० सम्म रहेका छन् । ती वाक्य बिचमा प्रयुक्त सम्बद्धनको विश्लेषण तल प्रस्तुत गरिएको छ :

१ उद्घोषक : सर्वप्रथम यस वक्तृत्व प्रतियोगितामा उपस्थित सबैलाई हार्दिक स्वागत गर्छु ।

२ यसपछि अध्यक्षज्यूको अनुमतिले म आजको कार्यक्रमलाई अगाडि बढाउँछु ।

३ आजको वक्तृत्वको विषय छ, 'मानव बेचबिखन विरुद्ध हाम्रो दायित्व' ।

४ प्रतियोगितामा वक्ताहरूले पालन गर्नुपर्ने नियमहरू यस प्रकार छन् :

हरेक वक्तालाई पाँच मिनेटको समय दिइने छ ।

५ चार मिनेटमा जनाउ घन्टी बज्ने छ ।

६ अन्तिम घन्टीपछि वक्ताले आफ्नो भनाइ रोक्नुपर्ने छ ।

७ समाज र राष्ट्र विरोधी भावना फैलाउने र व्यक्तिगत आक्षेप लाग्ने किसिमका विचारहरू प्रस्तुत गर्न पाइने छैन ।

कुनै पनि प्रकारका लिखित सामग्री प्रयोग गर्न पाइने छैन ।

९ निर्णायक मण्डलको निर्णय अन्तिम हुने छ ।

१०	अब म मेरा मित्र मोहम्मद आलमलाई आफ्नो मन्तव्य राख्नका लागि आमन्त्रण गर्दछु ।

**तालिका नं. ८**

| वा.स. | सम्बद्धन |
|---|---|
| १ र २ | परिवेश घटनाको सम्बन्ध |
| ३ र ४ | परिचयात्मक सम्बन्ध |
| ५ र ६ | स्पष्टोक्ति सम्बन्ध |
| ७ र ८ | अनुक्रमबोधक सम्बन्ध |
| ९ र १० | सामान्य विशिष्टको सम्बन्ध |

माथिको तालिकामा देखाइए अनुसार वा.स. १ र २ का बिचमा परिवेश र घटनाको सम्बन्ध रहेको छ । वा.स. ३ र ४ मा परिचयात्मक सम्बन्ध रहेको छ । वा.स. ५ र ६ बिचमा स्पष्टोक्ति सम्बन्ध रहेको छ । वा.स. ७ र ८ मा क्रम मिलेकोले अनुक्रमबोधक सम्बन्ध रहेको छ । वा.स. ९ मा सामान्य कुरा छ भने १० मा कार्यक्रमलाई अगाडि बढाउन वक्ताको नाम तोकिएको भएर सामान्य विशिष्टको सम्बन्ध रहेको छ ।

### ५.१.२ दोस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित वक्तृताको दोस्रो अनुच्छेदमा वा.स. ११ रहेको छ ।

११	सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, निर्णायक मण्डल, गुरुवर्ग तथा मेरा प्यारा साथीहरू ।

**तालिका नं.९**

| वा.स. | सम्बद्धन |
|---|---|
| ११ | अनुक्रमबोधक र अप्रत्यक्ष सम्बन्ध |

वा.स. ११ मा एउटा वाक्यको सिङ्गो अनुच्छेद रहेको छ । उक्त वाक्यमा अनुक्रमबोधक र अपप्रत्यक्ष सम्बन्ध प्रयोग भएको छ । यस अनुच्छेदलाई पूर्वानुसार प्रसङ्गसँग जोडेर अर्थयुक्त बनाइएको छ ।

### ५.१.३ तेस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित वक्ताको तेस्रो अनुच्छेदमा वा.स. १२ र १३ रहेका छन् ।

१२ आजको वक्तृत्व प्रतियोगिताको विषय 'मानव बेचबिखन विरुद्ध हाम्रो दायित्व' हो ।

१३ यस विषयमा आफ्ना विचारहरू राख्न पाउँदा मैले आफूलाई धन्य ठानेको छु ।

**तालिका नं.१०**

| वा.स. | सम्बन्ध |
|---|---|
| १२ र १३ | परिचयात्मक सम्बन्ध |

माथिको तालिका अनुसार वा.स.१२ र १३ का बिचमा परिचयात्मक सम्बन्ध रहेको छ । प्रथम वक्ताले शीर्षक बताएकोले यो सम्बन्ध रहेको हो ।

### ५.१.४ चौथौ अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित वक्तृताको चौथो अनुच्छेदमा वा.स. १४ देखि १८ सम्म ५ वटा वाक्यहरू रहेका छन् । ती वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण निम्नानुसार गरिएको छ :

१४ मानव बेचबिखन आजको समाजको जीवन्त समस्या हो ।

१५ त्यसो भए मानव बेचबिखन भनेको के हो त ?

१६ मानव बेचबिखन भनेको कुनै पनि उद्देश्यले मानिसलाई बेच्ने व किन्ने काम हो ।

१७ महिलाहरूलाई देह व्यापार गराउनु, बाल बालिकाहरूलाई श्रममा लगाउनु, घरायसी दास बनाउनु, कानुन विपरीत मानव अङ्गप्रत्यङ्ग किनबेच गर्नु जस्ता गतिविधीहरू पर्दछन् ।

१८ मानव अधिकार उल्लङ्घनका यस किसिमका निकृष्ट कार्यहरू विश्वमै जटिल तथा संवेदनशील रूपमा बढदै आएका छन् ।

**तालिका नं.११**

| वा.स. | सम्बद्धन |
|---|---|
| १४ र १५ | प्रश्नार्थक सम्बन्ध |
| १६ र  १७ | स्पष्टोक्ति सम्बन्ध |
| १८ | अनुक्रमको सम्बन्ध |

माथिको तालिका अनुसार वा.स. १४ र १५ का बिचमा प्रश्तार्थक सम्बन्ध रहेको छ । मानव बेचबिखन भनेको के हो भनी प्रश्न गरिएको छ । वा.स. १६ र १७ मा मानव बेचविखनको बारेमा स्पष्ट पारिएकोले यहाँ स्पष्टोक्ति सम्बन्ध रहेको छ । वाक्यलाई निरन्तरता दिइएकोले वा.स. १८ मा अनुक्रमको सम्बन्ध प्रयोग भएको छ ।

### ५.१.५ पाँचौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित वक्तृताको पाँचौं अनुच्छेदमा  वा.स. १९ देखि २२ सम्म ४ वटा वाक्य रहेका छन् ।

१९ सभाध्यक्ष महोदय, हरेक वर्ष लाखौं मानिसहरू कुनै न कुनै रूपमा किनबेच भएका तथ्याङ्कहरू सार्वजनिक हुने गरेका छन् ।

२० बेचिनेहरूमा महिला तथा बाल बालिकाहरू बढी मात्रामा छन् ।

२१ यसै गरी युवाहरूलाई धेरै कमाउने प्रलोभनमा अन्य देशहरूमा सङ्गठित रूपमा पठाउने कार्य भइरहेको छ ।

२२ मानव समाजका लागि यसभन्दा बढी कलङ्क के हुन्छ र ?

**तालिका नं.१२**

| वा.स. | सम्बद्धन |
|---|---|
| १९ र २० | निहितार्थ सम्बन्ध |
| २१ र २२ | स्पष्टोक्ति र प्रश्नार्थ सम्बन्ध |

माथिको तालिका अनुसार वा.स.१९ र २० का बिचमा पहिलो वाक्यले भन्न खोजेको कुरा दोस्रो वाक्यमा पनि रहेकोले निहितार्थ सम्बन्ध रहेको छ । वा.स. २१ र २२ मा स्पष्टोक्ति र प्रश्नार्थक सम्बन्ध रहेको छ ।

### ५.१.६ छैटौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित वक्तृताको छैटौं अनुच्छेदमा वा.स. २३ देखि २७ सम्म गरी पाँच वटा वाक्य रहेका छन् ।

२३ नेपालमा रोजगारीको न्यून अवसर, अज्ञानता, आर्थिक विपन्नता, भेदभावपूर्ण सामाजिक संरचना आदिका कारण मानिसहरू बेचविखनको चपेटामा परेका छन् ।

२४ मानव तस्करहरूले सिधासादा मानिसहरूलाई अनेकौं प्रलोभन र झुटा आश्वासनहरू बाँड्ने गर्छन् ।

२५ कतिपय महिलाहरू बनावटी मायाजालमा अथवा नक्कली विवाहको प्रपञ्चमा फस्न पुग्छन् र बेचिन्छन् ।

२६ यसरी बेचिन पुगेका मानिसहरू विभिन्न किसिमका शारीरिक तथा मानसिक रोगका सिकार हुन्छन् ।

२७ घर फर्केपछि पनि उनीहरूले परिवार तथा समाजबाट तिरस्कृत हुनुपर्छ ।

**तालिका नं. १३**

| वा.स. | सम्बद्धन |
|---|---|
| २३ र २४ | कारण कार्यको सम्बन्ध |
| २५, २६ र २७ | घटना परिवेश र स्पष्टोक्ति सम्बन्ध |

वा.स. २३ मा नेपालमा मानव बेचबिखनका कारण उल्लेख गरिएको छ भने वा.स. २३ मा के के कार्य गरिएको छ, ती कार्य भनिएकोले कारण कार्यको सम्बन्ध रहेको छ । त्यसै गरी वा.स. २५, २६ मा परिवेश उल्लेख गरिएको छ र वा.स. २७ मा स्पष्ट पार्ने काम गरिएको छ ।

### ५.१.७ सातौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित वक्तृताको सातौं अनुच्छेदमा वा.स. २८ देखि ३३ सम्म ६ वटा वाक्यहरू रहेका छन् ।

२८ सभाध्यक्ष महोदय, मानव बेचविखनका समस्याबाट कसरी मुक्ति पाउन सकिन्छ भन्ने विषयमा सबैले ध्यान दिन आवश्यक छ ।

२९ यस किसिमको जघन्य अपराधलाई नियन्त्रण गर्न परिवारदेखि सामाजिध सङ्घ संस्था, स्थानीय निकाय र सरकारसम्मको साथ र सहयोग आवश्यक छ ।

३० मानव बेचबिखनका बारेमा सबैलाई सचेत गराउन आवश्यक छ ।

३१ यसका लागि लक्षित समुदायसम्म रोजगारीमूलक शिक्षाका अवसरहरू र गरिबी निवारणका कार्यक्रमहरूको व्यवस्था गरिनुपर्छ ।

३२ मानव बेचबिखनका बिरुद्ध लाग्ने व्यक्तिहरूलाई समाज तथा राज्यले प्रोत्साहन दिनुपर्छ ।

३३ मानव तस्करहरूलाई सामाजिक बहिष्कार र कडा सजायको व्यवस्था गरिनुपर्छ ।

**तालिका नं. १४**

| वा.स. | सम्बद्धन |
|---|---|
| २८ र २९ | आर्थी विपर्यायको सम्बन्ध |
| ३० र ३१ | कार्य कारण सम्बन्ध |
| ३२ र ३३ | तुलनात्मक सम्बन्ध |

माथिको तालिका अनुसार वा.स २८को प्रतिकूल अर्थ दिनको लागि २९ ले सहयोग गरेकोले यी दुई बिचमा आर्थी विपर्यायको सम्बन्ध रहेको छ। मानव बेचबिखन विरुद्धमा के कार्य गर्ने र त्यसका कारण उल्ले भएकोले वा.स. ३० र ३१ मा कार्य कारण सम्बन्ध रहेको छ। वा.स.३२ र ३३ मा बेचबिखन बिरुद्धमा लाग्नेलाई प्रोत्साहन र तस्करलाई कडा सजाय दिनपर्ने भनिएकोले तुलनात्मक सम्बन्ध रहेको छ।

### ५.१.८ आठौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित वक्तृताको आठौं अनुच्छेदमा वा.स. ३४ देखि ३६ सम्म ३ वटा वाक्य रहेका छन्।

३४ अन्त्यमा, म यति मात्र भन्छु, बेचबिखनबाट पीडित भएकाहरूको उपर्युक्त पुर्नस्थापना कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

३५ मानव बेचबिखनका बिरुद्ध सबै एकजुट हुन सकेमा मात्र यसलाई पूर्ण रूपमा नियन्त्रण गर्न सकिन्छ भन्ने मेरो निष्कर्ष छ।

३६ मेरा विचारहरू सुनिदिनु भएकोमा हार्दिक कृतज्ञता जाहेर गर्दै आफ्नो भनाइलाई यहीँ बिट मार्छु।

**तालिका नं. १५**

| वा.स. | सम्बद्धन |
|---|---|
| ३४ र ३५ | सामान्य विशिष्ट सम्बन्ध |
| ३६ | स्पष्टोक्ति सम्बन्ध |

वा.स. ३४ मा प्रथम वक्ताको अन्तिमको भनाई रहेको छ त्यसलाई ३५ ले विशिष्टता थपेकोले सामान्य विशिष्टको सम्बन्ध देखिन्छ। वा.स. ३६ ले अगाडिका वाक्यलाई पुष्टि गरेकोले स्पष्टोक्ति सम्बन्ध रहेको छ।

### ५.१.९ नवौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

३७ उद्घोषक : आफ्ना महत्त्वपूर्ण विचार राखिदिनुभएकोमा साथी मोहम्मद आलमलाई हार्दिक धन्यवाद दिन्छु ।

३८ अब अर्का वक्ता अयोध्या पौडेललाई आफ्ना अभिमतहरू राख्नुहुन आमन्त्रण गर्दछु ।

**तालिका नं. १६**

| वा.स. | सम्बद्धन |
|---|---|
| ३७ र ३८ | अनुक्रमबोधक सम्बन्ध |

वा.स. ३७ र २८ बिचको अनुक्रम पहिलो वक्तालाई धन्यवाद दिदै दोस्रो वक्तालाई आमन्त्रण गरेकोले यी दुईको सम्बन्ध अनुक्रमबोधक रहेको छ ।

### ५.१.१० दशौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित वक्तृताको दशौं अनुच्छेदमा वा.स. ३९ रहेको छ ।

३९ सभाध्यक्षयज्यू, प्रमुख अतिथिज्यू, निर्णायक मण्डल, गरुवर्ग एवं साथीहरू ।

**तालिका नं. १७**

| वा.स. | सम्बद्धन |
|---|---|
| ३९ | परिचयात्मक सम्बन्ध |

वा.स.३९ मा दोस्रो वक्ता अयोध्याले सम्बोधन गरेकोले यसमा परिचयात्मक सम्बन्ध रहेको छ ।

### ५.१.११ एघारौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

४० मानव बेचबिखन विरुद्ध हाम्रो दायित्व शीर्षकमा धारणाहरू राख्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

**तालिका नं. १८**

| वा.स. | सम्बद्धन |
|---|---|
| ४० | उद्देश्य वा प्रयोजनको सम्बन्ध |

माथिको तालिका अनुसार वा.स.४० मा शीर्षक भनी वक्तृता सुरु गरेकोले यसमा उद्देश्य वा प्रयोजनको सम्बन्ध रहेको छ ।

### ५.१.१२ बाह्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित वक्तृताको बाह्रौं अनुच्छेदमा वा.स. ४१ देखि ४६ सम्म ६ वटा वाक्य रहेका छन् ।

४१ मानव बेचबिखन कस्तो अपराध हो र यो कसरी बढ्दै गइरहेको छ भन्ने विष्यमा पूर्ववक्ता मित्रले प्रकाश पारिसक्नु भएको छ ।

४२ यस विषयमा म धेरै चर्चा गर्न चाहान्नँ ।

४३ म अन्य केही महत्त्वपूर्ण पक्षमा प्रकाश पार्ने प्रयास गर्छु ।

४४ मानव बेचबिखनको बजारले मानिसहरूलाई माल सामानको रूपमा हेर्छ ।

४५ यसले विभिन्न दर तथा मूल्यमा मानिसहरूको बेचबिखन गर्छ ।

४६ यस किसिकका अपराधहरू विशेष गरी अविकसित तथा अल्प विकसित देशहरूमा बढी हुने गरेका छन् ।

**तालिका नं. १९**

| वा.स. | सम्बद्धक |
|---|---|
| ४१ र ४२ | अप्रत्यक्ष सम्बन्ध |
| ४३ र ४४ | समुच्चयबोधक सम्बन्ध |
| ४५ र ४६ | विशिष्ट सामान्य सम्बन्ध |

माथिको तालिका अनुसार वा.स.४१ र ४२ का बिचमा अप्रत्यक्ष सम्बन्ध रहेको छ । वा.स. ४३ र ४४ का बिचमा समानान्तर अवस्था भएकोले समुच्चयबोधक सम्बन्ध रहेको छ । त्यैगरी वा.स.४५ र ४६ मा विशिष्ट सामान्य सम्बन्ध रहेको छ ।

### ५.१.१३ तेह्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित वक्तृताको तेह्रौं अनुच्छेदमा वा.स. ४७ देखि ५३ सम्म ७ वटा वाक्यहरू रहेका छन् ।

४७ आज हामी एक्काइसौं शताब्दीमा छौं ।

४८ नेपालमा एक सय वर्ष अघि नै दास प्रथा उन्मूलन भएको थियो ।

४९ संयुक्त राष्ट्र सङ्घको स्थापनासँगै संसारबाट दास प्रथा पूर्ण रूपमा उन्मूलन गर्ने घोषणा भएको हो ।

५० हामी भने लाचार भएर मानिसलाई मानिसले नै पशुलाई झैँ बिक्री वितरण गर्ने अमानवीय क्रियाकलाप टुलुटुलु हेर्न विवश छौँ ।

५१ आज पुरानै दास प्रथा नयाँ ढङ्गले विकसित हुँदो छ ।

५२ मानव बेचबिखन र ओसारपसार एक किसिमको आधुनिक दास प्रथा नै हो ।

५३ यो मानव जातिकै लागि अत्यन्त दुखद् कुरा हो ।

**तालिका नं. २०**

| वा.स. | सम्बद्धन |
|---|---|
| ४७ र ४८ | इन्द्रिय मस्तिष्कको सम्बन्ध |
| ४९ र ५० | तुलनात्मक सम्बन्ध |
| ५१, ५२ र ५३ | स्पष्टोक्ति सम्बन्ध |

वा.स. ४७ र ४८ मा अहिलेको र एक सय वर्ष अघिको सम्झना गरिएकोले इन्द्रिय मस्तिष्कको सम्बन्ध रहेको छ । दास प्रथा उन्मूलन र मानव बेचबिखनको बिचमा वा.स. ४९ र ५० मा तुलना गरिएको छ । वा.स. ५१-५३ मा स्पष्टोक्ति सम्बन्ध रहेको छ ।

### ५.१.१४ चौधौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित वक्तृताको चौधौं अनुच्छेदमा वा.स. ५४ देखि ५७ सम्म चार वटा वाक्यहरू रहेका छन् ।

५४ नेपालमा मानव बेचबिखन वेश्यात्तिमा लगाउने, श्रम शोषण गर्ने, मजदुर बनाउने र मानव अङ्गको बेचबिखन गर्ने कार्यमा मात्र सीपति छैन ।

५५ लागु औषधको व्यापार गर्न, अश्लील चलचित्रमा काम गर्न र सर्कसमा काम गर्नका लागि पनि नेपालीहरू बेचिएका छन् ।

५६ समस्या बिस्तारै जटिल र विकराल हुँदै गएको छ ।

५७ यो तपाई हामी सबैका लागि चुनौती हो ।

**तालिका नं. २१**

| वा.स. | सम्बद्धन |
|---|---|
| ५४ र ५५ | निहितार्थ सम्बन्ध |
| ५६ र ५७ | शीघ्रताबोधक सम्बन्ध |

वा.स. ५४ को अर्थ ५५ मा रहेकोले यी दुई बिचम निहितार्थ सम्बन्ध रहेको छ । बढ्दै गएको समस्याले चुनौती थप्नुलाई वा.स. ५६ र ५७ मा शीघ्रताबोधक सम्बन्धको रूपमा लिइएको छ ।

### ५.१.१५ पन्धौं अनुच्छेदम प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित वक्तृताको पन्धौं अनुच्छेदमा वा.स. ५८ देखि ६४ सम्म सात वटा वाक्यहरू रहेका छन् ।

५८ मेरा विचारमा मानिसहरू बेचिनु, ठगिनु र बिचल्लीमा पर्नु त आजको समस्या हुँदै हो ।

५९ त्यस्ता व्यक्तिहरूको भावी जीवन नै जोखिममा पर्नु अझ दर्दनाक समस्या हो ।

६० तिनीहरूबाट अनेक प्राण घातक रोगहरू फैलनु र समाजमा अनेक विकृति र विसङ्गति बढ्दै जानु अर्को समस्या हो ।

६१ तिनीहरू विभिन्न खाले मानसिक र शारीरिक रोगले ग्रस्त भएका उदाहरण छन् ।

६२ समाजमा एचआइभी एड्सको सङ्क्रमणको मूल कारण पनि यही मानव बेचबिखन र ओसारपसार नै हो ।

६३ कतिपय पीडितहरू त समाजबाट बहिष्कृत समेत छन् ।

६४ उनीहरूको पुर्नस्थापनाको व्यवस्था पनि अत्यन्त कमजोर देखिन्छ ।

**तालिका नं. २२**

| **वा.स.** | **सम्बद्धन** |
|---|---|
| ५८ र ५९ | अनुक्रमबोधक सम्बन्ध |
| ६० र ६१ | स्पष्टोक्ति सम्बन्ध |
| ६२, ६३ र ६४ | निहितार्थ सम्बन्ध |

माथिको तालिका अनुसार वा.स. ५८ र ५९ मा क्रमबद्ध वाक्य अगाडि बढेको छ । पहिलो वाक्यलाई स्पष्ट पार्ने काम वा.स. ६० र ६१ मा भएको छ । त्यसै गरी वा.स. ६२ देखि ६४ सम्मा अर्थ निहित भएको छ ।

### ५.१.१६ सोह्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित वक्तृताको सोह्रौं अनुच्छेदमा वा.स. ६५ देखि ६७ सम्म तिन वटा वाक्यहरू रहेका छन् ।

६५ सभाध्यक्ष महोदय, मेरा विचारम यस समस्याको मुख्य कारक चेतनाको कमी, गरिबी र बेरोजगारी नै हो ।

६६ कानुन कार्यान्वयनमा फितलोपना, भ्रष्टाचार, खुला सीमा आदि नै नेपालमा यस किसिमको व्यवसाय फस्टाउँदै जानुका कारण हुन् ।

६७ त्यसै गरी वैदेशिक रोजगारीप्रतिको मोह, राजनीतिक अस्थिरता र अवसरको खोजीमा सहर पस्ने प्रवृत्तिले गर्दा नेपालमा यस्ता खालका अपराध मौलाउँदै गएको पाइन्छ ।

**तालिका नं. २३**

| वा.स. | सम्बद्धन |
|---|---|
| ६५ र ६६ | कार्य कारणको सम्बन्ध |
| ६७ | अनुक्रमबोधक सम्बन्ध |

वा.स.६५ मा नेपालमा मानव बेचबिखन बढ्नु कार्य रकेको छ भने ६६ मा यसका कारण भएकोले कार्य कारणको सम्बन्ध रहेको छ । वा.स.६७ मा त्यसलाई निरन्तरता दिइएकोले अनुक्रमबोधक सम्बन्ध रहेको छ ।

### ५.१.१७ सत्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित वक्तृताको सत्रौं अनुच्छेदमा वा.स. ६८ देखि ७४ सम्म सात वटा वाक्यहरू रहेका छन् ।

६८ सभाध्यक्ष महोदय, मानव बेचबिखन र ओसारपसार भीषण वा जघन्य अपराध हो ।

६९ यसको नियन्त्रणका थुप्रै प्रयासहरू पनि भएका छन् ।

७० कैयौं अपराधी प्रहरीको कारवाहीमा परेका छन् ।

७१ पीडितका पक्षमा न्यायालयबाट निसाफ पनि नभएका होइनन् ।

७२ यसका विरुद्ध संयुक्त राष्ट्र सङ्घ लगायत राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घ संस्थाहरू जागरुक भएका छन् ।

७३ यति हुँदाहुँदै पनि यो समस्या बढ्दै गएको छ ।

७४ त्यसैले उक्त समस्याको पूर्ण समाधानका लागि थप संवेदनशीलता, गाम्भीर्य र प्रतिबद्धताको खाँचो देखिन्छ ।

**तालिका नं.२४**

| वा.स. | सम्बद्धन |
|---|---|
| ६८ र ६९ | आर्थी पर्यायको सम्बन्ध |
| ७० र ७१ | तुलनात्मक सम्बन्ध |
| ७२ र ७३ | आर्थी विपर्यायको सम्बन्ध |
| ७३ र ७४ | स्पष्टोक्ति सम्बन्ध |

माथिको तालिका अनुसार वा.स. ६८ र ६९ का बिचमा समानता नभए पनि अर्थगत दृष्टिले समान भएकोले आर्थी पर्यायको सम्बन्ध रहेको छ । वा.स. ७० र ७१ मा तुलना गरिएकोले तुलनात्मक सम्बन्ध रहेको छ । वा.स. ७२ को अर्थ विपरीत ७३ को अर्थ भएकोले आर्थी विपर्यायको सम्बन्ध रहेको छ । वा.स ७३ र ७४ मा स्पष्टिकरण दिएकोले स्पष्टोक्ति सम्बन्ध रहेको छ ।

### ५.१.१८ अठारौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित वक्तृताको अठारौं अनुच्छेदमा वा.स. ७५ देखि ८१ सम्म सात वटा वाक्यहरू रहेका छन् ।

७५ हाम्रा शैक्षिक पाठ्क्रमहरूलाई व्यावसायिक र रोजगारमूलक बनाउनु पर्छ ।

७६ सरकारले पनि रोजगारी दिने कार्यक्रमहरूको तर्जुमा गर्नुपर्छ ।

७७ हामी विद्यार्थीहरूबाट पनि सचेतनाका कार्यक्रमलाई अगाडि बढाउनुपर्छ ।

७८ गरिबी निवारणका बारेमा स्थानीय निकायदेखि माथिल्लो तहसम्म संवेदनशील हुनुपर्छ ।

७९ गैर सरकारी संस्थाहरूलाई सचेतना फैलाउने कामको जिम्मेवारी दिनुपर्छ ।

८० यसो गर्न सकियो भने यस अपराधलाई पूर्ण रूपमा नियन्त्रण गर्न पक्कै सकिन्छ ।

८१ यति भन्दै म आफ्नो भनाइलाई पूर्ण विराम दिन्छु ।

**तालिका नं. २५**

| **वा.स.** | **सम्बद्धन** |
|---|---|
| ७५ र ७६ | सामान्य विशिष्टको सम्बन्ध |
| ७७ र ७८ | अनुक्रमबोधक सम्बन्ध |
| ७९, ८० र ८१ | शीघ्रताबोधक सम्बन्ध |

माथिको तालिका अनुसार वा.स.७५ र ७६ का बिचमा सामान्य विशिष्टको सम्बन्ध रहेको छ । अघिल्ला वाक्यको क्रममा पछिल्ला वाक्य आएकोले वा.स. ७७ र ७८ मा अनुक्रमबोधक सम्बन्ध छ । एकपछि अर्को घटना आइहालेकोले वा.स. ७९, ८० र ८१ का बिचमा शीघ्रताबोधक सम्बन्ध रहेको छ ।

### ५.१.१९ उन्नाइसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित वक्तृताको उन्नाइसौं अनुच्छेदमा वा.स. ८२ रहेको छ । त्यस वाक्यमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण यस प्रकार छ :

८२ उद्घोषक : अब साथी मनोज तामाङलाई यसै विषयमा आफ्ना विचारहरू राखिदिनका लागि हार्दिक अनुरोध गर्दछु ।

**तालिका नं. २६**

| **वा.स.** | **समबद्धन** |
|---|---|
| ८२ | अनुक्रबोधक |

अठारौं अनुच्छेदमा रहेका कुरा उन्नाइसौं अनुच्छेदमा आएकोले वा.स. ८२ मा अनुक्रमबोधक सम्बन्ध रहेको छ ।

### ५.१.२० बिसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित वक्तृताको बिसौं अनुच्छेदमा वा.सं. ८३ रहेको छ । उक्त वाक्यमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण यस प्रकार छ :

८३ सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, निर्णायक मण्डल, आदरणीय गुरुवर्ग, प्रतियोगी तथा अन्य मेरा साथीहरू ।

**तालिका नं.२७**

| वा.स. | सम्बद्धन |
|---|---|
| ८३ | परिचयात्मक |

माथिको तालिका अनुसार वा.स. ८३ मा परिचयात्मक सम्बन्ध रहेको छ ।

### ४.१.२१ एक्काइसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

८४ यस वक्तृता प्रतियोगितामा भाग लिन पाउँदा खुशी लागेको छ ।

८५ म मानव बेचबिखन र तिनको निराकरणका सम्बन्धमा आफ्ना विचार व्यक्त गर्छु ।

**तालिका नं. २८**

| वा.स. | सम्बद्धन |
|---|---|
| ८४ र ८५ | अनुमानित सम्बन्ध |

माथिको तालिका अनुसार वा.स. ८४ ले ८५ को अनुमान गर्न सकिने भएकोले यी दुई बिचमा अनुमानित सम्बन्ध रहेको छ ।

### ५.१.२२ बाइसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित वक्तृताको बाइसौं अनुच्छेदमा वा.स. ८६ देखि ९१ सम्म छ वटा वाक्यहरू रहेका छन् ।

८६ आज, विवेकशील मानिएको मानव प्राणी पशुसरह बिक्री वितरण हुँदो छ ।

८७ यसभन्दा बढी दुर्भाग्यपूर्ण कुरा के हुन सक्छ र !

८८ यस्तो स्थितिको सिर्जनाले हाम्रो समाज बढी भोक्तावादी हुँदै गएको छ ।

८९ पैसामुखी प्रवृत्ति र नैनिकताको ह्रासले पनि मान्छेले मान्छेलाई बेचिरहेको स्थिति छ ।

९० अशिक्षा, गरिबी, बेरोजगार र युद्धको प्रभावले पनि मानव बेचबिखन बढ्दो छ ।

९१ सम्पन्न र विपन्न राष्ट्रका बिचमा मानिसहरूको जीवन स्तरमा भएको भिन्नता पनि यस किसिमको समस्याको कारक हो ।

**तालिका नं. २९**

| वा.स. | सम्बद्धन |
|---|---|
| ८६ र ८७ | आर्थी पर्यायको सम्बन्ध |
| ८८ र ८९ | कार्य कारण सम्बन्ध |
| ९० र ९१ | प्रभाव परिणामको सम्बन्ध |

माथिको तालिका अनुसार वा.स. ८६ र ८७ का बिचमा एउटै अर्थ रहेकाले आर्थी पर्यायको सम्बन्ध रहेको छ । वा.स. ८८मा कार्य छ भने ८९ मा त्यसको कारण रहेको छ । वा.स. ९० को प्रभावले ९१ मा परिणाम देखिएकोले प्रभाव परिणामको सम्बन्ध रहेको छ ।

### ५.१.२३ तेइसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित वक्तृताको तेइसौं अनुच्छेदमा वा.स. ९२ देखि ९५ सम्म चार वटा वाक्यहरू रहेका छन् ।

९२ हाम्रो देश नेपालमा विशेष गरी गाउँबाट सहरतिर मानिसहरूको परोक्ष व्यापार हुने गरेको पाइन्छ ।

९३ वैदेशिक रोजगारका नाममा कानुनका आँखा छलेर नेपालबाट प्रशस्त मानिसहरू बेचिएका छन् ।

९४ यसरी बेचिएकाहरूलाई वेश्यावृत्ति, सर्कस, घरायसी कामदार, उद्योगमा श्रमिक खानीमा मजदुरका रूपमा काममा लगाउने गरेको पाइन्छ ।

९५ बेचबिखनमा परेका कतिपय मानिसहरूको मिर्गौला लगायतका अङ्गहरू बेच्ने गरेका तथ्यहरू पनि हाम्रा सामुन्ने नै छन् ।

**तालिका नं. ३०**

| **वा.स.** | **सम्बद्धन** |
|---|---|
| ९२ र ९३ | रीतिबोधक सम्बन्ध |
| ९४ र ९५ | व्याख्यात्मक सम्बन्ध |

माथिको तालिका अनुसार वा.स.९२ र ९३ का बिचमा विचार प्रस्तुतीसँग सम्बन्धित भएकोले रीतिबोधक सम्बन्ध रहेको छ । वा.स. ९४ र ९५ मा मानव बेचशिखनका बारेमा व्याख्या गरिएकोले व्याख्यात्मक सम्बन्ध रहेको छ ।

### ५.१.२४ चौबिसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित वक्तृताको चौबिसौं अनुच्छेदमा वा.सं ९६ देखि १०३ सम्म आठ वटा वाक्यहरू रहेका छन् । घ

९६ कुनै पनि समस्याले समाधान आफैं बोकेर आएको हुन्छ भनिन्छ ।

९७ त्यस्तै मानव बेचबिखनको समस्या पनि कुनै प्राकृतिक समस्या होइन ।

९८ यो नितान्त मानव समाजबाट सिर्जित समस्या हो ।

९९ त्यसैले यसको समाधान पनि हामी सबै तह र तप्काका मानिसले नै मिलेर गर्नुपर्छ ।

१०० यसका लागि राज्यका संयन्त्रलाई सशक्त बनाइनुपर्छ ।

१०१ शिक्षा र चेतनाका लहरहरू हाम्रा हरेक बस्तीमा पुग्नुपर्छ ।

१०२ विद्यार्थीहरू पनि चेतना विस्तारका संवाहकहरू हुन् ।

१०३ त्यसैले यस किसिमको निकृष्ट मानवताहीन कार्यका विरुद्ध सक्रिय हुन सम्पूर्ण विद्यार्थीलाई आह्वान गर्छु ।

**तालिका नं. ३१**

| वा.स. | सम्बद्धन |
|---|---|
| ९६ र ९७ | अप्रत्यक्ष सम्बन्ध |
| ९८ र ९९ | निहितार्थ सम्बन्ध |
| १०० र १०१ | विशिष्ट सामान्य सम्बन्ध |
| १०२ र १०३ | आज्ञार्थ सम्बन्ध |

माथिको तालिका अनुसार चौबिसौं अनुच्छेदमा अप्रत्यक्ष, निहितार्थ, विशिष्ट सामान्य र आज्ञार्थ सम्बन्ध जस्ता सम्बद्धन प्रयुक्त छन् ।

### ५.१.२५ पच्चिसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित वक्तृताको पच्चिसौं अनुच्छेदमा वा.स. १०४ रहेको छ ।

१०४ उद्घोषक : अब आजको प्रतियोगिताका अन्तिम वक्ताका रूपमा आफ्ना विचारहरू राखिदिनका लागि साथी रमा सापकोटालाई अनुरोध गर्दछु ।

**तालिका नं. ३२**

| वा.स. | सम्बद्धन |
|---|---|
| १०४ | अनुक्रमबोधक सम्बन्ध |

माथिको तालिका अनुसार वक्तृताको अन्तिम वक्तालाई आमन्त्रण गरिएकोले अनुक्रमबोधक सम्बन्ध रहेको छ ।

### ५.१.२६ छब्बिसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित वक्तृताको छब्बिसौं अनुच्छेदमा एउटा मात्र वाक्य रहेको छ ।

१०५ यस गरिमामय सभाका सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, निर्णायक मण्डल आदरणीय गुरुवर्ग तथा साथीहरू !

**तालिका नं. ३३**

| वा.स. | सम्बद्धन |
|---|---|
| १०५ | परिचयात्मक |

माथिको तालिका अनुसार छब्बिसौं अनुच्छेदमा सम्बोधन गरिएकोले परिचयात्म सम्बन्ध रहेको छ ।

### ५.१.२७ सत्ताइसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित वक्तृताको सत्ताइसौं अनुच्छेदमा तिन वटा वाक्य रहेका छन् ।

१०६ सर्वप्रथम मैले यस वक्तृता प्रतियोगितामा भाग लिने अवसर पाएकोमा आयोजकप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

१०७ पूर्ववक्ता साथीहरूले मानव बेचबिखन र ओसारपसार कार्यका सम्बन्धमा आफ्ना विचारहरू राखिसक्नु भएको छ ।

१०८ म भने मानव बेचबिखन र ओसारपसारको व्यापारले नेपाल र विश्व परिवेशमा पारेको प्रभावतर्फ सबैको ध्यान केन्द्रित गराउन चाहान्छु ।

### तालिका नं. ३४

| वा.स. | सम्बद्धन |
|---|---|
| १०६ र १०७ | उद्देश्य  वा प्रयोजन र इन्द्रिय मस्तिष्कको सम्बन्ध |
| १०८ | तुलनात्मक सम्बन्ध |

माथिको तालिका अनुसार वा.स. १०६ मा प्रयोजन बताइएको छ भने १०७ मा पूर्ववक्ताले भनेको कुरा भनिएकोले मस्तिष्कको प्रयोग गरिएको छ । त्यसैगरी १०८ मा तुलना गरिएकोले तुलनात्मक सम्बन्ध रहेको छ ।

### ५.१.२८ अठ्ठाइसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित वक्तृताको अठ्ठाइसौं अनुच्छेदमा जम्मा तिन वटा वाक्य रहेका छन् ।

१०९ मानव बेचबिखनको दायरा वा क्षेत्रका आधारमा हेर्दा यसका दुई वटा प्रकार छन्, देशभित्रै गरिने र एक देशबाट अर्को देशमा  गरिने बेचबिखन ।

११० हिजोआज त राज्यले कामदार पठाउन प्रतिबन्ध लगाएका मुलुकमा पनि कानुनको आँखा छलेर र अर्कै देशको बाटो बनाएर पनि मानिसहरूको बेचबिखन भइरकेको छ ।

१११ यस तर्फ पनि सबैको ध्यान जान आबश्यक छ ।

### तालिका नं. ३५

| वा.स. | सम्बद्धन |
|---|---|
| १०९ र ११० | आर्थी विपर्यायको सम्बन्ध |
| ११० र १११ | समुच्चयबोधक सम्बन्ध |

माथिको तालिका अनुसार वा.स.१०९ र ११० का बिचमा आर्थी विपर्यायको सम्बन्ध रहेको छ भने १११ मा समुच्चयबोधक सम्बन्ध रहेको छ ।

### ५.१.२९ उनन्तिसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित वक्तृताको उनन्तिसौं अनुच्छेदमा चार वटा वाक्यहरू रहेका छन् ।

११२ मानव बेचबिखन जस्तो विवेकहीन कार्य किन हुन्छ र कसरी गरिन्छ त ?

११३ यस पेसालाई मलजल गर्ने काम विशेष गरी पैसा र पदको दुरुपयोग गर्नेहरूले नै बढी मात्रामा गरेको देखिन्छ ।

११४ आफ्नै चिनजान र नातागोताकै मान्छेबाट पनि विश्वासघात गरी यस किसिमको अपराध गर्दै आएको पनि पाइन्छ ।

११५ समग्रमा भन्ने हो भने आर्थिक लाभका लागि न्याल चुहाउनेहरूले नै यस किसिमका अमानवीय कार्य गरेका छन् ।

**तालिका नं.३६**

| वा.स. | सम्बद्धन |
|---|---|
| ११२ र ११३ | प्रश्नार्थक सम्बन्ध |
| ११४ र ११५ | स्पष्टोक्ति सम्बन्ध |

माथिको तालिका अनुसार मानव बेचबिखन किन र कसरी गरिन्छ भनी प्रश्न गरेकाले वा.स ११२ र ११३ मा प्रश्नर्थक सम्बन्ध र त्यसलाई स्पष्ट पार्ने काम ११४ र ११५ मा गरिएकोले स्पष्टोक्ति सम्बन्ध रहेको छ ।

### ५.१.३० तिसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित वक्तृताको तिसौं अनुच्छेदमा १३ वटा वाक्यहरू रहेका छन् ।

११६ सभाध्यक्षज्यू, मानव बेचबिखन र ओसारपसार समस्याको समाधानका लागि केही सुझाव राख्न चाहन्छु ।

११७ यस अपराधलाई नियन्त्रण गर्न सर्वप्रथम कानुनी प्रावधान बलियो बनाउनुपर्छ र भएको कानुनको उचित कार्यान्वयन हुनुपर्दछ ।

११८ त्यसैले वर्तमान कानुनमा रहेका कमजोरी सुधार गर्नु पर्छ ।

११९ आवश्यक परे नयाँ कानुन पनि बनाउनुपर्छ ,

१२० यस्तो अपराधको सुइँको पाएर सूचना दिने हरेक नागरिकलाई सम्मान गर्न पछि पर्नु हुँदैन ।

१२१ यसमा राज्यको मुख्य भूमिका हुन्छ ।

१२२ नागरिकहरूले राज्यलाई सहयोग गर्नुपर्छ ।

१२३ त्यसै गरी यस समस्याबाट मुक्ति पाउने अर्को पक्ष सचेतना अभियान नै हो ।

१२४ विद्यालय तहका पाठ्यपुस्तकबाटै सचेतना अभियान सुरु गर्नुपर्छ ।

१२५ यसमा समाजक सबै सचेत वर्गले सहयोग गर्नुपर्छ ।

१२६ यसमा सञ्चार माध्यमहरूको ठूलो भूमिका हुन्छ ।

१२७ सरकारी तथा गैर सरकारी सङ्घ संस्थाहरू सक्रिय हुनुपर्छ ।

१२८ अहिलेको एक्काइसौं शताब्दीको युगमा मान्छेले मान्छेलाई नै बेच्ने जस्तो विचित्रको अवस्थाबाट जनताले मुक्ति पाउनुपर्छ ।

**तालिका नं. ३७**

| वा.स. | सम्बद्धन |
|---|---|
| ११६ र ११७ | कारण कार्यको सम्बन्ध |
| ११८ र ११९ | आज्ञार्थ सम्बन्ध |
| १२० र १२१ | सामान्य विशिष्ट सम्बन्ध |
| १२२ र १२३ | आर्थी पर्यायको सम्बन्ध |
| १२४ र १२५ | क्रमबोधक सम्बन्ध |
| १२६ र १२७ | अप्रत्यक्ष सम्बन्ध |
| १२८ | पुनरुक्ति सम्बन्ध |

माथिको तालिका अनुसार वक्तृताको तिसौं अनुच्छेदमावा.स. ११६ र ११७ मा कारण कार्यको सम्बन्ध, वा.स. ११८ र ११९ मा आज्ञार्थ, सामान्य विशिष्ट, वा.स.१२० र १२१ मा सामान्य विशिष्ट, वा.स. १२२ र १२३ मा आर्थी पर्याय, वा.स. १२४ र १२५ मा क्रमबोधक, वा.स.१२६ र १२७ मा अप्रत्यक्ष र वा.स. १२८मा पुनरुक्ति सम्बन्ध जस्ता सम्बद्धन प्रयुक्त भएका छन् ।

### ५.१.३१ एक्तिसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित वक्तृताको एक्तिसौं अनुच्छेदमा १० वटा वाक्यहरू रहेका छन् ।

१२९ मानव बेचबिखनबाट पीडित मानिसहरूलाई उपयुक्त क्षतिपूर्ति दिलाउने काम सुरु गर्नुपर्छ ।

१३० पीडिलहरूलाई पुनर्स्थापनाका लागि आवश्यक योजनाहरू ल्याउनुपर्छ ।

१३१ रोजगारीको अवसर दिलाउनुपर्छ ।

१३२ पारिवारिक पुनर्मिलन गराउने र समाजमा समायोजन गराउने जस्ता कार्यहरूमा जोड दिनुपर्छ ।

१३३ हरेक सचेत मानिसले मानव बेचबिखन जस्तो अमानवीय दुष्कार्यका विरुद्ध लाग्नुपर्छ ।

१३४ अन्त्यमा परिवर्तन आफैंबाट सुरु गर्नुपर्छ भन्छि ।

१३५ यस अर्थमा म पनि एक सचेत विद्यार्थीका नाताले मानव बेचबिखन विरुद्धको अभियानम आजैदेखि सक्रिय रहने प्रण गर्दछु ।

१३६ म मेरो घर परिवारबाटै सचेतना अभिवृद्धि कार्यको शुभारम्भ गर्ने छु ।

१३७ साथै महाअभियानमा सधैँ सक्रिय रहने छु ।

१३८ यही वचनबद्धतसहित आफ्नो मन्तव्य यहीँ टुङ्ग्याउँछु ।

**तालिका न. ३८**

| वा.स. | सम्बद्धन |
| --- | --- |
| १२९ र १३० | कार्य कारणको सम्बन्ध |
| १३१ र १३२ | प्रभाव परिणामको सम्बन्ध |
| १३३ र १३४ | परिवेश घटनाको सम्बन्ध |
| १३५ र १३६ | स्पष्टोक्ति सम्बन्ध |
| १३७ र १३८ | क्रमबोधक सम्बन्ध |

माथिको तालिका अनुसार वा.स. १२९मा क्षतिपूर्ति दिनुपर्ने भनिएकोले र १३० मा पुर्नस्थापनाका योजना कारण उल्लेख भएकोले कार्य कारणको सम्बन्ध रहेको छ । वा.स. १३१ र १३२ का बिचमा रोजगारी र त्यसले पार्ने प्रभाव रहेकोले प्रभाव परिणामको सम्बन्ध रहेको छ । वा.स. १३३ र १३४ मा परिवेश र घटना उल्लेख भएकोले परिवेश घटनाको सम्बन्ध रहेको छ । त्यसलाई वा.स. १३५ र १३६ मा स्पष्ट पारिएको ले स्पष्टोक्ति सम्बन्ध रहेको छ । माथिको क्रमअनुसार रहेकोले वा.स. १३७ र १३८ को सम्बन्ध क्रमबोधक रहेको छ ।

### ५.१.३२ बत्तिसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित वक्तृताको बत्तिसौं अनुच्छेदमा चार वटा वाक्यहरू रहेका छन् ।

१३९ उद्घोषक : आजको वक्तृत्व प्रतियोगिता यहीँ सकिन्छ ।

१४० अब केही क्षणपछि निर्णायक मण्डलबाट निर्णय सुनाउनुका साथै सभाध्यक्षज्यूबाट मन्तव्यसहित सभा विसर्जन हुने छ ।

१४१ म उद्घोषक सुमन मिजार बिदा हुन्छु ।

१४२ यहाँहरू सबैलाई हार्दिक धन्यवाद !

**तालिका न. ३९**

| वा.स. | सम्बद्धन |
|---|---|
| १३९ र १४० | अनुमानित सम्बन्ध |
| १४१ र १४२ | क्रमबोधक सम्बन्ध |

माथिको तालिका अनुसार वा.स. १३९ मा उद्घोषकले प्रतियोगिता सकिएको जानकारी दिएको र १४० मा केही क्षणपछि निर्णायक मण्डलबाट निर्णय सुनाउनुका साथै सभाध्यक्षबाट सभा विसर्जन हुने भनिएकोले अनुमानको स्थिति भएर अनुमानित सम्बन्ध रहेको छ । अन्तिम क्षणमा उद्घोषकले आफ्नो परिचय सहित बिदा भएकोले वा.स. १४१ र वा.स. १४२ का बिचमा क्रमबोधक सम्बन्ध रहेको छ ।

पाठमा रहेका भाव वा अभिव्यक्तिलाई एउटा निश्चित क्रममा उन्नु, बुन्नु र सिलसिलेवार बनाउनु सम्बद्धनको काम हो । माथि प्रस्तुत वक्तृतामा प्रयुक्त १८ सम्बद्धन मध्ये सबैभन्दा बढी प्रयोग भएका सम्बद्धनमा स्पष्टोक्ति सम्बन्ध र अनुक्रमबोधक सम्बन्ध हुन् जो १०-१० पटक प्रयोग भएका छन् । सबैभन्दा कम प्रयोग भएका सम्बद्धनमा समुच्चयबोधक, रीतिबोधक, शीघ्रताबोधक सम्बन्ध रहेका छन् जो एक पटक मात्र प्रयोगमा आएका छन् । सम्बद्धनले पाठलाई अर्थयुक्त र उपयोगी बनाउन महत्त्पूर्ण भूमिका रहेको प्रमाण प्रस्तुत अध्ययनबाट प्राप्त भएको छ ।

अध्याय : छ

# सारांश, निष्कर्ष र उपयोगिता

## ६.१ सारांश

प्रस्तुत शोधपत्रमा कक्षा नौको नेपाली पाठ्यपुस्तकमा रहेका रूपक विधा अन्तर्गत पर्ने 'मानव बेचबिखन विरुद्ध हाम्रो दायित्व' वक्तृताको सङ्कथन विश्लेषण गरिएको छ । यस वक्तृतामा नेपालमा मानव बेचबिखनको जस्तो गम्भीर विषयलाई केन्द्रबिन्दु बनाइएको छ । प्रस्तुत वक्तृतामा मानव बेचबिखनका कारणहरू र तिनलाई नियन्त्रण गर्ने उपायहरू चारजना वक्ता मार्फत तर्क सहित प्रस्तुतिकरण गरिएको छ ।

प्रस्तुत शोधपत्रको पहिलो अध्यायमा शोध परिचय रहेको छ । यसमा पृष्ठभूमि, समस्याकथन, शोधकार्यको उद्देश्य, शोधको औचित्य, अध्ययनको सीमाङ्कन तथा शोधपत्रको रुपरेखा प्रस्तुत गरिएको छ । प्रस्तुत शोधपत्र कक्षा नौको नेपाली पाठ्यपुस्तकमा रहेको रूपक विधामा प्रयुक्त सम्बद्धकको पहिचान गर्नु तथा कक्षा नौको नेपाली पाठ्यपुस्तकमा रहेको रूपक विधामा प्रयुक्त सम्बद्धनको पहिचान गर्नु जस्ता उद्देश्य राखी तयार गरिएको छ ।

अध्याय दुईमा प्रस्तुत शोधपत्र तयार गर्नका लागि गरिएका महत्त्वपूर्ण अध्ययन पूर्वकार्यको समीक्षालाई दुई भागमा विभाजन गरिएको छ : पुस्तक समीक्षा र शोधपत्र समीक्षा । पूर्वकार्यको अध्ययनको महत्त्व, अध्ययनको सैद्धान्तिक अवधारणा अन्तर्गत सङ्कथन परिचय, सङ्कथन परिभाषा, सङ्कथनका प्रकार, सङ्कथन विश्लेषण, सङ्कथन विश्लेषणको परिभाषा, सङ्कथन विश्लेषणका पद्धतिहरू र सङ्कथनका युक्तिहरू उल्लेख गरिएको छ ।

प्रस्तुत शोधपत्रको अध्याय तिनमा अध्ययनको विधि र प्रक्रिया अनुरूप अध्ययनको क्षेत्र, नमुना छनोट पद्धति, तथ्याङ्क सङ्कलन पद्धति, तथ्याङ्क सङ्कलनका स्रोत, सङ्कलित सामग्रीको व्याख्या  तथा विश्लेषण जस्ता विधिको अबलम्बन गरिएको छ ।

अध्याय चारमा प्रस्तुत शोधपत्रको अध्ययनका लागि चयन गरिएको पहिलो उद्देश्य अनुरूप वक्तृताको प्रत्येक अनुच्छेद अनुसार प्रयुक्त सम्बद्धकको पहिचान गरी तिनको विश्लेषण गरिएको छ । विश्लेषण गर्ने क्रममा कोशीय सम्बद्धकको तुलनामा व्याकरणिक सम्बद्धकको प्रयोग बढी भएको छ । व्याकरणिक सम्बद्धकमा सबैभन्दा बढी संयोजक ६३ पटक र सबैभन्दा कम द्वितीय पुरुष एक पटक मात्र प्रयोग भएको छ । त्यसै गरी कोशीय सम्बद्धकमा सबैभन्दा धेरै समावेशात्मक र सबैभन्दा थोरै सहप्रयोग एक पटक प्रयोग भएको छ ।

प्रस्तुत शोधको अध्याय पाँचमा दोस्रो उद्देश्य अनुरूप वक्तृतामा सम्बद्धनको पहिचान गरी त्यसको विश्लेषण गरिएको छ । यसमा सबैभन्दा बढी प्रयोग भएको सम्बद्धन स्पष्टोक्ति सम्बन्ध र अनुक्रमबोधक सम्बन्ध हुन् । सबैभन्दा कम प्रयोग भएका सम्बद्धनमा समुच्चयबोधक, रीतिबोधक, शीघ्रताबोधक सम्बन्ध रहेका छन् जो एक पटक मात्र प्रयोगमा आएका छन् ।

प्रस्तुत शोधको अन्तिम अर्थात यस अध्याय छ मा सारांश, निष्कर्ष र उपयोगिता जस्ता शीर्षकलाई छुट्टा छुट्टै रूपमा वर्णन गरी प्रस्तुत गरिएको छ ।

## ६.२ निष्कर्ष

प्रस्तुत शोधपत्र कक्षा नौको नेपाली पाठ्यपुस्तकको रूपक विधा अन्तर्गत पर्ने 'मानव बेचबिखन विरुद्ध हाम्रो दायित्व' वक्तृताको सङ्कथन विश्लेषण गरी तयार पारिएको छ । नेपाली भाषाको कम मात्रामा रूपक विधामा नगरिएको सङ्कथन विश्लेषणलाई सम्बद्धक र सम्बद्धनका आधारमा प्रस्तुत गरी सङ्कथन विश्लेषणको क्षेत्रलाई फराकिलो पार्नका लागि यस शोधपत्रले केही मात्रामा भए पनि सहयोग प्रदान गर्ने छ भनी अपेक्षा गरिएको छ ।

प्रस्तुत शोधबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा निम्नानुसार उल्लेख गरिएको छ :

(क) सङ्कथन विश्लेषण प्रायोगिक भाषाविज्ञानको नवीनतम् र विकसित शाखा हो ।

(ख) भाषिक एकाइको समग्र पक्ष सङ्कथन हो जसले भाषिक एकाइको सन्दर्भपरक, भाषापरक र अर्थपरक अभिष्टलाई बुझाउँदछ ।

(ग) अभिव्यक्तिका आधारमा सङ्कथन कथ्य र लेख्य गरी दुई भागमा विभाजित छ ।

(घ) सङ्कथन विश्लेषण : वक्ता, बोद्धा, मार्ग, विषय, सूचनाको स्वरूप, कोड र परिवेशका आधारमा गरिन्छ ।

(ङ) सङ्कथन विश्लेषणका सम्बद्धक र सम्बद्धन गरी दुई युक्ति छन् जसलाई यस शोधको मुख्य विषयवस्तुका रूपमा लिइएको छ ।

(च) वक्तृतामा प्रयुक्त सबैभन्दा बढी संयोजक ३६ पटक र सबैभन्दा कम द्वितीय पुरुष एक पटक मात्र प्रयोग भएको छ । त्यसै गरी कोशीय सम्बद्धकमा सबैभन्दा धेरै समावेशात्मक २९ पटक र सबैभन्दा थोरै पर्यायवाची र विपरीतार्थी ३ पटक प्रयोग भएका छन् ।

(छ) प्रयुक्त १८ सम्बद्धन मध्ये सबैभन्दा बढी प्रयोग भएका सम्बद्धनमा स्पष्टोक्ति सम्बन्ध र अनुक्रमबोधक सम्बन्ध हुन्, दश पटक प्रयोगमा आएका छन् । सबैभन्दा कम प्रयोग भएका सम्बद्धनमा समुच्चयबोधक, रीतिबोधक, शीघ्रताबोधक सम्बन्ध रहेका छन्, जो एक पटक मात्र प्रयोगमा आएका छन् ।

## ६.३ उपयोगिता

सङ्कथन विश्लेषणले भाषिक संरचना र अर्थ दुवैको विश्लेषण गर्ने भएकाले यो पूर्ण भाषिक विश्लेषणमा आधारित छ । प्रस्तुत शोधले सङ्कथन विश्लेषणका क्षेत्रमा अध्ययन गर्न चाहने जो कोहीलाई पनि मार्गनिर्देशन प्रदान गर्छ । यस शोधका उपयोगितालाई दुई भागमा विभाजन गरी प्रस्तुत गर्न सकिन्छ :

### ६.३.१ शैक्षणिक उपयोगिता

(क) भाषा शिक्षण भन्नु वास्तवमै सङकथनको शिक्षण हो त्यसैले प्रस्तुत शोधले भाषा शिक्षणका क्षेत्रमा सहयोग पुर्‍याउने अपेक्षा गरिन्छ ।

(ख) यस अध्ययनमा कथ्य र लेख्य सङ्कथनको बारेमा जानकारी भएकाले भाषा शिक्षणमा मार्गनिर्देशन प्रदान गर्नेछ ।

(ग) भाषा सम्प्रेषणमा आवश्यक सम्बद्धक र सम्बद्धनको चर्चा यसमा गरिएकोले भाषा शिक्षण सिकाइमा यसले निकै सहयोग पुऱ्याउने देखिन्छ ।

(घ) सङ्कथन अखण्डित भाषिक एकाइ भएकाले भाषिक सिपलाई अखण्ड रूपमा सिकाउनका लागि यसले सहयोग पुर्याउनेछ ।

**६.३.२ नीतिगत उपयोगिता**

(क) सङ्कथन विश्लेषणसँग रुचि राख्ने तथा यस क्षेत्रमा अध्ययन गर्न चाकने जो कसैलाई पनि प्रस्तुत अध्ययन उपयोगी र सहयोगी हुनेछ ।

(ख) रूपक विधामा अति न्यून मात्रामा सङ्कथन विश्लेषण गरिएकोले अवका दिनमा यस विधामा सङ्कथन विश्लेषण गर्न चाहने जो कोहीलाइ् युस अध्ययनले सहयोग पुर्याउनेछ ।

(ग) सङ्कथन विश्लेषणले विषयको वैयत्तिक र वैचारिक भावको समीश्रणलाई विश्लेषण गर्ने आधार प्रदान गर्ने भएकाले यस शोध उपयोगी हुनेछ ।

(घ) सङ्कथन विश्लेषणका क्रममा कथ्य र लेख्य सङ्कथनको अभिव्यक्तिगत समग्रता पहिचान गर्न प्रस्तुत शोधले सहयोग गर्नेछ ।

(ङ) यस अध्ययनले पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक लेखकहरूलाई विभिन्न तहको पाठ्यपुस्तक सङ्कथनका दृष्टिले उपर्युक्त लेख रचना तथा कृतिको छनोट गर्न महत्त्वपूर्ण सहयोग पुग्नेछ ।

# सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज (२०६७), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

आचार्य, तारादेवी (२०६५), *कक्षा दशको अनिवार्य नेपाली किताबमा रहेका कथाहरूको सङ्कथन विश्लेषण ,* स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

गौतम, देवीप्रसाद (२०६८), *सङ्कथन विश्लेषण रत्न वृहत सैद्धान्तिक समालोचना* सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, काठमाडौं : रत्न पुस्तक भण्डार ।

गौतम, रामप्रसाद (२०६१), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम,* कामाडौं : दीक्षान्त पुस्तक भण्डार ।

गौतम, रामप्रसाद (२०६४), *चिलाउने चौरमा पलाएको मृगतृष्णा निबन्धको सङ्कथन विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

घिमिरे, वासुदेव (२०६९), *सङ्कथन विश्लेषण : परिचय र पद्धति,* काठमाडौं : इन्टेलेचुअल बुक प्यालेस ।

जैसी, कृष्ण प्रसाद (२०६४), *तिन घुम्ती उपन्यासको सङ्कथन विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

धानुक, लक्ष्मणसिंह (२०७२), *कक्षा आठको अनिवार्य नेपाली पाठ्यपुस्तकमा रहेका कथाहरुको सङ्कथनात्मक विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

ढकाल, उर्मिला (२०६८), *मधेसतिर कथाको सङ्कथन विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पराजुली, संगिता ( २०७१), *रातभरि हुरी चल्यो कथाको सङ्कथन विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पुन, धनबहादुर (२०७०), *बाह्र मई नाटकको सङ्कथन विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पौडेल माधवप्रसाद (२०६९), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौं : हेरिटेज पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स, भोटाहिटी ।

पौडेल माधव र अन्य (२०७१), *सङ्कथन विश्लेषण : सिद्धान्त र प्रयोग,* काठमाडौं, विद्यार्थी प्रकाशन कमल पोखरी ।

बन्धू, चुडामणि (२०६५), *अनुसन्धान तथा प्रतिवेदन लेखन* (दो.स.) काठमाडौं : रत्न पुस्तक भण्डार ।

बस्नेत, सुरेशकुमार (२०६०), *कक्षा नौको अनिवार्य नेपाली पाठ्यपुस्तकमा रहेका कथाहरूको सङ्कथन विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

भट्ट, दीपक (२०७२), *कुकर्मले सीमा नाघपछि कथाको सङ्कथन विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

भट्टराई, कृष्णप्रसाद (२०६९), *परालको आगो कथाको सङ्कथन विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

भट्टराई, गोविन्दराज (२०६२), *सङ्कथन विश्लेषणको एक प्रारम्भिक परिचय, सम्प्रेषण-२,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

भण्डारी पदम (२०६८), *केही राष्ट्रिय रोग : एक अनुसन्धान निबन्धको सङ्कथन विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

भण्डारी पारसमणि र अन्य (२०६८), *प्रयोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भुसाल, केशव (२०७१), *भाषाविज्ञान,* काठमाडौं : पाठशाला पब्लिकेशन एण्ड डिस्ट्रिब्युटर प्रा.लि.।

लम्साल, रामचन्द्र र अन्य (२०६०), *प्रयोगिक भाषाविज्ञान,* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

## परिशिष्ट

# मानव बेचबिखन विरूद्ध हाम्रो दायित्व

उद्‌घोषक : सर्वप्रथम यस वक्तृत्व प्रतियोगितामा उपस्थित सबैलाई हार्दिक स्वागत गर्छु । यसपछि अध्यक्षज्यूको अनुमतिले म आजको कार्यक्रमलाई अगाडि बढाउँछु । आजको वक्तृत्वको विषय छ, 'मानव बेचबिखन विरूद्ध हाम्रो दायित्व' । प्रतियोगितामा वक्ताहरूले पालन गर्नुपर्ने नियमहरू यस प्रकार छन् :

(क) हरेक वक्तालाई पाँच मिनेटको समय दिइने छ । चार मिनेटमा जनाउ घन्टी बज्ने छ । अन्तिम घन्टीपछि वक्ताले आफ्नो भनाइ रोक्नुपर्ने छ ।

(ख) समाज र राष्ट्र विरोधी भावना फैलाउने र व्यक्तिगत आक्षेप लाग्ने किसिमका विचारहरू प्रस्तुत गर्न पाइने छैन ।

(ग) कुनै पनि प्रकारका लिखित सामग्री प्रयोग गर्न पाइने छैन ।

(घ) निर्णायक मण्डलको निर्णय अन्तिम हुनेछ ।

अब म मेरा मित्र मोहम्मद आलमलाई आफ्नो मन्तव्य राख्नका लागि आमन्त्रण गर्दछु ।

सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, निर्णायक मण्डल, गुरुवर्ग तथा मेरा प्यारा साथीहरू ।

आजको वक्तृत्व प्रतियोगिताको विषय 'मानव बेचबिखन विरुद्ध हाम्रो दायित्व' हो । यस विषयमा आफ्ना विचारहरू राख्न पाउँदा मैले आफूलाई धन्य ठानेको छु ।

मानव बेचबिखन आजको समाजको जीवन्त समस्या हो । त्यसो भए मानव बेचबिखन भनेको के हो त ? मानव बेचबिखन भनेको कुनै पनि उद्देश्यले मानिसलाई बेच्ने व किन्ने काम हो । महिलाहरूलाई देह व्यापार गराउनु, बाल बालिकाहरूलाई श्रममा लगाउनु, घरायसी दास बनाउनु, कानुन विपरीत मानव अङ्गप्रत्यङ्ग किनबेच गर्नु जस्ता

गतिविधीहरू पर्दछन् । मानव अधिकार उल्लङ्घनका यस किसिमका निकृष्ट कार्यहरू विश्वमै जटिल तथा संवेदनशील रूपमा बढदै आएका छन् ।

सभाध्यक्ष महोदय, हरेक वर्ष लाखौँ मानिसहरू कुनै न कुनै रूपमा किनबेच भएका तथ्याङ्कहरू सार्वजनिक हुने गरेका छन् । बेचिनेहरूमा महिला तथा बाल बालिकाहरू बढी मात्रामा छन् । यसै गरी युवाहरूलाई धेरै कमाउने प्रलोभनमा अन्य देशहरूमा सङ्गठित रूपमा पठाउने कार्य भइरहेको छ । मानव समाजका लागि यसभन्दा बढी कलङ्क के हुन्छ र ?

नेपालमा रोजगारीको न्यून अवसर, अज्ञानता, आर्थिक विपन्नता, भेदभावपूर्ण सामाजिक संरचना आदिका कारण मानिसहरू बेचविखनको चपेटामा परेका छन् । मानव तस्करहरूले सिधासादा मानिसहरूलाई अनेकौँ प्रलोभन र झुटा आश्वासनहरू बाँड्ने गर्छन् । कतिपय महिलाहरू बनावटी मायाजालमा अथवा नक्कली विवाहको प्रपञ्चमा फस्न पुग्छन् र बेचिन्छन् । यसरी बेचिन पुगेका मानिसहरू विभिन्न किसिमका शारीरिक तथा मानसिक रोगका सिकार हुन्छन् । घर फर्केपछि पनि उनीहरूले परिवार तथा समाजबाट तिरस्कृत हुनुपर्छ ।

सभाध्यक्ष महोदय, मानव बेचविखनका समस्याबाट कसरी मुक्ति पाउन सकिन्छ भन्ने विषयमा सबैले ध्यान दिन आवश्यक छ । यस किसिमको जघन्य अपराधलाई नियन्त्रण गर्न परिवारदेखि सामाजिध सङ्घसंस्था, स्थानीय निकाय र सरकारसम्मको साथ र सहयोग आवश्यक छ । मानव बेचबिखनका बारेमा सबैलाई सचेत गराउन आवश्यक छ । यसका लागि लक्षित समुदायसम्म रोजगारीमूलक शिक्षाका अवसरहरू र गरिबी निवारणका कार्यक्रमहरूको व्यवस्था गरिनुपर्छ । मानव बेचबिखनका बिरुद्ध लाग्ने व्यक्तिहरूलाई समाज तथा राज्यले प्रोत्साहन दिनुपर्छ । मानव तस्करहरूलाई सामाजिक बहिष्कार र कडा सजायको व्यवस्था गरिनुपर्छ ।

अन्त्यमा, म यति मात्र भन्छु, बेचबिखनबाट पीडित भएकाहरूको उपर्युक्त पुर्नस्थापना कार्यक्रम सञ्चालन गर्नुपर्दछ । मानव बेचबिखनका बिरुद्ध सबै एकजुट हुन सकेमा मात्र यसलाई पूर्ण रूपमा नियन्त्रण गर्न सकिन्छ भन्ने मेरो निष्कर्ष छ । मेरा

विचारहरू सुनिदिनु भएकोमा हार्दिक कृतज्ञता जाहेर गर्दै आफ्ने भनाइलाई यहीँ बिट मार्छु । धन्यवाद !

उद्घोषक : आफ्ना महत्त्वपूर्ण विचार राखिदिनुभएकोमा साथी मोहम्मद आलमलाई हार्दिक धन्यवाद दिन्छु । अब अर्का वक्ता अयोध्या पौडेललाई आफ्ना अभिमतहरू राख्नुहुन आमन्त्रण गर्दछु ।

सभाध्यक्षयज्यू, प्रमुख अतिथिज्यू, निर्णायक मण्डल, गरुवर्ग एवं साथीहरू । मानव बेचबिखन विरुद्ध हाम्रो दायित्व शीर्षकमा धारणाहरू राख्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । मानव बेचबिखन कस्तो अपराध हो र यो कसरी बढ्दै गइरहेको छ भन्ने विष्यमा पूर्ववक्ता मित्रले प्रकाश पारिसक्नु भएको छ ।यस विषयमा म धेरै चर्चा गर्न चाहान्नँ । म अन्य केही महत्त्वपूर्ण पक्षमा प्रकाश पार्ने प्रयास गर्छु । मानव बेचबिखनको बजारले मानिसहरूलाई माल सामानको रूपमा हेर्छ । यसले विभिन्न दर तथा मूल्यमा मानिसहरूको बेचबिखन गर्छ । यस किसिकका अपराधहरू विशेष गरी अविकसित तथा अल्प विकसित देशहरूमा बढी हुने गरेका छन् ।

आज हामी एक्काइसौं शताब्दीमा छौं । नेपालमा एक सय वर्ष अघि नै दास प्रथा उन्मूलन भएको थियो । संयुक्त राष्ट्र सङ्घको स्थापनासँगै संसारबाट दास प्रथा पूर्ण रूपमा उन्मूलन गर्ने घोषणा भएको हो । हामी भने लाचार भएर मानिसलाई मानिसले नै पशुलाई झैं बिक्री वितरण गर्ने अमानवीय क्रियाकलाप टुलुटुलु हेर्न विवश छौँ । आज पुरानै दास प्रथा नयाँ ढङ्गले विकसित हुँदो छ । मानव बेचबिखन र ओसारपसार एक किसिमको आधुनिक दास प्रथा नै हो । यो मानव जातिकै लागि अत्यन्त दुखद् कुरा हो ।

नेपालमा मानव बेचबिखन वेश्यात्तिमा लगाउने, श्रम शोषण गर्ने, मजदुर बनाउने र मानव अङ्गको बेचबिखन गर्ने कार्यमा मात्र सीपति छैन । लागु औषधको व्यापार गर्न, अश्लील चलचित्रमा काम गर्न र सर्कसमा काम गर्नका लागि पनि नेपालीहरू बेचिएका छन् । समस्या बिस्तारै जटिल र विकराल हुँदै गएको छ । यो तपाई हामी सबैका लागि चुनौती हो ।

मेरा विचारमा मानिसहरू बेचिनु, ठगिनु र बिचल्लीमा पर्नु त आजको समस्या हुँदै हो । त्यस्ता व्यक्तिहरूको भावी जीवन नै जोखिममा पर्नु अझ दर्दनाक समस्या हो । तिनीहरूबाट अनेक प्राण घातक रोगहरू फैलनु र समाजमा अनेक विकृति र विसङ्गति बढ्दै जानु अर्को समस्या हो । तिनीहरू विभिन्न खाले मानसिक र शारीरिक रोगले ग्रस्त भएका उदाहरण छन् । समाजमा एचआइभी एड्सको सङ्क्रमणको मूल कारण पनि यही मानव बेचबिखन र ओसारपसार नै हो । कतिपय पीडितहरू त समाजबाट बहिष्कृत समेत छन् । उनीहरूको पुर्नस्थापनाको व्यवस्था पनि अत्यन्त कमजोर देखिन्छ ।

सभाध्यक्ष महोदय, मेरा विचारम यस समस्याको मुख्य कारक चेतनाको कमी, गरिबी र बेरोजगारी नै हो । कानुन कार्यान्वयनमा फितलोपना, भ्रष्टाचार, खुला सीमा आदि नै नेपालमा यस किसिमको व्यवसाय फस्टाउँदै जानुका कारण हुन् । त्यसै गरी वैदेशिक रोजगारीप्रतिको मोह, राजनीतिक अस्थिरता र अवसरको खोजीमा सहर पस्ने प्रवृत्तिले गर्दा नेपालमा यस्ता खालका अपराध मौलाउँदै गएको पाइन्छ ।

सभाध्यक्ष महोदय, मानव बेचबिखन र ओसारपसार भीषण वा जघन्य अपराध हो । यसको नियन्त्रणका थुप्रै प्रयासहरू पनि भएका छ । कैयौं अपराधी प्रहरीको कारवाहीमा परेका छन् । पीडितका पक्षमा न्यायालयबाट निसाफ पनि नभएका होइनन् । यसका विरुद्ध संयुक्त राष्ट्र सङ्घ लगायत राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घ संस्थाहरू  जागरुक भएका छन् । यति हुँदाहुँदै पनि यो समस्या बढ्दै गएको छ । त्यसैले उक्त समस्याको पूर्ण समाधानका लागि थप संवेदनशीलता, गाम्भीर्य र प्रतिबद्धताको खाँचो देखिन्छ ।

हाम्रा शैक्षिक पाठ्क्रमहरूलाई व्यावसायिक र रोजगारमूलक बनउनु पर्छ । सरकारले पनि रोजगारी दिने कार्यक्रमहरूको तर्जुमा गर्नुपर्छ । हामी विद्यार्थीहरूबाट पनि सचेतनाका कार्यक्रमलाई अगाडि बढाउनुपर्छ । गरिबी निवारणका बारेमा स्थानीय निकायदेखि माथिल्लो तहसम्म संवेदनशील हुनुपर्छ । गैर सरकारी संस्थाहरूलाई सचेतना फैलाउने कामको जिम्मेवारी दिनुपर्छ । यसो गर्न सकियो भने यस अपराधलाई पूर्ण रूपमा नियन्त्रण गर्न पक्कै सकिन्छ । यति भन्दै म आफ्नो भनाइलाई पूर्ण विराम दिन्छु ।

उद्घोषक : अब साथी मनोज तामाङलाई यसै विषयमा आफ्ना विचारहरू राखिदिनका लागि हार्दिक अनुरोध गर्दछु ।

सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, निर्णायक मण्डल, आदरणीय गुरुवर्ग, प्रतियोगी तथा अन्य मेरा साथीहरू ।

यस वक्तृता प्रतियोगितामा भाग लिन पाउँदा खुशी लागेको छ । म मानव बेचबिखन र तिनको निराकरणका सम्बन्धमा आफ्ना विचार व्यक्त गर्छु ।

आज, विवेकशील मानिएको मानव प्राणी पशुसरह बिक्री वितरण हुँदो छ । यसभन्दा बढी दुर्भाग्यपूर्ण कुरा के हुन सक्छ र ! यस्तो स्थितिको सिर्जनाले हाम्रो समाज बढी भाक्तावाद हुँदै गएको छ । पैसामुखी प्रवृत्ति र नैनिकताको ह्रासले पनि मान्छेले मान्छेलाई बेचिरहेको स्थिति छ । अशिक्षा, गरिबी, बेरोजगार र युद्धको प्रभावले पनि मानव बेचबिखन बढ्दो छ । सम्पन्न र विपन्न राष्ट्रका बिचमा मानिसहरूको जीवन स्तरमा भएको भिन्नता पनि यस किसिमको समस्याको कारक हो ।

हाम्रो देश नेपालमा विशेष गरी गाउँबाट सहरतिर मानिसहरूको परोक्ष व्यापार हुने गरेको पाइन्छ । वैदेशिक रोजगारका नाममा कानुनका आँखा छलेर नेपालबाट प्रशस्त मानिसहरू बेचिएका छन् । यसरी बेचिएकाहरूलाई वेश्यावृत्ति, सर्कस, घरायसी कामदार, उद्योगमा श्रमिक खानीमा मजदुरका रूपमा काममा लगाउने गरेको पाइन्छ । बेचबिखनमा परेका कतिपय मानिसहरूको मिर्गौला लगायतका अङ्गहरू बेच्ने गरेका तथ्यहरू पनि हाम्रा सामुन्ने नै छन् ।

कुनै पनि समस्याले समाधान आफैँ बोकेर आएको हुन्छ भनिन्छ । त्यस्तै मानव बेचबिखनको समस्या पनि कुनै प्राकृतिक समस्या होइन । यो नितान्त मानव समाजबाट सिर्जित समस्या हो । त्यसैले यसको समाधान पनि हामी सबै तह र तप्काका मानिसले नै मिलेर गर्नुपर्छ । यसका लागि राज्यका संयन्त्रलाई सशक्त बनाइनुपर्छ । शिक्षा र चेतनाका लहरहरू हाम्रा हरेक बस्तीमा पुग्नुपर्छ । विद्यार्थीहरू पनि चेतना विस्तारका संवाहकहरू हुन् । त्यसैले यस किसिमको निकृष्ट मानवताहीन कार्यका विरुद्ध सक्रिय हुन सम्पूर्ण विद्यार्थीलाई आह्वान गर्छु ।

उद्घोषक : अब आजको प्रतियोगिताका अन्तिम वक्ताका रूपमा आफ्ना विचारहरू राखिदिनका लागि साथी रमा सापकोटालाई अनुरोध गर्दछु ।

यस गरिमामय सभाका सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, निर्णायक मण्डल आदरणीय गुरुवर्ग तथा साथीहरू !

सर्वप्रथम मैले यस वक्तृता प्रतियोगितामा भाग लिने अवसर पाएकोमा आयोजकप्रति हार्दिक आभार व्यक्त गर्दछु । पूर्ववक्ता साथीहरूले मानव बेचबिखन र ओसारपसार कार्यका सम्बन्धमा आफ्ना विचारहरू राखिसक्नु भएको छ । म भने मानव बेचबिखन र ओसारपसारको व्यापारले नेपाल र विश्व परिवेशमा पारेको प्रभावतर्फ सबैको ध्यान केन्द्रित गराउन चाहान्छु ।

मानव बेचबिखनको दायरा वा क्षेत्रका आधारमा हेर्दा यसका दुई वटा प्रकार छन्, देशभित्रै गरिने र एक देशबाट अर्को देशमा गरिने बेचबिखन । हिजोआज त राज्यले कामदार पठाउन प्रतिबन्ध लगाएका मुलुकमा पनि कानुनको आँखा छलेर र अर्कै देशको बाटो बनाएर पनि मानिसहरूको बेचबिखन भइरकेको छ । यस तर्फ पनि सबैको ध्यान जान आबश्यक छ ।

मानव बेचबिखन जस्तो विवेकहीन कार्य किन हुन्छ र कसरी गरिन्छ त ? यस पेसालाई मलजल गर्ने काम विशेष गरी पैसा र पदको दुरुपयोग गर्नेहरूले नै बढी मात्रामा गरेको देखिन्छ । आफ्नै चिनजान र नातागोताकै मान्छेबाट पनि विश्वासघात गरी यस किसिमको अपराध गर्दै आएको पनि पाइन्छ । समग्रमा भन्ने हो भने आर्थिक लाभका लागि र्‍याल चुहाउनेहरूले नै यस किसिमका अमानवीय कार्य गरेका छन् ।

सभाध्यक्षज्यू, मानव बेचबिखन र ओसारपपसार समस्याको समाधानका लागि केही सुझाव राख्न चाहन्छु । यस अपराधलाई नियन्त्रण गर्न सर्वप्रथम कानुनी प्रावधान बलियो बनाउनुपर्छ र भएको कानुनको उचित कार्यान्वयन हुनुपर्दछ । त्यसैले वर्तमान कानुनमा रहेका कमजोरी सुधार गर्नु पर्छ । आवश्यक परे नयाँ कानुन पनि बनाउनुपर्छ, यस्तो अपराधको सुइँको पाएर सूचना दिने हरेक नागरिकलाई सम्मान गर्न पछि पर्नु हुँदैन । यसमा राज्यको मुख्य भूमिका हुन्छ । नागरिकहरूले राज्यलाई सहयोग गर्नुपर्छ । त्यसै गरी यस समस्याबाट मुक्ति पाउने अर्को पक्ष सचेतना अभियान नै हो । विद्यालय तहका पाठ्यपुस्तकबाटै सचेतना अभियान सुरु गर्नुपर्छ । यसमा समाजक सबै सचेत वर्गले सहयोग गर्नुपर्छ । यसमा सञ्चार माध्यमहरूको ठूलो भूमिका हुन्छ । सरकारी तथा गैर सरकारी

सङ्घ संस्थाहरू सक्रिय हुनुपर्छ । अहिलेको एक्काइसौं शताब्दीको युगमा मान्छेले मान्छेलाई नै बेच्ने जस्तो विचित्रको अवस्थाबाट जनताले मुक्ति पाउनुपर्छ ।

मानव बेचबिखनबाट पीडित मानिसहरूलाई उपयुक्त क्षतिपूर्ति दिलाउने काम सुरु गर्नुपर्छ । पीडिलहरूलाई पुनर्स्थापनाका लागि आवश्यक योजनाहरू ल्याउनुपर्छ । रोजगारीको अवसर दिलाउनुपर्छ । पारिवारिक पुनर्मिलन गराउने र समाजमा समायोजन गराउने जस्ता कार्यहरूमा जोड दिनुपर्छ । हरेक सचेत मानिसले मानव बेचबिखन जस्तो अमानवीय दुष्कार्यका विरुद्ध लाग्नुपर्छ । अन्त्यमा परिवर्तन आफैँबाट सुरु गर्नुपर्छ भन्छि । यस अर्थमा म पनि एक सचेत विद्यार्थीका नाताले मानव बेचबिखन विरुद्धको अभियानमा आजैदेखि सक्रिय रहने प्रण गर्दछु । म मेरो घर परिवारबाटै सचेतना अभिवृद्धि कार्यको शुभारम्भ गर्ने छु । साथै महाअभियानमा सधैँ सक्रिय रहने छु । यही वचनबद्धतसहित आफ्नो मन्तव्य यहीँ टुङ्ग्याउँछु । धन्यवाद !

उद्घोषक : आजको वक्तृत्व प्रतियोगिता यहीँ सकिन्छ । अब केही क्षणपछि निर्णायक मण्डलबाट निर्णय सुनाउनुका साथै सभाध्यक्षज्यूबाट मन्तव्यसहित सभ विसर्जन हुने छ । म उद्घोषक सुमन मिजार बिदा हुन्छु । यहाँहरू सबैलाई हार्दिक धन्यवाद !

# व्यक्तिवृत्त



नाम : मञ्जु भुजेल

ठेगाना : पाँचखाल-९, काभ्रेपलाञ्चोक

पिताको नाम : कान्छा भुजेल

माताको नाम : सीता भुजेल

लिङ्ग : महिला

धर्म : हिन्दु

राष्ट्रियता : नेपाली

मेल : manamanju98@gmail.com

## शैक्षिक योग्यता

| क्र.स. | तह | उर्तीण वर्ष | संस्था |
|---|---|---|---|
| १ | एस.एल.सी | २०६३ | आजाद मा.वि. वालुवा, काभ्रेपलाञ्चोक |
| २ | प्रमाणपत्र | २०६६ | आजाद उ.मा.वि वालुवा, काभ्रेपलाञ्चोक |
| ३ | स्नातक | २०६९ | सर्वमंगला बहुमुखी क्याम्पस पाँचखाल, काभ्रेपलाञ्चोक |
| ४ | स्नातकोत्तर | २०७३ | विश्वविद्यालय क्याम्पस, कीर्तिपुर |